**अनुसूची- २**

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

**पथरी शनिश्चरे नगरपालिका**

# स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्डः ४ | संख्याः १ | मितिः २०७७/०२/२५ |

**भाग-२**

# पथरी शिश्वरे नगरपालिका वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण गर्ने सम्बन्धमा बनेको नियमावली, २०७७

कार्यपालिकाद्वारा स्वीकृत मितिः २०७७/०२/२५

**प्रस्तावना** :

पथरी शनिश्चरे नगर पालिका वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण गर्ने सम्बन्धमा बनेको ऐन, २०७६ को दफा ६६ ले दिएको अधिकार प्रयोग गरी पथरी शनिश्चरे नगर कार्यपालिकाले देहायका नियमहरु वनाएको छ ।

## परिच्छेद–१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "पथरी शनिश्चरे नगरपालिका वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण गर्ने सम्बन्धमा बनेको नियमावली, २०७७" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा, –

(क) "**ऐन**" भन्नाले पथरी शनिश्चरे नगरपालिका वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण गर्ने सम्बन्धमा बनेको ऐन, २०७६ सम्झनुपर्छ ।

(ख) "**कार्यसूची**" भन्नाले प्रतिवेदन तयार गर्नको लागि नियम ५ बमोजिम स्वीकृत कार्यसूची सम्झनुपर्छ ।

(ग) "**निरीक्षक**" भन्नाले ऐनको दफा १७ बमोजिमको वातावरण निरीक्षक सम्झनुपर्छ ।

(घ) "**प्रयोगशाला**" भन्नाले ऐनको दफा १५ बमोजिम स्थापना गरिएको वा तोकिएको प्रयोगशाला सम्झनुपर्छ ।

(ङ) "**सञ्चालक समिति**" भन्नाले नियम ३४ बमोजिम गठन भएको कोष सञ्चालक समिति सम्झनुपर्छ ।

(च) "**क्षतिपूर्ति**" भन्नाले नियम ४० बमोजिमको क्षतिपूर्ति सम्झनुपर्छ ।

(छ) "**क्षेत्र**" भन्नाले वातावरणीय प्रभाव मूल्याङ्कन गर्नका लागि नियम ४ बमोजिम निर्धारण गरिएको क्षेत्र सम्झनुपर्छ ।

## परिच्छेद–२

## वातावरणीय अध्ययन सम्वन्धी ब्यवस्था

३. **वातावरणीय संरक्षण गर्नुपर्नेः** (१) ऐनको दफा ३ को उपदफा (१) अनुसार प्रस्तावकले अनुसूची-१ मा उल्लेख भएका प्रस्तावहरुको वातावरण संरक्षण अध्ययन गर्ने, अनुसूची-२ मा उल्लेख भएका प्रस्तावहरुको प्रारम्भिक वातावरणीय परीक्षण र अनुसूची-३ मा उल्लेख भएका प्रस्तावहरुको वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्नेछ ।

(२) नगरक्षेत्र भित्र पर्ने विकास निर्माण सम्वन्धी कार्य वा आयोजना वा कार्यक्रमसँग सम्वन्धित अनुसूची-१ र अनुसूची-२ बमोजिमको प्रस्ताव भए स्वीकृतिको

लागि नगर कार्यपालिका वा  नगरक्षेत्रभित्र नपर्ने विकास निर्माण सम्वन्धी अनुसूची-३ बमोजिमको क्षेत्रसँग सम्वन्धित प्रस्ताव भए प्रदेश तथा संघिय मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(३) नगरको अधिकारक्षेत्र भित्र पर्ने विकास निर्माण सम्वन्धी कार्य वा आयोजना वा कार्यक्रमको प्रस्ताव भए अनुसूची-१ र अनुसूची-२ का क्षेत्रसँग सम्वन्धित प्रस्तावको वातावरणीय संरक्षण अध्ययन र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको स्वीकृतिका लागि नगरको कानूनले तोकेको निकाय समक्ष र अनुसूची-३ मा उल्लेख भएका क्षेत्रसँग सम्वन्धित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृतिको लागि ऐनको दफा ४ मा उल्लेखित प्रकृया पूरा गरी प्रदेश तथा संघिय मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपनियम (२) र (३) बमोजिम मन्त्रालय वा सम्वन्धित निकायले स्वीकृत गर्ने  बहुउद्देश्यीय आयोजना समावेश भएको एकीकृत प्रस्तावको लागि प्रस्तावकले प्रस्तावको प्रत्येक आयोजनासँग सम्वन्धित नगर तथा प्रदेश सरकारको मन्त्रालयको राय समावेश गरी प्रस्ताव पेश गर्नु पर्नेछ।

(५) प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा अनुसूची-४ बमोजिमको ढाँचामा सार्वजनिक सुनुवाई प्रतिवेदन समेत समावेश गर्नु पर्नेछ ।

४. **वातावरण बिशेष  क्षेत्र निर्धारण गर्नुपर्ने**: (१) ऐनको दफा ४ बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने कुनै प्रस्तावको सम्वन्धमा प्रस्तावकले प्रस्ताव कार्यान्वयन हुने स्थानीय क्षेत्र तथा त्यस क्षेत्रका शैक्षिक संस्था, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थालाई सो प्रस्तावको कार्यान्वयनबाट पर्न सक्ने प्रभावको सम्वन्धमा दश दिन भित्र लिखित सुझाव दिनको लागि सम्वन्धित स्थानीय क्षेत्र तथा त्यस क्षेत्रका शैक्षिक संस्था, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थामा अनुसूची-५ मा तोके बमोजिमको ढाँचामा सूचना टाँस गरी मुचुल्का तयार गर्नु पर्नेछ र सोही बमोजिमको दश दिने सूचना राष्ट्रिय स्तरको कुनै एक दैनिक समाचारपत्रमा समेत प्रकाशन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको सूचना प्रकाशित भएपछि सो सम्वन्धमा कसैको राय सुझाव भए त्यसरी सूचना प्रकाशन भएको मितिले दश दिनभित्र सम्वन्धित प्रस्तावक वा सम्वन्धित निकायलाई आफ्नो राय सुझाव दिन सकिनेछ ।

(३) उपनियम (२) बमोजिम प्राप्त राय सुझाव समेत संलग्न गरी प्रस्तावकले सो प्रस्तावको कार्यान्वयनबाट वातावरणमा के कस्तो प्रभाव पर्दछ सो समेत उल्लेख गरी अनुसूची-३ मा उल्लेख भएका क्षेत्रसँग सम्वन्धित प्रस्तावका लागि अनुसूची-६

बमोजिमको ढाँचामा क्षेत्र निर्धारणको प्रतिवेदन तयार गरी सम्वन्धित निकाय समक्ष निवेदन दिनु पर्नेछ

(४) नगरक्षेत्रको अधिकारक्षेत्र भित्र पर्ने अनुसूची-३ मा उल्लेख भएका क्षेत्रसँग सम्वन्धित प्रस्तावका हकमा अनुसूची-६ बमोजिमको ढाँचामा क्षेत्र निर्धारणको प्रतिवेदन तयार गरी नगरमा निवेदन दिनु पर्नेछ ।

(५) उपनियम (३) र (४) बमोजिम निवेदन सहितको प्राप्त क्षेत्र निर्धारण प्रतिवेदन उपर जाँचबुझ गर्न सम्वन्धित नगरले प्रस्ताव बमोजिमको मूल्याङ्कन तथा सिफारिस समिति गठन गर्नु पर्नेछ र सोही समितिले वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने सम्वन्धित प्रस्तावको कार्यसूची र प्रतिवेदनको मूल्याङ्कन तथा सिफारिस समेत गर्नेछ ।

(६) उपनियम (५) बमोजिमको समितिले मूल्याङ्कन गरी सिफारिस गरेका आधारमा नगरले राय सहितको प्रतिवेदन स्वीकृतिका लागि सिफारिस सहित नगर कार्यपालिकामा पठाउनु पर्नेछ ।

(७) उपनियम (६) बमोजिम क्षेत्र निर्धारणका लागि सिफारिस सहितको प्रतिवेदन प्राप्त भएमा नगरमा गठित मूल्याङ्कन तथा सिफारिस समितिको सिफारिसका आधारमा नगर कार्यपालिकाले प्रस्तावित वा संशोधित रुपमा नगर कार्यपालिकाको राय समेत समावेश गरी ऐनको दफा ६ को उपदफा (२) मा तोकिएको अवधिभित्र क्षेत्र निर्धारणको प्रतिवेदन स्वीकृत गर्नेछ ।

५. **<u>सम्पदाको संरक्षण गर्नुपर्ने</u>** : (१)पथरी शनिश्चरे नगरपालिकाक्षेत्रभित्र रहेका सम्पदाको संरक्षण गर्नु नगरपालिका, नगरवासी र सम्बन्धित निकायको कर्तव्य हुनेछ।

(२) सम्पदाको संरक्षणका लागि नगर कार्यपालिकाले सरकारी तथा समुदायसँग समन्वय तथा साझेदारी गर्न सक्नेछ।

६. **<u>वातावरणीय अध्ययन गर्नुपर्ने</u>:** (१) ऐनको दफा ६ को उपदफा (२) अनुसार स्थानीय तहको अधिकारक्षेत्र भित्र पर्ने विषयसँग सम्बन्धित विकास निर्माण सम्बन्धी कार्य वा आयोजना सम्बन्धी प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय प्रतिवेदन स्वीकृतिको अनुसूची-१ र अनुसूची-२ मा उल्लेख भएका क्षेत्रसँग सम्वन्धित प्रस्तावको प्रतिवेदन तयारीको लागि क्रमशः अनुसूची-७ र अनुसूची-८ बमोजिमको ढाँचामा कार्यसूची वनाई नगरपालिका समक्ष संक्षिप्त वतावरणीय अध्ययन र प्रारम्भिक वातावरणीय परीक्षणसँग सम्वन्धित प्रस्तावको प्रतिवेदन तयारीको लागि नगरपालिका समक्ष कार्यसूची पेश गरी स्वीकृत गराउनु पर्नेछ।

(२) प्रदेश र संघिय तहको अधिकारक्षेत्र भित्र पर्ने अनुसूची-३ बमोजिमको क्षेत्रसँग सम्वन्धित प्रस्तावको हकमा प्रस्तावकले सोको प्रतिवेदन तयारीको लागि नियम ४ बमोजिम प्रदेश तथा संघिय मन्त्रालयले स्वीकृत गरेको क्षेत्र निर्धारण प्रतिवेदनको आधारमा अनुसूची-९ बमोजिमको ढाँचामा कार्यसूची वनाई सम्वन्धित निकाय समक्ष निवेदन दिनु पर्नेछ ।

(३) नगरले नियम ४ को उपनियम (५) बमोजिमको समितिद्वारा मूल्याङ्कन गराई उक्त समितिले सिफारिस गरेको आधारमा नगर कार्यपालिकाले राय सहित स्वीकृत गराउनु पर्नेछ ।

तर, कुनै प्रस्तावकले वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने प्रस्तावको प्रतिवेदन तयारीको लागि नियम ४ बमोजिमको क्षेत्र निर्धारण प्रतिवेदन र कार्यसूची बनाई एकै पटक पठाएमा नगरले राय समावेश गरी क्षेत्र निर्धारण प्रतिवेदन र कार्यसूची स्वीकृत गर्न सक्नेछ ।

(४) उपनियम (३) बमोजिम कार्यसूची स्वीकृत गर्दा प्रस्तावको प्रकृति अनुसार नगरले नियम ४३ बमोजिम गठित मूल्याङ्कन तथा सिफारिस समितिको सिफारिसका आधारमा त्यस्तो कार्यसूचीलाई पुनरावलोकन गरी प्रस्तावित वा संशोधित रुपमा ऐनको दफा ६ को उपदफा (२) मा तोकिएको अवधिभित्र स्वीकृत गर्न सक्नेछ ।

७. **<u>मापदण्ड एवं गुणस्तर कायम गर्नपर्नेः</u>** (१) ऐनको दफा ७ को उपदफा (१) अनुसार नेपाल सरकारले निर्धारण गरेको मापदण्ड एवं गुणस्तर कायम हुने गरी प्रस्तावकले अनुसूची-१० मा तोकिए बमोजिमको विज्ञ रहेको परामर्शदाताबाट वातावरणीय अध्ययन प्रतिवेदन तयार गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको मापदण्ड एवं गुणस्तर कायम नभएको पाइएमा नगरले ऐनको दफा ६ को उपदफा (६) बमोजिम थप वातावरणीय अध्ययन गर्नु पर्ने देखिएमा पुन वातावरणीय मूल्यांकन गराउन सक्नेछ ।

(३) प्रस्तावसँग सरोकार राख्ने नगरले क्षेत्र निर्धारण प्रतिवेदन, कार्यसूची र वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन सम्वन्धित निकाय समक्ष पठाउँदा उक्त प्रतिवेदनहरु हेरी जाँची परिमार्जन गर्नुपर्ने भएमा सो समेत गराई सोको पुष्ट्याई समेत संलग्न गरी सिफारिस साथ पठाउनु पर्नेछ ।

(४) ऐनको दफा ७ विपरित नेपाल सरकारले निर्धारण गरेको मापदण्ड एवं गुणस्तर पालना नगरी परामर्शदाताले प्रतिवेदन पेश गरी प्रस्तावकलाई क्षति पुगेमा के कस्तो क्षति पुग्न गएकोले कति क्षतिपूर्ति भराउन चाहेको हो सो व्यहोरा खुलाई सम्वन्धित प्रस्तावकले नगर समक्ष निवेदन दिन सक्नेछ ।

(५) उपनियम (४) बमोजिम कुनै निवेदन प्राप्त भएमा पन्ध्र दिन भित्र सो निवेदनका विषयमा निर्णय गर्न नगरले आवश्यकता अनुसार सम्वन्धित प्रस्तावक समेतको संलग्नता रहने गरी सम्वन्धित विज्ञहरु रहेको एक जाँचबुझ समिति गठन गर्न सक्नेछ ।

(६) उपनियम (५) बमोजिम गठित समितिले जाँचबुझ गरी प्रस्तावकलाई पुग्न गएको क्षतिको किसिम, परिमाण, असर र प्रभावको यकिन गरी कस्तो प्रकारको क्षति भराउनु पर्ने हो सो समेत खुलाई पन्ध्र दिन भित्रमा नगरमा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(७) उपनियम (६) बमोजिम पेश हुन आएको प्रतिवेदनका आधारमा नगरले साठी दिन भित्र प्रस्तावकलाई क्षतिपूर्ति रकम भराउन परामर्शदातालाई आदेश दिनु पर्नेछ ।

८. **<u>वातावरणीय व्यवस्थापन योजना तयार गर्नुपर्नेः</u>** (१) प्रस्तावकले नियम ५ बमोजिम स्वीकृत भएको कार्यसूचीका आधारमा संक्षिप्त वातावरणीय अध्ययनको लागि अनुसूची-११, प्रारम्भिक वातावरणीय परीक्षणको लागि अनुसूची-१२ र कार्यसूची र क्षेत्र निर्धारणका आधारमा वातावरणीय प्रभाव मूल्याङ्कनको लागि अनुसूची-१३ बमोजिमको ढाँचामा प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्रतिवेदन तयारीको सिलसिलामा प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने प्रस्तावको सम्वन्धमा प्रस्ताव कार्यान्वयन हुने स्थानिय क्षेत्र तथा त्यस क्षेत्रका शैक्षिक संस्था, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थालाई सो प्रस्तावको कार्यान्वयनबाट पर्न सक्ने प्रभावको सम्वन्धमा दश दिन भित्र लिखित सुझाव दिनको लागि सम्वन्धित स्थानिय क्षेत्र तथा त्यस क्षेत्रका शैक्षिक संस्था, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थामा अनुसूची -१४ मा तोके बमोजिमको सूचना टाँस गरी मुचुल्का तयार गर्नु पर्नेछ र सोही बमोजिमको दश दिने सूचना राष्ट्रिय दैनिक वा स्थानीय पत्रिकामा समेत प्रकाशन गर्नुपर्ने छ ।

(३) उपनियम (२) बमोजिमको सूचना प्रकाशित भएपछि सो सम्वन्धमा कसैको राय सुझाव भए त्यसरी सूचना प्रकाशन भएको मितिले दश दिन भित्र सम्वन्धित प्रस्तावक वा निकायलाई आफ्नो राय सुझाव दिन सकिने छ । सो सम्वन्धमा कुनै राय सुझाव प्राप्त हुन आएमा उक्त राय सुझाव समेतलाई प्रतिवेदनमा सम्बोधन गर्नु पर्नेछ ।

(४) प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदन तयारीको सिलसिलामा प्रस्तावकले प्रस्ताव कार्यान्वयन हुने प्रभावित क्षेत्रमा प्रस्तावको बारेमा सार्वजनिक सुनुवाईको आयोजना गरी राय सुझाव संकलन गर्नु पर्नेछ । त्यस्तो सार्वजनिक सुनुवाईको उपस्थिति र निर्णयको अभिलेख, तस्विर तथा श्रब्यदृष्य सामग्री प्रतिवेदनमा संलग्न गर्नु पर्नेछ । सार्वजनिक सुनुवाई गर्दा प्रस्तावकले प्रभावित स्थानीय समुदाय,

स्थानीय कानून संग्रह ...

आदिवासी जनजाती, धार्मिक समुदाय, वन उपभोक्ता समूह र स्थानीय तहका निर्वाचित पदाधिकारीहरुलाई समेत सहभागी गराउनु पर्नेछ ।

(५) सार्वजनिक सुनुवाईमा प्रस्तावको कार्यान्वयनबाट प्रभावित हुने जनसमुदायलाई बढी भन्दा बढी सहभागी गराउनु पर्नेछ । त्यस्तो प्रस्तावको कार्यान्वयनबाट सवभन्दा बढी प्रभावित हुने जोखिममा रहेका जनसमुदायहरुको आवाज आउन नसक्ने अवस्थाको सिर्जना भएमा लक्षित समूह छलफल गराई सार्वजनिक सुनुवाई समेत गर्नु पर्नेछ ।प्रस्तावकले विकास आयोजनाले समेट्ने क्षेत्रको आधारमा एकभन्दा बढी स्थानमा समेत सार्वजनिक सुनुवाईको आयोजना गर्नु पर्नेछ । प्रस्तावकले प्रस्तावको वातावरणीय प्रभावको विषयमा सार्वजनिक सुनुवाईको समय, स्थान र विषयमा प्रचारप्रसार गर्न स्थानीय सञ्चार माध्यम (स्थानीय पत्रिका, रेडियो, एफ.एम., सार्वजनिक सूचना टाँस) को प्रयोग गर्नु पर्नेछ ।

(६) संक्षिप्त वातावरणीय अध्ययन र प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने कुनै प्रस्तावको हकमा कार्यसूची स्वीकृत भएको र वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने कुनै प्रस्तावको हकमा क्षेत्र निर्धारण र कार्यसूची स्वीकृत भई सकेको दुई बर्षभित्र सो सम्वन्धी प्रतिवेदन तयार गरी स्वीकृतिको लागि प्रदेश तथा संघिय मन्त्रालय वा सम्वन्धित निकाय समक्ष  र नगरको अधिकारक्षेत्रसँग सम्वन्धित प्रस्तावको हकमा स्थानीय कानूनले तोकेको पथरी शनिश्चरे नगरपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(७) उपनियम (६) बमोजिम तोकिएको दुई बर्षको समयावधिमा प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन पेश हुन नसकेमा यस नियमावलीमा भएको व्यवस्था अनुरुप क्षेत्र निर्धारण प्रतिवेदन र कार्यसूची पुनः स्वीकृत गराउनु पर्नेछ ।

तर विशेष परिस्थिति सिर्जना भई उल्लेखित दुई बर्षभित्र प्रतिवेदन स्वीकृतिका लागि पेश हुन नसक्ने अवस्थामा वातावरणीय अध्ययन स्वीकृत गर्ने निकाय समक्ष लिखित निवेदन प्राप्त भएमा औचित्यको आधारमा त्यस्तो निकायले एक बर्ष अवधि थप गर्न सक्नेछ ।

(८) कुनै प्रस्तावको क्षेत्र निर्धारण प्रतिवेदन र कार्यसूची स्वीकृत भई वातावरणीय मूल्याङ्कन प्रतिवेदन पेश भई नसकेको अवस्थामा सो प्रस्तावको प्रभावित क्षेत्र बाहेक कुनै विषयमा परिवर्तन आउने भएमा परिवर्तन हुने विषय र त्यस्को प्रभावलाई समेत प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदन गर्नु पर्नेछ र त्यसरी थप गरिएको विषयवस्तु समेत समावेश गरी क्षेत्र निर्धारण प्रतिवेदन र कार्यसूची समेत संशोधन गर्नु पर्नेछ ।



वातावरण संरक्षण नियमावली २०७७

९. **<u>प्रस्ताव स्वीकृत नगराई कार्यान्वयन गर्न नहुने</u>**:(१) यो ऐन प्ररम्भ भएपछि कसैले पनि नगरपालिकाले तोके बमोजिम प्रस्ताव स्वीकृत नगराई कार्यान्वयन गर्न गराउनु हुँदैन प्रस्तावकले नियम ७ बमोजिम तयार भएको प्रतिवेदन ऐनको दफा ६ को उपदफा (२), उपदफा (३) र उपदफा (५) बमोजिम नगर कार्यपालिकामा स्वीकृतिका लागि पेश गर्दा सार्वजनिक सुनुवाई सम्पन्न भएको मिति पश्चात देहाय बमोजिमका कागजात संलग्न राखी पेश पर्नेछः

(क) नियम ७ को उपनियम (२) बमोजिमको सूचना टाँसको कागजात, सूचना टाँसको मुचुल्का र सूचना प्रकाशित राष्ट्रिय दैनिक तथा स्थानीय दैनिक पत्रिका,

(ख) सूचना उपर कसैको राय सुझाव प्राप्त भएको भए वा नभएको सम्वन्धमा जानकारी गराएको कागजात,

(ग) नियम ७ को उपनियम (४) बमोजिम सार्वजनिक सुनुवाई भएको प्रमाणित गर्ने कागजात र निर्णय सहितको अनुसूची-४ बमोजिमको प्रतिवेदन,

(घ) संक्षिप्त वातावरणीय अध्ययन र प्रारम्भिक वातावरणीय परीक्षणको प्रतिवेदन भए स्वीकृत कार्यसूचीको प्रतिलिपी र वातावरणीय प्रभाव मूल्याङ्कन भए स्वीकृत कार्यक्षेत्रगत प्रतिवेदन र कार्यसूचीको प्रतिलिपी,

(ङ) वातावरणीय अध्ययन प्रतिवेदन तयारीमा संलग्न रहेका विषयविज्ञको योग्यता प्रमाणित गर्ने प्रमाणित कागजात सहितको वैयत्तिक विवरण,

(च) वातावरणीय अध्ययन प्रतिवेदन तयारीमा संलग्न रहेका विज्ञहरुको हस्ताक्षर भएको परामर्शदार्ताको Declaration पत्र,

(छ) अनुसूची-१५ बमोजिमको ढाँचामा सम्वन्धित क्षेत्र र सरोकार राख्ने विषयगत कार्यालयको सिफारिस पत्र ।

(२) नगरले नियम ८ बमोजिम संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन प्राप्त भएमा नियम ४३ को उपनियम (१) को खण्ड (क) बमोजिम गठित समितिले ऐनको दफा ६ बमोजिम अध्ययन गर्नेछ र अध्ययन गर्दा त्यस्तो प्रस्तावले वातावरणमा प्रतिकूल प्रभाव पार्ने नदेखिएमा संक्षिप्त वातावरणीय अध्ययन मात्र गरे हुने प्रस्तावको सम्वन्धमा ऐनको दफा ६ को उपदफा (३) प्रस्तावकले उपदफा (२) बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन पेश गर्दा त्यस्तो प्रस्ताव कार्यान्वयन गर्ने क्रममा वातावरणमा पर्नसक्ने प्रतिकूल प्रभाव र त्यसको न्यूनिकरणको लागि अपनाउन सकिने विभिन्न विकल्पहरूको विस्तृत विष्लेषण गरी त्यस्ता विकल्प मध्ये प्रस्ताव कार्यान्वयन गर्न उपयुक्त हुने विकल्प र सो विकल्प कार्यान्वयन गर्न सकिने आधार र कारण

सहित सिफारिस गर्नुपर्नेछ र त्यसरी सिफारिस प्राप्त भएमा तत्काल नगरले प्रतिवेदन स्वीकृत गर्नु पर्नेछ ।

(३) नगरमा नियम ८ बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन प्राप्त भएमा नियम ४३ को उपनियम (१) को खण्ड (क) बमोजिम गठित समितिले ऐनको दफा ६ बमोजिम जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा त्यस्तो प्रस्तावले वातावरणमा प्रतिकूल प्रभाव पार्ने नदेखिएमा प्रारम्भिक वातावरणीय परीक्षण मात्र गरे हुने प्रस्तावको सम्वन्धमा ऐनको दफा ६ को उपदफा (५) उपदफा (२) बमोजिम प्राप्त वातावरणीय अध्ययन प्रतिवेदन जाँचबुझ गर्दा त्यस्तो प्रस्ताव कार्यान्वयनबाट वातावरणमा प्रतिकूल प्रभाव पार्ने नदेखिएमा नगर कार्यपालिकाले आवश्यकता अनुसार प्रस्तावकले पालना गर्नुपर्ने शर्त तोकि त्यस्तो वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्नेछ।

(४) मा तोकिएको अवधिमा मन्त्रालय वा सम्वन्धित निकायमा स्वीकृतिको लागि सिफारिस गर्नेछ र त्यसरी सिफारिस प्राप्त भएमा तत्काल मन्त्रालय वा सम्वन्धित निकायले प्रतिवेदन स्वीकृत गर्नु पर्नेछ ।

(५) नियम ४३ को उपनियम (१) बमोजिम गठन भएको समितिको कार्य सञ्चालन गर्दा लाग्ने सम्पूर्ण खर्च प्रस्तावकले व्यहोर्नु पर्नेछ ।

(६) ऐनको दफा ६ को उपदफा (५) बमोजिम तोकिएको अवधिभित्र विशेष कारण परी प्रतिवेदन स्वीकृत गर्न नसकेमा उक्त समय समाप्त भएको मितिले पन्ध्र दिन भित्र प्रतिवेदन स्वीकृत गर्नेछ ।

**१०.<u>प्रस्ताव सम्बन्धी अन्य व्यवस्था</u>** : (१)वातावरणीय प्रभाव मूल्यांकन हुने प्रस्तावहरु सम्बन्धी ऐन प्रचलित संघीय तथा प्रादेशिक कानून बमोजिम हुनेछ ।

(२)संघीय तथा प्रादेशिक कानून बमोजिम वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धमा सम्बन्धित संघीय तथा प्रादेशिक निकायसँग समन्वय गर्ने जिम्मेवारी पथरी शनिश्चरे नगरपालिकाको **[विपत ब्यबस्थापन तथा वातावरण शाखा]** को हुनेछ ।

**११.** **<u>रोक लगाउन सक्ने</u>**:(१)कसैले पनि यस ऐन र प्रचलित कानूनले तोके वमोजिमको निकायवाट स्वीकृति नलिई वा स्वीकृति भए भन्दा विपरीत हुने गरी कार्यान्वयन गरेमा नगर कार्यपालिकाले त्यस्तो प्रस्ताव कार्यान्वयनमा रोक लगाउन वा रोक लगाउनको लागि प्रदेश सरकार तथा संघीय मन्त्रालय वा स्वीकृत गर्ने निकायमा सिफारिस गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै प्रस्ताव कार्यान्वयन गर्न रोक लगाइएकोमा त्यसरी रोक लगाइएको कारणबाट क्षति पुग्न गएमा प्रस्तावकले सो बापत कुनै किसिमको क्षतिपुर्तिको लागि दाबी गर्न पाउने छैन ।

१२. **<u>अनुकूलन योजना बनाउन सक्ने</u>**: (१)जलवायु परिवर्तनको प्रतिकूल असर न्यूनिकरण र सम्भावित जोखिमबाट बच्नका लागि नगर कार्यपालिकाले अनुकूलन योजना बनाई कार्यान्वयन गर्नसक्नेछ।

(२)उपदफा (१) बमोजिमको अनुकुलन योजना बनाउँदा जलवायू परिवर्तनको असरवाट वढी जोखिममा पर्ने महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागरिक र आर्थिक रुपमा विपन्न समुदायलाई विशेष प्राथमिकता दिनुपर्नेछ।

(३)नगर कार्यपालिकाले विकास आयोजना तर्जुमा गर्दा जलवायू परिवर्तनको प्रतिकूल असर तथा जोखिमको व्यवस्थापन गर्ने प्रयोजनको लागि नेपाल सरकारले निर्धारण गरेको मापदण्ड बमोजिम प्राथमिकीकरण गर्नुपर्नेछ।

१३. **<u>हरितगृह ग्याँस उत्सर्जन न्यूनिकरण कार्यहरू गर्न सक्ने</u>** : (१) पथरी शनिश्चरे नगरपालिकाले हरितगृह ग्याँस उत्सर्जन न्यूनिकरण गर्न आवश्यक कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(२) न्यूनिकरण सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

१४. **<u>प्रदुषण रोकथाम तथा नियन्त्रण गर्ने</u>**:(१) प्रदुषण नियन्त्रणका सम्वन्धमा ऐनको दफा १४ बमोजिम अनुसूचि २० को ढाँचामा प्रमाण-पत्र उपलब्ध गराउनुपर्नेछ साथै नगरले प्रकाशन गरेको मापदण्डका अतिरिक्त निम्न व्यवस्थाहरु अबलम्बन गर्नु पर्नेछः

(क) प्रदुषण नियन्त्रणका लागि नगरले स्थानिय राजपत्रमा सूचना प्रकाशन गरी कुनै स्थान विशेष तोकी निश्चित पदार्थ, इन्धन, औजार, यन्त्र वा उपकरणको प्रयोग वा वातावरणमा प्रतिकूल प्रभाव पार्ने अन्य कृयाकलापहरुमा रोक लगाउन सक्नेछ ।

(ख) नगरले स्थानिय राजपत्रमा सूचना प्रकाशन गरी कुनै निश्चित पदार्थको आयात तथा प्रयोगमा परिमाणात्मक बन्देज समेत लगाउन सक्नेछ ।

(ग) प्रदुषण न्यूनीकरण गर्न सघाउ पुऱ्याउने वैकल्पिक पदार्थ, इन्धन, औजार, यन्त्र वा उपकरणको प्रयोगका लागि नगरले आवश्यक कारवाही गर्न सक्नेछ ।

(घ) फोहोरमैला नियन्त्रणका सम्वन्धमा नगरले फोहोरमैलाको प्रकृति अनुसार कुहिने, पुनः प्रयोग गर्न सकिने, पुनः चक्रण गर्न सकिने र जोखिमपूर्ण पदार्थको रुपमा वर्गीकरण गरी त्यसको उचित व्यवस्थापन गर्नु पर्नेछ ।

(ङ) कुनै व्यक्ति, संस्था वा उद्योगले ऐन वा नियमावलीमा तोकिएको शर्त वा मापदण्ड विपरित फोहोरमैला निष्कासन नगर्न सूचना वा निर्देशन गर्दा पनि फोहोरमैला निष्कासन गरेको कारणले जनस्वास्थ्य तथा वातावरणमा प्रतिकूल प्रभाव पर्न गएमा नगरले आफ्नै खर्चमा त्यस्तो फोहोरमैला हटाउनु पर्नेछ ।

(च) खण्ड (ङ) बमोजिम नगरले कुनै ठाउँबाट फोहोरमैला हटाउँदा लागेको खर्चमा पचास प्रतिशत रकम थप गरी त्यस्तो फोहोरमैला निष्कासन गर्ने व्यक्ति, संस्था वा उद्योगसँग प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असूल उपर गर्नेछ ।

(२) ऐनको दफा १४ को उपदफा (२) बमोजिमको व्यवस्था कार्यान्वयन गर्नु सम्वन्धित सरोकारवालाको कर्तब्य हुनेछ र सरोकारवालाले उक्त व्यवस्था कार्यान्वयन नगरेको पाइएमा अधिकार प्राप्त अधिकारीलाई प्रचलित कानून बमोजिम कारवाही गर्न वाधा पुगेको मानिने छैन ।

**१५. <u>प्रयोगशालाको संचालन र व्यवस्थापन</u>:**(१)वातावरण संरक्षण तथा प्रदूषण नियन्त्रण सम्बन्धी कार्यमा सहयोग पुऱ्याउन पथरी शनिश्चरे नगरपालिकाले संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरी आवश्यकता अनुसार विभिन्न प्रयोगशालाहरु स्थापना गर्न वा संघ र प्रदेशले स्थापना गरेका वा नेपाल सरकारले मान्यता दिएको कुनै प्रयोगशालालाई सो कामको लागि तोक्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम स्थापना भएको प्रयोगशाला कार्य संचालन विधि (Standard Operating Procedure) तयार गरी संचालन गर्नु पर्नेछ । प्रयोगशालाको संचालन तथा व्यवस्थापन सम्वन्धी अन्य व्यवस्था कार्यविधिमा तोकिए बमोजिम हुनेछ ।

(३) नेपाल सरकारको मान्यता प्राप्त प्रयोगशाला वा प्रदेश सरकारले स्थापना गरेको प्रयोगशालाले कुनै प्रदुषण जाँच गर्न नसक्ने भएमा नेपाल सरकारले मान्यता दिएको कुनै पनि प्रयोगशालाबाट वा नेपाल भित्र प्रदुषणको जाँच गर्न सम्भव नहुने देखिएमा सम्वन्धित निकायमा सोको जानकारी गराउनु पर्नेछ ।

(३) उपनियम (३) बमोजिम जानकारी प्राप्त भएमा सम्वन्धित निकायले नेपाल सरकार समक्ष अनुमति लिनका लागि संघिय मन्त्रालय समक्ष अनुरोध गरेमा मन्त्रालयले मान्यता प्राप्त प्रयोगशालाबाट त्यस्तो प्रदुषणको जाँच गराउन अनुमति दिन सक्नेछ।

**१५.१.१. <u>अर्को प्रयोगशालाबाट जाँच गराउन सकिने</u>:**मान्यता प्राप्त एउटा प्रयोगशालाबाट जाँच भएको प्रदुषणको नमूनाका सम्वन्धमा नगरले पुनःजाँच गर्न आवश्यक ठानेमा आवश्यकता अनुसार अर्को प्रयोगशालाबाट वा नेपाल सरकारको अनुमतिमा विदेश स्थित मान्यता प्राप्त प्रयोगशालाबाट समेत परीक्षण गराउन सक्नेछ ।

१५.१.२.**<u>प्रयोगशालाबाट गरिएको परीक्षण नतिजा प्रकाशन गर्न सक्ने</u>:**नगरले नियमावली बमोजिम मान्यता प्राप्त प्रयोगशालाबाट जाँच गराएको प्रदुषणको नमूना परीक्षण नतिजा प्रकाशन गर्न सक्नेछ ।

१५.१.३. **<u>प्रयोगशालाको सूची अद्यावधिक राख्नु पर्ने</u>:**नगरले सरकारी, निजी तथा गैरसरकारी क्षेत्रमा स्थापना भएका प्रयोगशालाको सूची तयार गरी अद्यावधिक रुपमा राख्नु पर्नेछ ।

१५.१.४. **<u>नमूना संकलन, अध्ययन, जाँच, परीक्षण वा विश्लेषण सम्वन्धी व्यवस्था</u>:**(१) नगरले कुनै उद्योग, कलकारखाना, यन्त्र, सवारी साधन जस्ता यान्त्रिक उपकरणवा अन्य कुनै किसिमबाट उत्सर्जन वा निष्कासन हुने वा हुन सक्ने प्रदुषण तथा फोहोरमैलाको स्थिति यकिन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको कार्य सम्पादनको लागि सञ्चालित उद्योग, कलकारखाना, यन्त्र, सवारी साधन जस्ता यान्त्रिक उपकरणहरु वा अन्य कुनै किसिमबाट उत्सर्जन वा निष्कासन हुने वा हुन सक्ने प्रदुषण तथा फोहोरमैलाको नमूना संकलन गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम नगरले संकलन गरेको नमूना नियम १६ को उपनियम (१) र (३) बमोजिम तोकिएका प्रयोगशालाबाट परीक्षण गर्ने गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

(४) नमूनाको परीक्षण र विश्लेषण पश्चात सोको नतिजा अद्यावधिक गर्ने व्यवस्था नगरले मिलाउनु पर्नेछ र अनुसूचि-१९ कमोजिमको प्रतिवेदन मन्त्रालयमा अध्याबधिक गराउनुपर्नेछ ।

(५) नमूना परिक्षणको नतिजा संवेदनशिलताको आधारमा प्रकाशन, प्रसारण समेत गर्न सकिनेछ ।

(६) नगरले वातावरणीय अवस्थाको प्रत्येक दुई बर्षमा अध्ययन गरी सोको प्रतिवेदन प्रकाशन गर्नु पर्नेछ ।

१६. **<u>नमुना संकलन गर्न दिनुपर्ने</u>:**कुनै पनि उद्योग, कारखाना, यन्त्र, सवारी साधन आदिबाट सृजना वा निष्काशन हुने वा हुन सक्ने प्रदूषण, ध्वनि, ताप तथा फोहरमैलाको अध्ययन, परीक्षण वा विश्लेषण गर्नका लागि सम्बन्धित व्यक्ति वासंस्थाले पथरी शनिश्चरे नगरपालिकाबाट अधिकारप्राप्त व्यक्ति वा संस्थालाई आवश्यकता अनुसार त्यस्ता वस्तु वा पदार्थको नमूना संकलन गर्न दिनु पर्नेछ ।

१७. **<u>वातावरण निरीक्षकको नियुक्ति गर्न सक्ने</u>**ः पथरी शनिश्चरे नगरपालिकाभित्र प्रदूषण कम गर्ने, हटाउने वा नियन्त्रण गर्ने तथास्वीकृत वातावरणीय प्रतिवेदन अनुसार गर्नुपर्ने कामहरू प्रभावकारी रुपले गर्न गराउन, वातावरण संरक्षण सम्वन्धि प्रचलित मापदण्डको पालना भए नभएको सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्न नगर कार्यपालिकाले नेपाल सरकारबाट मान्यताप्राप्त शैक्षिक संस्थाबाट वातावरण वा सोसँग सम्बन्धित विषयमा कम्तिमा स्नातक हासिल गरेको व्यक्तिलाईप्रचलित कानून बमोजिम निर्धारित मापदण्ड र प्रक्रिया पुरा गरी वातावरण निरीक्षक नियुक्त गर्न सक्नेछ ।

१८. **<u>वातावरण निरीक्षकको काम, कर्तव्य र अधिकार</u>**ः(१)वातावरण निरीक्षकको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः—

(क) प्राकृतिक स्रोतको संरक्षण गर्ने सम्बन्धमा बनेको ऐन,२०७६ वा ऐन अन्तर्गत बनेको नियमाबली २०७७ को नियम तथा प्रचलित संघीय र प्रदेश कानून तथा मापदण्ड बमोजिम प्रदूषण कम गर्ने, हटाउने वा नियन्त्रण गर्ने कार्य भए नभएको निरीक्षण गर्ने,

(ख) प्राकृतिक स्रोतको संरक्षण गर्ने सम्बन्धमा बनेको ऐन,२०७६ वा ऐन अन्तर्गत बनेको नियमाबली २०७७ को नियम तथा प्रचलित कानून र मापदण्ड विपरीत कुनै ठाउँबाट प्रदूषण निष्काशन सम्बन्धी नकरात्मक कार्य गरे नगरेको सम्बन्धमा निरीक्षण गर्ने,

(ग) स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा तोकिएका सर्त बमोजिम काम भए नभएको सम्बन्धमा स्थलगत जाँचबुझ तथा निरीक्षण गर्ने,

(घ)खण्ड (क), (ख) र (ग) बमोजिम गरिएको जाँचबुझ तथा निरीक्षण प्रतिवेदन तोकिएको अधिकारी समक्ष पेश गर्ने,

(ङ) तोकिए बमोजिमका अन्य कार्य गर्ने,

(२)उपदफा (१) को खण्ड (क), (ख) र (ग) बमोजिम निरीक्षण गर्ने सिलसिलामा वातावरण निरीक्षकले सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकलाई पूर्व सूचना दिई कुनै घर, जग्गा, भवन, कारखाना, उद्योग, सवारी साधन, औद्योगिक

संयन्त्र, औजार, मेशिनरी, जीव, वस्तु, अभिलेख, कागजात वा अन्य मालसामान वा वस्तुहरुको निरीक्षण, परीक्षण वा जाँचबुझ गर्न सक्नेछ ।

(३)उपदफा (२) बमोजिम निरीक्षणको सिलसिलामा वातावरण निरीक्षकले माग गरेको विवरण वा जानकारी उपलव्ध गराई आवश्यक सहयोग गर्नु सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकको कर्तव्य हुनेछ ।

(४) वातावरण निरीक्षकले कार्यको दौडानमा सूरक्षाका दृष्टीले कुनै समस्या परेमा नजिकैको सूरक्षा निकायको सहयोग समेत लिन सक्नेछ,अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

## परिच्छेद–३

## फोहरमैला सम्बन्धी व्यवस्था

१९. **फोहरमैलाको प्रबन्धगर्ने दायित्वः** (१)फोहरमैलाको व्यवस्थापन गर्न स्थानान्तरण केन्द्र (ट्रान्सफर स्टेशन), ल्याण्डफिल साइट, प्रशोधन प्लाण्ट, बायो ग्यास प्लाण्ट लगायत फोहरमैलाको संकलन, अन्तिम बिसर्जन तथा प्रशोधनका लागि आवश्यक पर्ने पूर्वाधार तथा संरचनाको निर्माण तथा सञ्चालन गर्ने जिम्मेवारी कार्यपालिकाको हुनेछ ।

(२) फोहरमैला संकलन केन्द्र, स्थानान्तरण केन्द्र वा प्रशोधन स्थलमा फालिएको वा राखिएको फोहरमैला वा सरसफाईको सिलसिलामा जम्मा भएको फोहरमैला प्रबन्ध गर्ने वा कुनै पनि किसिमबाट प्रयोग गर्ने जिम्मेवारी नगर कार्यपालिकाको हुनेछ ।

(३) यस दफाको प्रयोजनको लागि फोहरमैला संकलन केन्द्र, स्थानान्तरण केन्द्र वा प्रशोधन स्थलमा फालिएको वा राखिएको फोहरमैला वा सरसफाईको सिलसिलामा जम्मा भएको कुनै पनि पदार्थ फोहरमैला मानिनेछ ।

२०.**फोहरमैला व्यवस्थापन गर्ने दायित्वः**(१)नगर भित्रको फोहोरमैला कार्यपालिकाको निर्णयानुसार व्यवस्थापन गर्ने गराउने दायित्व नगरको हुनेछ ।

(२) उपदफा (१) जुनसुकै कुरा लेखिएको भए तापनि हानिकारक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला, रासायनिक फोहरमैला वा औद्योगिक फोहरमैला प्रशोधन र व्यवस्थापन गर्ने दायित्व निर्धारित मापदण्डको अधीनमा रही त्यस्तो फोहरमैला उत्पादन गर्ने व्यक्ति वा निकायको हुनेछ ।



पत्थरी शनिश्चरे नियमावली २०७७

(३) कुनै उद्योग वा स्वास्थ्य संस्थाले हानिकारक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला रासायनिक फोहरमैला तथा औद्योगिक फोहरमैला प्रशोधन गरी बाँकी रहेको फोहरमैला तथा अन्य फोहरमैलाको व्यवस्थापन गरीदिन नगर कार्यपालिकालाई अनुरोध गरेमा वा नगर कार्यपालिकाले निर्धारण गरेको फोहरमैला व्यवस्थापन स्थल प्रयोग गर्न माग गरेमा नगर कार्यपालिकाले निर्धारण गरे बमोजिम सेवा शुल्क लिई फोहरमैलाको व्यवस्थापन गरिदिन वा फोहरमैला व्यवस्थापन स्थल प्रयोग गर्न दिन सक्नेछ ।

(४) नगर कार्यपालिकाले सामुदायिक सरसफाई सम्बन्धी निर्देशिका बनाई लागू गर्नेछ।

(५)फोहरमैला व्यवस्थापनले मानव स्वास्थ्यमा पारेको वा पार्ने प्रभावको जाँच परीक्षण र अनुसन्धान गर्ने अधिकार सम्बन्धित जनस्वास्थ्य अधिकारीसँग हुनेछ ।

(६)जाँच परिक्षणमा कुनै निकायमा फोहरमैला व्यवस्थापन प्रभावकारी हुन नसकी मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पारेको भेटिएमा नगरपालिकाले उक्त निकायलाई समयमै सचेत गराई प्रचलित कानून बमोजिम आवश्यक कारवाही गर्नेछ।

२१.**फोहरमैला उत्पादन कम गर्ने**:(१) पथरी शनिश्चरे नगरपालिका भित्र कुनै व्यक्ति, संस्था वा निकायले कुनै काम कारोबार गर्दा उत्पादन हुने फोहरमैला यथाशक्य कम गर्नु पर्नेछ।

(२)"आफ्नो क्षेत्र"भित्र विसर्जन हुन सक्ने फोहरमैलाको विसर्जन वा पुनः प्रयोगको व्यवस्था मिलाई बाँकी फोहरमैला मात्र निष्काशन गरी फोहरमैलाको परिणामलाई घटाउनु प्रत्येक व्यक्ति, संस्था वा निकायको कर्तव्य हुनेछ ।

**क) स्पष्टिकरण**:"आफ्नो क्षेत्र"भन्नाले पथरी शनिश्चरे नगरपालिका भित्रको निजी घर कम्पाउण्ड, औद्योगिक क्षेत्रको परिसर, अस्पताल वा स्वास्थ्य संस्थाको परिसर, औद्योगिक प्रतिष्ठानको परिसर लगायत फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको परिसरलाई सम्झनु पर्छ।

२२. **फोहरमैला पृथकीकरण**:(१) नगर कार्यपालिकाले फोहरमैलालाई तोकिए बमोजिम जैविक, अजैविक र अन्य प्रकारमा विभाजन गरी सो फोहरमैलालाई स्रोतमै छुट्याउने गरी तोक्नेछ ।

(२)उपदफा (१) बमोजिम तोकिदिए बमोजिम फोहरमैला स्रोतमै छुट्याई संकलन केन्द्रसम्म पुर्‍याउने दायित्व त्यस्तो फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा

निकायको हुनेछ र यसको लागि कार्यपालिकाले आवश्यक प्रविधि, मालसामान, उपकरण, कण्टेनर आदि उपलब्ध गराउन सक्नेछ ।

२३. **फोहरमैलाको निष्काशनः**(१)फोहरमैला निष्काशनको समय, स्थान र तरिका नगर कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(२)हानिकारक फोहरमैला वा रासायनिक फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायले त्यस्तो फोहरमैला तोकिए बमोजिम व्यवस्थापन गर्नु पर्नेछ ।

(३)हानिकारक फोहरमैला वा रासायनिक फोहरमैला संकलन केन्द्र वा स्थानान्तरण केन्द्रमा निष्काशन गर्न पाइने छैन ।

२४.**फोहरमैला व्यवस्थापन केन्द्रः**(१) नगर कार्यपालिकाले फोहरमैलालाई व्यवस्थित रुपमा संकलन गर्न प्रत्यक टोल वा वस्तीमा संकलन केन्द्र तोकी आवश्यक कण्टेनरको व्यवस्था गर्न सक्नेछ ।

(२)उपदफा (१) बमोजिम संकलन केन्द्र तोक्दा यथाशक्य टोल वा वस्तीका सबैलाई पायक पर्ने गरी वातावरणीय रुपले उपयुक्त स्थान तोक्नु पर्नेछ ।

(३)उपदफा (१) बमोजिमको संकलन केन्द्रमा फोहरमैला निष्काशन र संकलन गर्ने समय र तरिका नगर कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

२५. **जोखिमपूर्ण फोहरको व्यवस्थापनः** (१)जोखिमपूर्ण पदार्थको संकलन, भण्डारण, प्रशोधन, विक्री वितरण, विसर्जन, ओसारपसार गर्ने व्यक्ति वा संस्थाले सो कार्य गर्नुपूर्व नगरबाट अनुमति लिनु पर्नेछ र सोका लागि अनुसूची-१६ मा उल्लेख भए बमोजिमको ढाँचामा फारम भरी निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन पेश हुन आएमा नगरले आवश्यक जाँचबुझ गरी अनुमति दिन उपयुक्त देखिएमा आवश्यक शर्तहरु तोकी अनुसूची-१७ मा उल्लेख भए बमोजिमको ढाँचामा अनुमतिपत्र प्रदान गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम दिइने अनुमति पत्रको म्याद दुई बर्षको हुनेछ र सो अवधि सकिए पश्चात व्यक्ति वा संस्थाले नवीकरणका लागि नगरमा निवेदन दिनु पर्नेछ ।

(४) अनुमति लिई जोखिमपूर्ण पदार्थको संकलन, भण्डारण, प्रशोधन, विक्री वितरण, विसर्जन वा ओसारपसार गर्ने व्यक्ति वा संस्थाले अनुसूची-१८ मा तोकिए बमोजिमको ढाँचामा विवरण तयार गरी प्रत्येक आर्थिक वर्ष सकिएको तीस दिनभित्र नगर समक्ष पेश गर्नु पर्नेछ।

वातावरण संरक्षण नियमावली २०७७

(५) अनुमति प्राप्त व्यक्ति वा संस्थाले तोकिएको शर्तहरुको पालना नगरेको वा जोखिमपूर्ण पदार्थको व्यवस्थापन नगरेको पाइएमा नगरले उक्त व्यक्ति वा संस्थालाई व्यवस्थापन गर्न आदेश दिन सक्नेछ र सो आदेशको पालना समेत नगरेको अवस्थामा सो व्यक्ति वा संस्थालाई ऐन बमोजिमको दण्ड सहित उपनियम (२) बमोजिम दिइएको अनुमति पत्र मन्त्रालयले खारेज गर्न सक्नेछ ।

(६) जोखिमपूर्ण पदार्थलाई विसर्जन गर्नुपूर्व त्यस्तो जोखिमपूर्ण पदार्थको प्रयोग गर्ने व्यक्ति वा संस्थाले मानव स्वास्थ्य, जीवजन्तु, वातावरणमा असर नपर्ने गरी भण्डारण गर्नु पर्नेछ ।

(७) उपनियम (६) बमोजिम भण्डारण भएका जोखिमपूर्ण पदार्थको वर्गीकरण तथा विसर्जनका आधार र मापदण्ड नगरले राजपत्रमा सूचना प्रकाशन गरी तोक्नेछ ।

२६. **<u>फोहरमैलाको न्यूनिकरण, पुनः प्रयोग तथा पुनः चक्रीय प्रयोगः</u>**(१) नगर कार्यपालिकाले फोहरमैला न्यूनिकरण, पुनः प्रयोग तथा पुनः चक्रीय प्रयोगलाई प्रोत्साहन गर्न आवश्यक कार्य गर्नेछ र यसको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(२)उद्योग उत्पादन प्याकिङ्ग गर्न प्रयोग गरेको वस्तुलाई पुनः प्रयोग गरी फोहरमैलाको परिणामलाई घटाउने काममा प्रोत्साहन गर्न सम्बन्धित उद्योगसँग नगर कार्यपालिकाले समन्वय गर्न सक्नेछ ।

२७. **<u>अनुमति सम्बन्धी व्यवस्थाः</u>**(१)यस ऐन बमोजिम नगर कार्यपालिकाको अनुमति नलिई कसैले पनि फोहरमैला व्यवस्थापन सम्बन्धी काम गर्न वा गराउन सक्नेछैन ।

(२)फोहरमैला व्यवस्थापन गर्न चाहिने स्वदेशी वा विदेशी कम्पनी, संस्था वा निकायले देहायको विवरण खुलाई अनुमतिको लागि नगर कार्यपालिकामा निवेदन दिनु पर्नेछः-

(क) फोहरमैला व्यवस्थापन सम्बन्धी योजना,

(ख) फोहरमैला व्यवस्थापन सम्बन्धी आवश्यक जनशक्ति तथा प्रविधिको विवरण,

(ग) तोकिए बमोजिमको अन्य विवरण ।

(३)उपदफा (२) बमोजिम पर्न आएको निवेदन उपर नगर कार्यपालिकाले आवश्यक जाँचबुझ गरी अनुमतिपत्र दिन सक्नेछ ।

(४) फोहरमैलाको व्यवस्थापन, पुनः चक्रिय प्रयोग, प्रशोधन र विसर्जनमा आवश्यक पर्ने प्रविधि स्वदेशमा उपलब्ध हुन नसक्ने देखिएमा त्यस्तो प्रविधि उपलब्ध

गराउन सक्ने कुनै विदेशी कम्पनी, संस्था वा निकायलाई सम्झौतामा उल्लेखित अवधिभित्र त्यस्तो प्रविधि हस्तान्तरण गर्ने शर्तमा नेपाल सरकारको स्वीकृति लिई नगर कार्यपालिकाले उपदफा (३) बमोजिम अनुमतिपत्र दिन सक्नेछ ।

(५) अनुमतिपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२८.**फोहरमैला व्यवस्थापनमा निजी तथा सामुदायिक क्षेत्रको संलग्नता**ः(१)नगर कार्यपालिकाले आवश्यकता अनुसार यस ऐन बमोजिम अनुमति प्राप्त निजी क्षेत्रका कम्पनी वा सामुदायिक क्षेत्रबाट तोकिए बमोजिम प्रतिस्पर्धा गराईआफ्नो क्षेत्रको फोहरमैला व्यवस्थापन गराउन सक्नेछ ।

(२) उपदफा (२) बमोजिम फोहरमैला व्यवस्थापन गर्दा निजी क्षेत्रका कम्पनीको हकमा देहायका सबै वा कुनै र सामुदायिक एवं गैरसरकारी संघ, संस्थाको हकमा देहायको कुनै काम गराउन सकिनेछः-

(क) फोहरमैलाको न्यूनिकरणका लागि जनचेतना अभिवृद्धि,

(ख) फोहरमैला संकलन,

(ग) फोहरमैला ढुवानी,

(घ) फोहरमैलाको प्रयोग, पुनः प्रयोग, पुनः चक्रिय प्रयोग वा प्रशोधन,

(ङ) फोहरमैला विसर्जन,

(च) बन्द पश्चात् व्यवस्थापन ।

२९. **प्रतिस्पर्धा गराई फोहरमैला व्यवस्थापनको जिम्मा दिने**ः (१) नगर कार्यपालिकाले यस ऐन बमोजिम निजी क्षेत्र वा सामुदायिक संस्थाबाट फोहरमैला व्यवस्थापन गराउँदा बोलपत्र आह्वान गरी प्रतिस्पर्धा गराई व्यवस्थापकको छनौट गरी व्यवस्थापन गर्ने जिम्मा दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापकको छनौट गर्दा देहायका आधारमा गर्नु पर्नेछः-

(क) नगर कार्यपालिकालाई बुझाउन कबुल गरेको रकम,

(ख) फोहरमैलाबाट ऊर्जा शक्ति उत्पादन गर्ने वा प्राङ्गारिक मल उत्पादन गर्ने क्षमता, पूँजी, प्रविधि र जनशक्तिको क्षमता,



वातावरण संरक्षण नियमावली २०७७

(ग) आर्थिक तथा प्राविधिक क्षमता,

(घ) फोहरमैला व्यवस्थापन अपनाउन प्रस्ताव गरीएको प्रविधिको दिगोपन तथा वातावरणीय प्रभाव न्यूनिकरण,

(ङ) व्यवस्थापन करार गर्न प्रस्ताव गरिएको व्यवस्थापन शुल्क,

(च) फोहरमैलाको प्रयोग, प्रशोधन वा पुनः प्रयोग गर्ने सम्बन्धमा भए नगर कार्यपालिकालाई बुझाउन मञ्जुर गरिएको रोयल्टी ।

(३) बोलपत्र सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

(४) उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापनको जिम्मा पाएको कम्पनी, संस्था वा निकायले नगर कार्यपालिकासँग गरेको सम्झौताको अधीनमा रही शुल्क उठाउन सक्नेछ ।

(५) उपदफा (१) मा जुनसुकै कुरा लेखीएको भएतापनि फोहरमैला व्यवस्थापनमा गैरसरकारी क्षेत्रको तथा अन्य पालिकाहरुको सहकार्य सम्बन्धी अन्य कुराहरु तोकिए बमोजिम हुनेछ ।

३०. **फोहरमैला व्यवस्थापन स्थल निर्माण तथा सञ्चालन गर्न स्वीकृति दिन सकिने**:(१) निजी क्षेत्रबाट फोहरमैला व्यवस्थापनका लागि फोहरमैला व्यवस्थापन स्थल, प्रशोधन स्थल वा अन्य संयन्त्र निर्माण गरी सञ्चालन गर्न स्वीकृति माग गरेमा वातावरण तथा अन्य प्रचलित कानूनको अधीनमा रही त्यस्तो संयन्त्र निर्माण तथा सञ्चालनका लागि नगर कार्यपालिकाले स्वीकृति दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निजी क्षेत्रबाट फोहरमैला व्यवस्थापन संयन्त्रको निर्माण तथा सञ्चालन गर्दा तोकिएको वातावरणीय मापदण्डको पालना भए वा नभएको अनुगमन नगर कार्यपालिकाले गर्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुगमन गर्दा स्वीकृत मापदण्डको पालना गरेको नपाइएमा त्यस्तो मापदण्ड पालनाको लागि आवश्यक व्यवस्था गर्न समयावधि तोकिदिन सक्नेछ र सो समयावधिमा पनि मापदण्डको पालनाको लागि आवश्यक व्यवस्था नगरेमा त्यस्तो व्यक्ति वा कम्पनीको स्वीकृति नगर कार्यपालिकाले तोकिए बमोजिम रद्द गर्न सक्नेछ ।

३१. **सार्वजनिक निजी साझेदारीमा फोहरमैला व्यवस्थापन गर्न सकिने**:(१) नगर कार्यपालिकाले प्रचलित कानूनको अधीनमा रही निजी क्षेत्र, सामुदायिक एवं गैरसरकारी संघ, संस्थासँगको साझेदारीमा फोहरमैला व्यवस्थापन कार्य गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक एवं गैरसरकारी संघ, संस्थासँगको साझेदारीमा फोहरमैला न्यूनिकरणको लागि जनचेतना अभिवृद्धि, फोहरमैला संकलन, ढुवानी, फोहरमैला व्यवस्थापन स्थलको बन्द पश्चात् व्यवस्था, उद्यान निर्माण र सौन्दर्यकरण जस्ता कार्य मात्र गर्न वा गराउन सकिनेछ ।

३२. **सेवा शुल्क उठाउन सक्ने**:(१) नगर कार्यपालिकाले फोहरमैला व्यवस्थापन गरे बापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क लगाई उठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको शुल्कको निर्धारण फोहरमैलाको परिमाण, तौल तथा प्रकृति र तोकिए बमोजिमका अन्य कुराहरुको आधारमा कार्यपालिकाले गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको शुल्क कार्यपालिका आफैंले वा निजले तोकेको संस्था वा निकाय मार्फत् समेत उठाउन सक्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा २६ बमोजिम फोहरमैला व्यवस्थापन गर्न जिम्मेवारी पाएको व्यक्ति, संस्था वा निकायले कार्यपालिकासँग भएको सहमतिको आधारमा फोहरमैला व्यवस्थापन गरे बापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क उठाउन सक्नेछ ।

तर तोकिए बमोजिमका विपन्न वर्गलाई सेवा शुल्कमा तोकिए बमोजिम छूट दिइनेछ।

(५) यस दफा बमोजिम शुल्कबाट प्राप्त आम्दानी तथा फोहरमैला व्यवस्थापन निजी क्षेत्रलाई संलग्न गराउँदा प्राप्त हुने आम्दानी नगर कार्यपालिकाले एउटा छुट्टै शीर्षकमा राखी तोकिएको मापदण्डको अधीनमा रही फोहरमैलाको व्यवस्थापन, वातावरणीय संरक्षण तथा फोहरमैला व्यवस्थापन प्रभावित क्षेत्रको विकासमा खर्च गर्नु पर्नेछ ।

## परिच्छेद–४

## जैविक विविधता संरक्षण

३३. **जैविक विविधताकोसंरक्षण गर्नुपर्ने**ः (१) ऐनको दफा ३४ बमोजिम सरोकारवाला निकायले अभिलेखमा समावेश गर्ने वस्तु, स्थल, वनस्पति, जीवजन्तु आदि उल्लेख गरी सर्वसाधारणको जानकारीको लागी सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्रकाशित सूचनामा उल्लेख भएका वस्तु, स्थल, वनस्पति, जीवजन्तु आदिको सम्वन्धमा कसैको कुनै राय प्रतिक्रिया भए त्यस्तो सूचना प्रकाशन भएको मितिले तीस दिनभित्र सरोकारवाला निकायमा निवेदन दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम कुनै निवेदन परेमा जाँचबुझ गरी तीस दिनको म्याद समाप्त भएपछि सरोकारवाला निकायले अभिलेख तयार गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम अभिलेखमा समावेश भएका वस्तु वा स्थलको पहिचानको लागि त्यस्तो वस्तु वा स्थलमा आवश्यकता अनुसार चिन्ह तथा सिमाना राख्नु पर्नेछ ।

(क) कृषिजन्य जैविक विविधता संरक्षण,-

(१) विकासका कार्यक्रमहरु संचालनगर्दा कृषि जैविक विविधिताको संरक्षणलाई विशेष महत्वदिने,

(२) जैविक विविधता, वातावरण र मानव स्वास्थ्यमा नकारात्मक प्रभाव पार्न सक्ने जोखिम भएका जि.एम.ओ.(Genetically Modified Organism) तथा त्यसका उत्पादनलाई आवश्यकता अनुसार नियन्त्रण वा निषेध गर्ने,

(३) कृषि पर्यावरणीय सेवाहरुको दिगो परिचालनको लागि परागसेचक तथा अन्य पर्यावरणीय सेवा प्रदान गर्ने जीवहरु सम्बन्धी अध्ययन, अनुसन्धान, अनुगमन गरी संरक्षणका कार्यक्रमहरु सञ्चालन गर्ने,

(४) परम्परागत, ज्ञान सीप तथा अभ्यासको संरक्षण र प्रवर्द्धन गर्ने।

(ख) सिमसार संरक्षण,-

वातावरण संरक्षण नियमावली २०७७

(१) स्थानीय जनसमुदायको सहभागितामा उनीहरुको हितका लागि आफ्नो क्षेत्र अन्तर्गतका सिमसारको पहिचान गर्दै सोको संरक्षण र व्यवस्थापन गर्ने;

(२) स्थानीय जनसहभागितामा आधारित सिमसार व्यवस्थापनको माध्यमद्वारा सिमसारको स्रोतहरुमाथि समन्यायिक अवसर दिलाउँदै बुद्धिमत्तापूर्ण प्रयोगको अवधारणालाई सार्थक तुल्याउने;

(३) स्थानीय व्यक्ति, समुदाय एवं निकायलाई संलग्न गराउँदै सिमसारको संरक्षण र व्यवस्थापन कार्य प्रभावकारी बनाउने;

(४) वर्तमान र भावी पुस्ताको फाइदाका लागि प्राकृतिक स्रोत संरक्षण गर्न स्थानीय वासिन्दाको हित हुने खालको सामाजिक र आर्थिक विकासका कार्यक्रम संचालन गर्ने,

(५) सिमसारमा आश्रित सङ्कटापन्न जीवजन्तु, जलचर, सापेक्षिक जङ्गली जनावर तथा अन्य जल आश्रित आनुवंशिक स्रोतको संरक्षण गर्ने,

(६) वातावरणीय असर न्यून हुने गरी सिमसार क्षेत्रमा वातावरण अनुकूल पर्यटनको विकास गर्दै प्राप्त लाभलाई यथासम्भव सिमसारको व्यवस्थापन र स्थानीय जनसमुदायको हितमा परिचालन गर्ने,

(७) सिमसार संरक्षण र व्यवस्थापनका लागि तयार गरिने कार्ययोजनाहरुमा स्थानीय जनसहभागिता सुनिश्चित गर्ने,

(८) सिमसार क्षेत्रमा आश्रितस्थानीयवासीकोअनुभव, अभ्यास, सीप र ज्ञानको संरक्षण गर्दै सोही आधारमा सिमसारको संरक्षण र व्यवस्थापन गर्न प्रश्रय दिने,

(९) सिमसार व्यवस्थापना देखा पर्ने समस्याहरुको पहिचान गरी स्थानीय स्तरमै समाधानको उपायहरुको खोजी गर्न जनसहमतिका आधारमा व्यवस्थापन कार्ययोजना बनाई लागू गर्ने गराउने,

वातावरण संरक्षण नियमावली २०७७

(१०) सिमसार व्यवस्थापन योजना तर्जुमा गर्ने र व्यवस्थापन समितिमा स्थानीय जनसमुदायका साथै संघ संस्थाको प्रतिनिधित्व गराउन आवश्यक कानुनी एवं प्रशासनिक व्यवस्था गर्ने,

(११) सिमसारमा आश्रित स्थानीय जनसमुदायलाई सिमसारबाट प्राप्त हुने लाभको न्यायोचित बाँडफाँडका लागि आवश्यक व्यवस्था गर्ने,

(३) जैविक विविधता संरक्षण तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून र मापदण्ड बमोजिम हुनेछ।

३४. **<u>जैविक विविधताको अभिलेखीकरण गर्नुपर्नेः</u>**(१) पथरी शनिश्चरे नगरपालिकाले आफ्नो क्षेत्राधिकार भित्र अवस्थित जैविक विविधताको वस्तुस्थिति र विवरणको अभिलेखीकरण व्यवस्थित र वैज्ञानिक ढङ्गले राखु पर्नेछ सरोकारवाला निकायको स्वीकृति विना कसैले पनि अभिलेखमा समावेश भएका वा राष्ट्रिय सम्पदा भित्रका वस्तु, स्थल, वनस्पति, जीवजन्तु आदिका सम्बन्धमा देहायका कुनै काम गर्नु गराउनु हुदैनः

(क) कुनै वस्तु, स्थल, वनस्पति, जीवजन्तु, आदि हटाउन, फेरबदल गर्न वा त्यसलाई नोक्सान पुग्ने कुनै काम गर्न,

(ख) कुनै वस्तु, स्थल, वनस्पति, जीवजन्तु आदि कसैलाई उपहार दिन वा हकछाडी बेचबिखन गर्न वा हस्तान्तरण गर्न,

(ग) अभिलेखमा समावेश भएका कुनै जीवजन्तुहरुलाई नोक्सान पुऱ्याउने किसिमका अन्य जीवजन्तु राष्ट्रिय सम्पदा संरक्षण क्षेत्रमा प्रवेश गराउन,

(घ) कुनै वस्तु, स्थल, वनस्पति, जीवजन्तु आदि बिग्रने वा नासिने गरी अन्य कुनै काम गर्न वा गराउन ।

३५. **<u>स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, अभ्यास, आदिको संरक्षण गर्नुपर्नेः</u>** (१) ऐनको दफा ३५ बमोजिम सरोकारवाला निकायले अभिलेखमा समावेश गर्ने वस्तु, स्थल, वनस्पति, जीवजन्तु आदि उल्लेख गरी सर्वसाधारणको जानकारीको लागी सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्रकाशित सूचनामा उल्लेख भएका वस्तु, स्थल, वनस्पति, जीवजन्तु आदिको सम्वन्धमा कसैको कुनै राय प्रतिक्रिया भए त्यस्तो सूचना प्रकाशन भएको मितिले तीस दिनभित्र सरोकारवाला निकायमा निवेदन दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम कुनै निवेदन परेमा जाँचबुझ गरी तीस दिनको म्याद समाप्त भएपछि सरोकारवाला निकायले अभिलेख तयार गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम अभिलेखमा समावेश भएका वस्तु वा स्थलको पहिचानको लागि त्यस्तो वस्तु वा स्थलमा आवश्यकता अनुसार चिन्ह तथा सिमाना राख्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम राखिएको चिन्ह तथा सिमाना सम्वन्धी विवरण र सोसँग सम्वन्धित नक्सा सरोकारवाला निकायले अद्यावधिक रुपमा राख्नु पर्नेछ ।

(६) सरोकारवाला निकायले अभिलेखमा समावेश भएका राष्ट्रिय सम्पदाहरुको संरक्षण र व्यवस्थापनको लागि सालबसाली रुपमा बजेट तथा कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्नु पर्नेछ ।

(७) सरोकारवाला निकायले राष्ट्रिय सम्पदाहरुको नियमित अनुगमन गरी बार्षिक प्रतिवेदन तयार गरी सोको जानकारी नगरलाई समेत दिनु पर्नेछ ।

(१) जैविक विविधताको सम्बन्धमा स्थानीय समुदाय भित्रका व्यक्ति वा समूहमा रहेको ज्ञान, सीप, अभ्यास आदिको पहिचान, अभिलेखीकरण, तथा संरक्षण गर्ने जिम्मेवारी नगर नगरपालिकाको हुनेछ ।

(२) नगरपालिकाले उपदफा (१) बमोजिमको अभिलेखीकरण वैज्ञानिक र व्यवस्थित ढङ्गले तोकिएको ढाँचा र प्रारुपमा राख्नेछ ।

३६. **<u>खनिज पदार्थ संरक्षण सम्बन्धी व्यवस्था</u>**ः(१)नगर कार्यपालिकाले आफ्नो क्षेत्रभित्र रहेका खनिज पदार्थको अवस्था बुझ्न सर्भे तथा खोज गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सर्भे तथा खोजबाट प्राप्त सूचना तथा तथ्याङ्कको आधारमा प्रचलित नेपालको कानून प्रतिकूल नहुने गरी नगर कार्यपालिकाले खनिज पदार्थको संरक्षण तथा प्रवर्द्धनमा कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ ।

३७. **<u>जलाधार संरक्षण गर्नुपर्ने</u>**ः (१) पथरी शनिश्चरे नगरपालिका क्षेत्रभित्र रहेका जलाधारको संरक्षण गर्नु पथरी शनिश्चरे नगरपालिका, नगरवासी र सम्बन्धीत निकायको कर्तव्य हुनेछ।

(२) नगर कार्यपालिकाले संघीय र प्रदेशको कानून र मापदण्डको अधीनमा रही पथरी शनिश्चरे नगरपालिका भित्रको जलाधार संरक्षण तथा व्यवस्थापन गर्नेछ।

(३) आफ्नो क्षेत्रमा रहेको खानेपानीको मुहानको पहिचान, अभिलेखीकरण, संरक्षण तथा व्यवस्थापन गर्ने जिम्मेवारी नगर कार्यपालिकको हुनेछ।

(१) जलवायू परिवर्तनको अवस्था र यसका असर तथा जोखिमका विषयमा मन्त्रालयले हरेक पाँच/पाँच बर्षमा प्रादेशिक प्रतिवेदन प्रकाशित गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको प्रादेशिक प्रतिवेदन तयार गर्नका लागि आवश्यक सूचना तथा तथ्याङ्कहरु सम्वन्धित विषयगत मन्त्रालयले मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम प्रकाशित प्रतिवेदनको आधारमा नेपाल सरकारको सहयोगमा प्रदेश सरकार र स्थानीय तहले जलवायू परिवर्तन व्यवस्थापन सम्वन्धी योजना तर्जुमा र प्राथमिकीकरण गर्न सक्नेछन् ।

(४) जलवायू परिवर्तन न्यूनीकरण तथा अनुकूलन सम्वन्धी भए गरेका कार्यहरुको वार्षिक रुपमा स्थानीय तहले मन्त्रालयलाई र प्रदेश मन्त्रालयले नेपाल सरकारको वातावरण हेर्ने मन्त्रालयलाई प्रगति विवरण उपलब्ध गराउनु पर्नेछ । त्यसैगरी गैरसरकारी तथा अन्य कुनै संघ संस्थाले जलवायू परिवर्तन न्यूनीकरण तथा अनुकूलन सम्वन्धी भए गरेका कामको विवरण मन्त्रालयमा उपलब्ध गराउनु पर्नेछ ।

**३७.१. <u>वातावरण संरक्षण क्षेत्रमा गर्न नपाइने काम</u>:**(१) कसैले पनि वातावरण संरक्षण क्षेत्रभित्र देहायका कुनै काम गर्न गराउन हुँदैनः

(क) प्राकृतिक सम्पदा वा सौन्दर्यपरक स्थितिलाई विगार्न, नास्न, भत्काउन, हटाउन, छेक्न वा अरु कुनै किसिमले हानी नोक्सानी पुऱ्याउन,

(ख) ऐतिहासिक तथा साँस्कृतिक महत्वका स्थलहरु बिगार्न, फेर्न, नास्न, हटाउन, भत्काउन वा त्यस्ता स्थलहरुमा कुनै पोस्टर वा त्यस्तै अन्य कागजात वा चित्रहरु टाँस्न वा अरु कुनै प्रकारले हानी हुने काम गर्न,

(ग) कुनै नदी, खोला नाला, झरना, खहरे, पोखरी, कुण्ड, ताल वा पानीको स्रोतमा विद्युतीय धार (करेन्ट) प्रयोग गर्न र वनस्पतिजन्य वा अन्य कुनै किसिमको हानिकारक रसायन पदार्थ प्रयोग गर्न,

(घ) कुनै पनि किसिमको घरपालुवा जनावरहरुबाट जननकृति (जेनेटिक मेकअप) मा परिवर्तन गर्न,

(ङ) खानी खन्न वा कुनै खनिज पदार्थ, ढुङ्गा, माटो, कङ्क्रिट वा अन्य पदार्थ हटाउन,

वातावरण संरक्षण नियमावली २०७७

(च) होटल, लज, सार्वजनिक यातायात, स्वास्थ्य चौकी, विद्यालय, कुटी वा अन्य यस्तै किसिमका सेवा सञ्चालन गर्न,

(छ) वातावरण संरक्षण क्षेत्रमा लगाइएको तारबार, चिन्ह, संकेत वा अन्य कुनै चीज वस्तुहरुलाई हानी नोक्सानी पुऱ्याउने ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि वातावरण संरक्षण क्षेत्रको व्यवस्थापन तथा विकासको लागि सरोकारवाला निकायले स्वीकृति दिएका कुनै कार्यहरु गर्न यस नियममा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

## परिच्छेद- ५

## वन तथा हरित क्षेत्रको संरक्षण तथा व्यवस्थापन

३८. **वन, वन पैदावार, वन्यजन्तु तथा हरित क्षेत्रको संरक्षण र प्रवर्द्धन गर्नुपर्नेः**(१)आफ्नो क्षेत्राधिकार भित्रको वन, वन पैदावार, वन्यजन्तु तथा हरित क्षेत्रको संरक्षण र प्रवर्द्धन गर्ने प्रमुख जिम्मेवारी पथरी शनिश्चरे नगरपालिकाको हुनेछ ।

(२) वन, वन पैदावार, वन्यजन्तु तथा हरित क्षेत्रको संरक्षण र प्रवर्द्धनमा सहयोग गर्नु नागरिकको कर्तव्य हुनेछ।

(३)वन तथा वन पैदावारसंरक्षण र प्रवर्द्धन गर्ने सम्बन्धमा पथरी शनिश्चरे नगरपालिकाले संघीय र प्रदेश कानूनको प्रतिकूल नहुने गरी देहाय बमोजिम गर्नुपर्नेछ।

(क) संघ तथा प्रदेशसँग समन्वय गरी स्थानीय समुदायको सहभागितमा आफ्नो सिमाभित्रका समुदायमा आधारित वन, निजी वन, कृषि वन तथा वनमा आधारित उद्योगहरु संचालन तथा व्यवस्थापन गर्ने,

(ख) सामुदायिक वन उपभोक्ता समूह लगायत समुदायमा आधारित वन व्यवस्थापन गर्ने समूहको प्राविधिक, व्यवस्थापकीय, संस्थागत क्षमता विकासमा प्राथमिकता दिने,

(घ) वनसँग सम्बन्धित प्राविधिक सेवालाई प्रभावकारी बनाउनुका अतिरिक्त क्षमता विकासको लागि उत्प्रेरणात्मक अवसरहरु सिर्जना गर्ने,

(ङ) स्थानीय समुदायमा रहेको वनजन्य, जडिबुटी तथा वनस्पति उपयोग सम्बन्धी परम्परागत ज्ञान, सीप र चिकित्सा पद्धतिलाई

वातावरण संरक्षण नियमावली २०७७

आधुनिक विज्ञानसँग संयोजन गर्दै उन्नत प्रकारको ज्ञान, सीप र उत्पादनका लागि उपयुक्त वातावरण निर्माण गर्ने,

(च) वन्यजन्तु र वनस्पतिको संरक्षण तथा प्रवर्द्धन गर्न संघ, प्रदेशसँगको समन्वयमा स्थानीय स्तरका प्राणी उद्यान तथा वनस्पति उद्यानहरु स्थापना र संचालन गर्ने,

(छ) वन पैदावार संकलनमा दिगोपना र प्रभावकारिताका लागि आधुनिक प्रविधिहरुको प्रयोगलाई प्रोत्साहन गर्ने,

(ज) दिगो वन व्यवस्थापनको मापदण्ड अनुरुप सबै वन व्यवस्थापनमा सामाजिक, आर्थिक र वातावरणीय दृष्टिले दीगोपना सुनिश्चित गर्ने,

(झ) संघ तथा प्रदेशको समन्वयमा संरक्षित क्षेत्र, सिमसार क्षेत्र तथा वन व्यवस्थापन पद्धतिहरु बाट पर्यटन प्रवर्द्धन गर्न योगदान पुऱ्याउने,

(ञ) वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधता र जलाधार क्षेत्रको संरक्षण, पुनःस्थापना र दिगो उपयोग गर्न आवश्यक योजना र कार्यक्रम संचालन गर्ने,

(ट) पथरी शनिश्चरे नगरपालिका क्षेत्रभित्रका जलचरको संरक्षण गर्ने,

(ठ) संघ तथा प्रदेशसँग समन्वय र सहकार्य गरी गरिवीको रेखामुनि रहेका जनताको गरिवी न्यूनिकरण गर्न वनको संरक्षण र विकास हुने गरी आय आर्जन तथा पर्यटनका कार्यक्रमहरू संचालन गर्ने,

(ड) सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग गर्न बनाएको वार्षिक कार्ययोजना पथरी शनिश्चरे नगरपालिकाबाट स्वीकृत गरी कार्यान्वयन गराउने,

(ढ) पथरी शनिश्चरे नगरपालिकाक्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्ने,

वातावरण संरक्षण नियमावली २०७७

(ण)सामुदायिक भू-संरक्षण र सोमा आधारित आय आर्जन कार्यक्रमहरु संचालन गर्ने,

(त)संघ तथा प्रदेशको मापदण्डको अधीनमा रही पथरी शनिश्चरे नगरपालिका क्षेत्रभित्रको जडिबुटी तथा अन्य गैरकाष्ट वन पैदावर सम्वन्धि सर्वेक्षण, उत्पादन, संकलन प्रवर्द्धन, प्रशोधन र वजार व्यवस्थापन गर्ने,

**३९. <u>निजी वन दर्ता तथा व्यवस्थापन</u>**:(१) निजी वन दर्ता गराउन चाहने कुनै व्यक्ति वा संस्थाले निजी वन दर्ताको लागि डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयको सिफारिस सहित नगरपालिकामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै निवेदन परेमा आवश्यक जाँचबुझ गरी नगरपालिकाले निजी वन दर्ता गरी प्रमाणपत्र दिनेछ ।

(३) व्यवसायिक प्रयोजनका लागि निजी वन वा निजी आवादीमा रहेको वन पैदावरको संकलन तथा ओसार पसार गर्नु परेमा नगरपालिकाबाट स्वीकृत लिनु पर्नेछ ।

४०. **<u>सार्वजनिक जग्गामा वन विकास सम्बन्धी व्यवस्था</u>**:(१) नगर कार्यपालिकाले प्रचलित नेपाल कानून तथा यस ऐनको अधीनमा रही सार्वजनिक जग्गामा वनको विकास, संरक्षण, व्यवस्थापन गर्न र वन पैदावरको उपयोग तथा बिक्रि वितरण गर्न सक्नेछ ।

(२) नगर कार्यपालिकाले सडक, नहर र बाटो किनारमा लगाइएको तथा बाटोमा छहारी पर्ने रुखहरु र चौतारा, कुलाको मुहान, धार्मिक स्थल वा त्यस्तै अन्य संवेदनशील ठाउँमा लगाइएका रुखहरुको संरक्षण गर्न तथा जोखिमपूर्ण अवस्थामा प्रचलित नेपाल कानूनको अधिनमा रही हटाउन सक्नेछ ।

४१. **<u>सहरी वनको विकास र व्यवस्थापन</u>**:(१) नगर कार्यपालिकाले आफ्नो क्षेत्र भित्रको सहरी क्षेत्र तथा वस्तीमा रहेका सार्वजनिक सडक तथा पार्क जस्ता स्थानमा आफैंले वा कुनै संघसंस्था वा निजी क्षेत्रसँगको साझेदारीमा सहरी वनको विकास तथा व्यवस्थापन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने सहरी वनको वन पैदावार नगर कार्यपालिकाले तोकिए बमोजिम प्रयोग गर्न सक्नेछ ।

४२. **<u>वनक्षेत्रको प्रयोग</u>**:नगर कार्यपालिकाले कुनै विकास आयोजना सञ्चालन गर्दा वन क्षेत्रको प्रयोग गर्नु बाहेक अन्य कुनै विकल्प नभएमा र प्रचलित कानून बमोजिमको

वातावरणीय अध्ययनबाट त्यस्तो योजना सञ्चालन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने देखिएमा सो आयोजना सञ्चालन गर्न त्यस्तो वन क्षेत्रको जग्गा प्राप्त गर्नको लागि संघीय सरकार समक्ष अनुरोध गर्नसक्नेछ ।

४३. **<u>नर्सरी र उद्यान स्थापना तथा व्यवस्थापन</u>** : (१)संघीय तथा प्रादेशिक कानून प्रतिकूल नहुने गरी, प्रचलित मापदण्ड तथा तोकिएको प्रक्रिया पूरा गरेको सुनिश्चित गरी नगर क्षेत्रभित्र जोकोहीले पनि नगर कार्यपालिकाको अनुमतिमा अनुसूचि -२१ वातावरण संरक्षण योजनाको ढाँचा तयार गरि नर्सरी तथा उद्यान सञ्चालन गर्न सक्नेछन् ।

(२)नगरपलिका क्षेत्रभित्र उपदफा(१)बमोजिम सञ्चालन हुने नर्सरी तथा उद्यानको सम्बन्धमा संघीय तथा प्रादेशिक मापदण्डसँग नबाझिने गरी सञ्चालन तथा पूर्वाधार मापदण्ड निर्देशिका बनाई लागू गर्नेछ ।

(३)पथरी शनिश्चरे नगरपालिका क्षेत्रभित्र उपदफा(१)बमोजिम स्थापना हुने सबै नर्सरी तथा उद्यानहरुको कम्तिमा वर्षको एक पटक तोकिए बमोजिम अनिवार्य अनुगमन निरीक्षण गर्नुपर्नेछ ।

४४. **<u>खुल्ला क्षेत्र व्यवस्थापन तथा हरियाली प्रवर्द्धन</u>**:(१) पथरी शनिश्चरे नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेको खुल्ला तथा सार्वजनिक क्षेत्रको संरक्षण, प्रवर्द्धन तथा अभिलेखीकरण गर्नु पर्नेछ ।

(२) नगर कार्यपालिकाले आफ्नो क्षेत्राधिकार भित्र रहेने खुल्ला तथा सार्वजनिक क्षेत्रमा प्रचलित कानूनको प्रतिकूल नहुने गरी वृक्षारोपण, सम्भारर व्यवस्थापन गर्न सक्नेछ ।

(३) खुल्ला तथा सार्वजनिक क्षेत्रको व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था नगरले तोकिए बमोजिम हुनेछ ।

४५. **<u>नदी किनार, नदी उकास नहर किनार र सडक किनारमा वृक्षारोपण</u>**: (१) पथरी शनिश्चरे नगरपालिका भित्रको नदी किनार, नदी उकास नहर किनार र सडक किनारमा नगर कार्यपालिकाको अनुमति लिई वृक्षारोपण गर्न सक्नेछ ।

(२) नगर कार्यपालिकाले वृक्षारोपण सम्बन्धी मापदण्ड बनाई लागू गर्न सक्नेछ ।



वातावरण संरक्षण नियमावली २०७७

## परिच्छेद-६

## संस्थागत व्यवस्था

४६. **वातावरण तथा प्राकृतिक स्रोत संरक्षण कोषको स्थापना र सञ्चालनः** (१)पथरी शनिश्चरे नगरपालिकामा वातावरण संरक्षण, प्रदूषणको रोकथाम तथा नियन्त्रणका साथै जैविक विविधताको संरक्षण लागि वातावरण तथाप्राकृतिक स्रोत संरक्षण कोषको स्थापना हुनेछ ।

(२)उपदफा(१)बमोजिमको कोषमा देहायका रकमहरु रहने छन् :

(क) संघ, प्रदेश सरकारबाट वातावरण संरक्षणका लागि प्राप्त रकम,

(ख) विभिन्न संघ संस्थावाट प्राप्त रकम,

(ग) अन्य स्रोतवाट प्राप्त रकम।

(३)वातावरण तथा प्राकृतिक स्रोत संरक्षण कोषको संचालन ऐनको दफा ४७ बमोजिम गठन भएको परिषदको सिफारिसमा नगर कार्यपालिकाले तोकिए बमोजिम हुनेछ।

४७. **वातावरण तथा प्राकृतिक स्रोत संरक्षण परिषद गठन गर्न सक्नेः**(१) वातावरण, जैविक विविधता र प्राकृतिक स्रोत संरक्षण सम्बन्धी कार्यलाई व्यवस्थित रुपमा कार्यान्वयन गर्न, नीति योजना निर्माण गर्न, विभिन्न निकायहरु वीच समन्वय गर्न तथा यस ऐन अन्तर्गत अनुगमन तथा निरिक्षण गर्न नगरपालिकामा वातावरण सम्बन्धी विशेषज्ञ सम्मिलित वातावरण तथा प्राकृतिक स्रोत संरक्षण परिषद रहनेछ ।

(२)उपदफा (१) बमोजिमको परिषदमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरू रहनेछन;

(क) नगरपालिका प्रमुख- अध्यक्ष

(ख) उपप्रमुख- सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत- सदस्य

(घ) वाताबरण तथा विपद ब्यबस्थापन समिति संयोजक- सदस्य

(ङ) स्थानीय तह भित्र रहेको/ नजिकको सब डिभिजन वन कार्यालयको अधिकृत स्तरको प्रतिनिधि -सदस्य

वातावरण सुरक्षा नियमावली २०७७

(च) वातावरण तथा प्राकृतिक स्रोतको क्षेत्रमा काम गरेका विज्ञ १ महिलासहित २ जना-सदस्य

(छ) स्थानीय. वासिन्दाहरूमध्ये वन उपभोक्ता समितिहरूवाट १जना सहित नगर कार्यपालिकाले तोकेका १ महिला समेत २ जना-सदस्य

(ज) आर्थिक विकास समिति संयोजक- सदस्य

(झ) सामाजिक विकास समिति संयोजक- सदस्य

(ञ) वाताबरण तथा सरसफाई शाखा संयोजक- सदस्य सचिव

(३)वातावरण तथा प्राकृतिक स्रोत संरक्षण परिषद्को अन्य काम, कर्तव्य तथा अधिकार सञ्चालक परिषदको बैठक सम्वन्धी कार्यविधि सञ्चालक परिषदले निर्धारण गरे बमोजिम हुनेछ ।

४८.**समितिहरु गठन गर्न सक्ने**: (१)नगर कार्यपालिकाले यो ऐन उद्देश्य पूर्तिको लागि सम्बन्धित विषयका विशेषज्ञहरु समेत रहेको विभिन्न समितिहरु गठन गर्न सक्नेछ।

(२)उपदफा (१)बमोजिम गठित समितिहरुको काम, कर्तव्य र अधिकार नगर कार्यपालिकाले तोकिदिए बमोजिम हुनेछ ।

(ख) वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको हकमाः

(१) स्वीकृतिका लागि प्रदेश तथा संघ समक्ष पेश भएका प्रत्येक प्रस्तावको वेग्ला वेग्लै समिति गठन गर्नु पर्नेछ ।

(२) ऐनको ४७ को उपदफा २ बमोजिमको समितिले नै क्षेत्र निर्धारण प्रतिवेदन, कार्यसूची र वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृतिको लागि सिफारिश गर्नेछ ।

(३) वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृतिको लागि सिफारिश गर्ने सम्वन्धित नगरले समेत उपखण्ड (१) बमोजिमको समिति गठन गर्न सक्नेछ र सोही समितिको सिफारिसका आधारमा क्षेत्र निर्धारण प्रतिवेदन, कार्यसूची र वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन प्रदेश तथा संघिय मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

वातावरण संरक्षण नियमावली २०७७

(२) यस नियम बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन मूल्याङ्कन समितिका लागि आवश्यक पर्ने विषयविज्ञको नामावली अद्यावधिक गरी राख्नु पर्नेछ ।

४९. **अनुगमन तथा मूल्यांकन**ः (१) ऐनको दफा ४९ मा उल्लेखित व्यवस्था अनुसार नगरले अनुगमन तथा निरीक्षण गर्दा प्रस्ताव स्वीकृत हुँदाका बखतको वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेखित प्रभावभन्दा वढी प्रभाव परेको देखिएमा नगरले त्यस्तो प्रभाव हटाउन वा हटाउने उपायहरु अवलम्बन गर्न प्रस्तावकलाई आवश्यक निर्देशन दिनेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्वन्धित प्रस्तावकको कर्तब्य हुनेछ ।

(२) सम्वन्धित निकायले प्रत्येक आर्थिक वर्षमा स्वीकृत गरेको संक्षिप्त वातावरणीय अध्ययन र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको विवरण सहितको अनुगमन तथा मूल्याङ्कनको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र सघिय मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) प्रस्तावकले प्रस्तावको निर्माण तथा सञ्चालन गर्ने चरणहरुमा प्रत्येक छ /छ महिनामा स्वः अनुगमन गर्नु पर्नेछ र सो अनुगमनको प्रतिवेदन नगरमा पेश गर्नु पर्नेछ ।

(४) ऐनको दफा ४९ को उपदफा (१) र (२) अनुसार यस नियमावलीको कार्यान्वयन भए नभएको सम्वन्धमा गरिने अनुगमन तथा निरीक्षणका लागि देहायका व्यवस्थाहरु अवलम्बन गर्नु पर्नेछः

(क) अनुगमन तथा निरीक्षणका लागि सालवसाली रुपमा कार्ययोजनाको तर्जुमा गर्ने ।

(ख) खण्ड (क) को योजना अनुसार आवश्यक पर्ने जनशक्ति र खर्चको लेखाजोखा गरी वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गराउने ।

(ग) अनुगमन तथा निरीक्षण प्रतिवेदन अनुसूची-२१ बमोजिमको ढाँचामा तयार गरी सालवसाली रुपमा आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र एकीकृत वार्षिक प्रतिवेदन सार्वजनिक गर्ने ।

(घ) खण्ड (ग) बमोजिमको प्रतिवेदनद्वारा औंल्याइएका सुझाव तथा सिफारिसहरुको प्राथमिकता र अनिवार्यताका आधारमा सम्बद्ध निकायले कार्यान्वयन गर्ने ।

**स्पष्टिकरणः** सम्बद्ध निकायले भन्नाले अनुगमन प्रतिवेदनले सुझाव कार्यान्वयन गर्नको लागि जिम्मेवारी देखाएको निकाय सम्झनुपर्दछ ।

वातावरण संरक्षण नियमावली २०७७

५०. **<u>वातावरण संरक्षण योजना तर्जुमा गर्ने</u>**: (१) ऐनको दफा ५० को उपदफा (१) बमोजिम कायम गरिएको वातावरण संरक्षण क्षेत्रको अनुसूची-२० बमोजिमको ढाँचामा वातावरण संरक्षण योजना तयार गर्नु पर्नेछ ।

(२) नगर कार्यपालिकाले वातावरण तथा जैविक विविधता संरक्षण योजना तर्जुमा तथा कार्यान्वयन गर्नेछ।

(३) नगर कार्यपालिकाले वातावरण संरक्षण योजना तर्जुमा गर्दा वातावरण संरक्षण, जैविक विविधताको संरक्षण र प्रवर्द्धन, दीगो उपयोग र वातावरणीय र जैविक विविधताका स्रोतहरूको परम्परागत र स्थानीय अभ्यासहरूलाई समेत समावेश गर्नुपर्नेछ।

(४) उपदफा (२) बमोजिमको वातावरण तथा जैविक विविधता संरक्षण योजना बनाउँदा महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागरिक र आर्थिक रुपमा विपन्न समुदायलाई विशेष प्राथमिकता दिनुपर्नेछ।

## परिच्छेद-७
## <u>कसूर, जरिवाना तथा क्षतिपुर्ती</u>

५१. **<u>कसूरः</u> कसैले देहायको कुनै काम गरेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछ :-**

(क) नगर कार्यपालिकाले तोकिदिएको समय र स्थान बाहेक अन्यत्र फोहरमैला निष्काशन गर्ने,

(ख) कण्टेनर वा फोहरमैला संकलन केन्द्रमा राखिएको फोहरमैला अनाधिकृत तवरले प्रयोग गर्ने,

(ग) फोहरमैला संकलन केन्द्रमा राखिएको कण्टेनर तोडफोड गर्ने क्षति पुऱ्याउने, राखिएको स्थानबाट हटाउने वा संकलन केन्द्रमा कुनै नोक्सानी पुऱ्याउने,

(घ) यस ऐन बमोजिम अनुमति नलिई फोहरमैला व्यवस्थापनको कार्य गर्ने,

(ङ) यस ऐन बमोजिम फोहरमैला व्यवस्थापनको लागि प्रदान गरिएको अनुमतिपत्रमा उल्लेखित शर्तहरु उल्लङ्घन गर्ने,

(च) फोहरमैला संकलन केन्द्र, कण्टेनर वा फोहरमैला थुपार्ने ठाउँमा कुनै पनि किसिमको हानिकारक पदार्थ फाल्ने, राख्ने वा थुपार्ने,

वातावरण संरक्षण नियमावली २०७७

(छ) घर, कम्पाउण्ड तथा परिसरको फोहरमैला सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने, फाल्ने वा थुपार्ने,

(ज) फोहरबाट निस्केको दूषित पानी (लिचेट) वा ढल चुहाई अन्य व्यक्तिको घर वा जग्गा प्रदूषित गराउने,

(झ) सडक वा अन्य सार्वजनिक स्थानमा सरसफाई तथा फोहरमैला संकलन गर्न नगर कार्यपालिकाले तोकेको समय वा सफाई गर्दाको समयमा त्यस्तो ठाउँमा कुनै पनि किसिमको सवारी साधन बिसाउने वा बिसाइराखेको सवारी साधन हटाउने इन्कार गर्ने,

(ञ) नगर कार्यपालिकाले तोकेको ठाउँमा बाहेक जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गरी सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको हानिकारक फोहरमैला राख्ने, फाल्ने, थुपार्ने वा निष्काशन गर्ने,

(ट) रासायनिक फोहरमैला, औद्योगिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने,

(ठ) औद्योगिक प्रतिष्ठान वा स्वास्थ्य संस्थाले उद्योग वा स्वास्थ्य संस्थाबाट निस्कने हानिकारक फोहरमैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने,

(ड) फोहरमैला संकलन, ढुवानी तथा फोहरमैला व्यवस्थापनमा बाधा अवरोध सिर्जना गर्ने,

(ढ) फोहरमैला संकलन, ढुवानी तथा अन्तिम निष्काशन स्थलमा अवरोध, बन्द, घेराउ गर्ने वा फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यमा बाधा पुर्‍याउने,

(ण) फोहरमैला अत्याधिक उत्पादन हुने वस्तु भनी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी प्रतिबन्ध लगाएको कुनै वस्तु उत्पादन तथा बिक्री वितरण गर्ने,

(त) प्रचलित कानून बमोजिम तोकिएको मापदण्ड विपरित रासायनिक विषादीको आयात गर्ने वा समयावधि सकिएको रासायनिक विषादी प्रचलित कानून र मापदण्ड बमोजिम नष्ट गर्ने जिम्मेवारी पूरा नगर्ने,

(थ) स्रोत मै फोहरमैलाको पृथकीकरण नगरी फोहरमैला मिसाएर निष्काशन गर्ने,

(द) मरेको वा मारेको पशुपक्षी र सोको लादी, प्वाँख, हड्डी तथा माछाको कत्ला आदि सार्वजनिक स्थल, सडक, गल्ली, चोकमा राख्ने, फाल्ने वा थुपार्ने।

**५२. <u>सजाय तथा जरिवाना</u>**ः(१)फोहरमैला व्यवस्थापन सम्बन्धमा कसैले देहायको कार्य गरेमा देहाय बमोजिमको सजाय तथा जरिवाना गर्नेछः

(क) दफा ५१ को खण्ड (क) बमोजिमको कसूर गर्ने व्यक्तिलाई नगर कार्यपालिकाले पहिलो पटक भए पाँच सय देखि तिन हजार रुपैयाँसम्म जरिवाना, दोस्रो पटक सोही कसूर गरेमा तिन हचार रुपैयाँदेखि छ हजार रुपैयाँसम्म जरिवाना र सोही कसूर तेस्रो वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि दश हजार रुपैयाँका दरले जरिवाना गरी फोहरमैला उठाउँदा लाग्ने खर्च समेत निजबाट असूल उपर गर्न सक्नेछ ।

(ख) दफा ५१ को खण्ड (ख) र (झ) बमोजिमको कसूर गर्नेलाई नगर कार्यपालिकाले पाँच सय रुपैयाँदेखि तिन हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(ग) दफा ५१ को खण्ड (ग) बमोजिमको कसूर गर्नेलाई नगर कार्यपालिकाले दश हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना गरी कण्टेनर वा संकलन केन्द्र व्यवस्थापन गर्न लाग्ने खर्च असूल उपर गर्न सक्नेछ ।

(घ) दफा ५१ को खण्ड (घ) र (ङ) बमोजिमको कसूर गर्नेलाई नगर कार्यपालिकाले दश हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना गरी अनुमति नलिएसम्म त्यस्तो कार्य गर्न रोक लगाउनेछ ।

(ङ) दफा ५१ को खण्ड (च) बमोजिमको कसूर गर्नेलाई नगर कार्यपालिकाले तिन हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो वस्तु वा पदार्थबाट कुनै क्षति

वातावरण संरक्षण नियमावली २०७७

भइसकेको भए त्यस्तो क्षति बापतको रकम समेत कसूर दाताबाट असूल उपर गर्न सक्नेछ ।

(च) दफा ५१ को खण्च (छ), (ज) र (द) बमोजिमको कसूर गर्नेलाई नगर कार्यपालिकाले तिन हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(छ) दफा ५१ को खण्ड (ञ) बमोजिमको कसूर गर्नेलाई नगर कार्यपालिकाले पाँच हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(ज) दफा ५१ को खण्ड (ट), (ठ) र (त) बमोजिमको कसूर गर्नेलाई नगर कार्यपालिकाले पच्चिस हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ र सोही कसूर पुनः गरेमा पहिलो पटक गरेको जरिवानाको दोब्बर जरिवाना गरी प्रचलित कानून बमोजिम अनुमति रद्द गर्नको लागि सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ ।

(झ) दफा ५१ को खण्ड (ड), (ढ) र (ण) बमजिमको कसूरलाई प्रचलित संघीय कानून बमोजिम सजाय हुनेछ ।

(ञ) दफा ५१ को खण्ड (थ) बमोजिमको कसूर गर्नेलाई सम्बन्धित नगर कार्यपालिकाले प्रत्येक पटक पाँच सय रुपैयाँ जरिवाना गर्न सक्ने छ ।

(२)वातावरण संरक्षण सम्बन्धमा कसैले देहायको कार्य गरेमा नगर कार्यपालिकाले देहाय बमोजिमको जरिवाना गर्नेछः

(क) संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराउनु पर्ने प्रस्तावको हकमा त्यस्तो प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदन विपरीत हुने कार्य गरेमा पाँच हजार रुपैयाँ देखि एक लाख रुपैयाँसम्म,

(ख) प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदन विपरीत हुने कुनै प्रस्ताव कार्यान्वयन गरेमा दुईलाख रुपैयाँसम्म ।

(३) कसैले उपदफा (२) बमोजिमको कार्य गरेमा सम्बन्धित नगर कार्यपालिकाले तुरुन्त रोकी वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराएमा यस ऐन बमोजिम त्यस्तो प्रतिवेदन स्वीकृत गराउन र त्यस्तो प्रतिवेदन कार्य भएकोमा सो कार्यलाई सुधार गर्न आदेश दिनेछ र यसरी दिइएको आदेश बमोजिम गर्नु सम्बन्धित व्यक्ति वा संस्थाको कर्तव्य हुनेछ ।यसरी दिइएको आदेश बमोजिम कार्य नभएमा कार्यपालिकाले उपदफा (१) बमोजिम गरिएको जरिवानाको तेब्बर जरिवाना गर्नेछ ।

(४) उपदफा (२) मा उल्लेखित विषय बाहेक कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड विपरीतका कुनै कार्य गरेमा नगर कार्यपालिकाले त्यस्तो कार्य गर्न बन्देज लगाई तीन लाख रुपैयाँसम्म जरिवाना गरी दुई महिनाभित्र यो ऐन वा यस ऐन बमोजिम बनेको नियम, वा मापदण्ड बमोजिमको कार्य गर्न आदेश दिन सक्नेछ ।यसरी दिएको आदेश बमोजिम कार्य नभएमा यस उपदफा बमोजिम गरिएको जरिवानाको दोब्बर जरिवाना लाग्नेछ ।

(५) उपदफा (३) वा (४) बमोजिम दिएको आदेश बमजिमको कार्य नभएमा त्यस्तो कार्यमा बन्देज लगाइनेछ र त्यस्तो व्यक्ति वा संस्थालाई कालो सूचीमा राख्ने सम्बन्धमा आवश्यक कारबाही गर्न नगर कार्यपालिकाले सिफारिस सहित संघ र प्रदेश सरकारमा पठाउनु पर्नेछ ।

(६) यस दफा बमोजिम जरिवाना गर्नु अघि जरिवाना गर्न लागेको व्यक्ति वा संस्था वा आयोजनालाई सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

**५३.**<u>क्षतिपूर्ति</u> : (१) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, वा मापदण्ड विपरीत प्रदूषण गरेको वा जोखिमपूर्ण फोहर निष्कासन गरेको वा कुनै दुर्घटनाजन्य प्रदूषणका कारणबाट कुनै व्यक्ति वा संस्थालाई कुनै हानी नोक्सानी पुग्न गएमा त्यस्तो कार्यबाट पीडित व्यक्ति वा संस्थाले आफूलाई पुग्न गएको क्षति बापतनगर कार्यपालिका वा तोकिएको निकायबाट क्षतिपूर्ति भराई पाउन निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन सम्बन्धमा छानबिन तथा जाँचबुझ गर्दा निवेदकलाई हानी नोक्सानी भएको ठहरेमा क्षतिको यकिन गरी त्यसरी हानि नोक्सानी पुऱ्याउने व्यक्ति, संस्था वा प्रस्तावकबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ ।

(३)पथरी शनिश्चरे नगरपालिकाको कुनै निकाय वा पथरी शनिश्चरे नगरपालिकाको स्वामित्व र नियन्त्रणमा रहेको संस्थाले प्रदूषण गरी क्षति पुगेको विषयमा परेको निवेदन सम्बन्धमा छानबिन गर्न नगर कार्यपालिकाले मनोनयन गरेको तीन जना विज्ञ रहेको समिति गठन

वातावरण संरक्षण नियमावली २०७७

हुनेछ र सो समितिको सिफारिसको आधारमा उपदफा (२) वा (३) बमोजिम क्षतिपूर्ति भराई दिनु पर्नेछ।

(४) उपदफा (३) वमोजिमको समितिले यस नियमावलीमा भएको प्रकृया बमोजिम नै क्षतिपूर्ति भराउन प्रतिवेदन नगरमा पेश गर्नु पर्नेछ ।

**५४.** **<u>निवेदन दिन सक्ने</u>**:(१) कसैले यस ऐन विपरित वातावरणीय अध्ययन प्रतिवेदेन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदन विपरीत हुने गरी प्रस्ताव कार्यान्वयन गरेमा वा यस ऐन विपरित हुने कार्य गरेमा वा गर्न लागेमा नगर कार्यपालिका वा नगर कार्यपालिकाले तोकेको अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।

**५५.** **<u>पुनरावेदन</u>**:(१) दफा ५२ बमोजिम भएको जरिवाना उपर चित्त नबुझ्ने पक्षले उक्त जरिवाना उपर सम्बन्धित अदालतमा पैंतिस दिनभित्र पुनरावेदन गर्न सक्नेछ ।

(२) दफा ५३ बमोजिम क्षतिपूर्ति निर्धारण सम्बन्धमा भएको निर्णय उपर चित्त नबुझ्ने पक्षले पैंतिस दिनभित्र सम्बन्धित अदालतमा पुनरावेदन दिन सक्नेछ ।

**५६.<u>सहुलियत तथा सुविधा प्रदान गर्न सक्ने</u>**:वातावरण तथा जैविक विविधता संरक्षणमा सकारात्मक प्रभाव पार्ने कुनै उद्योग, व्यवसाय, प्रविधि वा प्रक्रियालाई प्रोत्साहित गर्न कानून बमोजिम प्रदान गरिएको सहुलियत तथा सुविधाको अतिरिक्त पथरी शनिश्चरे नगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशित गरि सहुलियत तथा सुविधा प्रदान गर्न सक्नेछ ।

## परिच्छेद- ८
## <u>विविध</u>

**५७.** **<u>ढुङ्गा, गिटि, वालुवा, माटोको उत्खनन, संकलन, उपयोग, विक्री तथा वितरण सम्बन्धमा</u>**:(१) पथरी शनिश्चरे नगरपालिका क्षेत्राधिकार भित्र रहेका ढुङ्गा, गिटि, वालुवा तथा माटोको उत्खनन, संकलन, उपयोग, बिक्रि तथा वितरण सम्बन्धी व्यवस्था संघीय सरकारले जारी गरेको मापदण्ड अनुरुप हुनेछ , वातावरण संरक्षण र प्रदुषण नियन्त्रण तथा रोकथामका लागि वन क्षेत्र वाहेकको नदीजन्य पदार्थको उत्खनन्, संकलन, प्रशोधन, भण्डारण र ओसार  पसारका सम्वन्धमा नगरको निर्धारित मापदण्डका आधारमा तयार गरिएको कार्यविधि बमोजिम हुनेछ ।

५८. **<u>भू-उपयोग योजना र भूमि व्यवस्थापन कार्यक्रम सञ्चालन</u>**ः संघीय तथा प्रदेश कानूनको अधिनमा रही पथरी शनिश्चरे नगरपालिकाले स्थानीय तहकोभू-उपयोग योजना र भूमि व्यवस्थापन कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

५९. **<u>समन्वय र सहजीकरण गर्ने</u>**ः वातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धि राष्ट्रिय तथा प्रादेशिक अभियानमा पथरी शनिश्चरे नगरपालिकाले आवश्यक समन्वय तथा सहयोग गर्नेछ।

६०. **<u>सर्वेक्षण</u>ः नगर** कार्यपालिकाले आफ्नो क्षेत्रमा रहेको वातावरणीय तथा जैविक विविधताको वस्तुस्थिति बुझ्न तथा यकिन गर्न आवधिक रुपमा तोकिए बमोजिमको ढाँचामा वातावरणीय तथा जैविक विविधता सर्वेक्षण गर्न सक्नेछ ।

६१. **<u>गुनासो व्यवस्थापन</u>ः नगर** कार्यपालिकाले वातावरण, वातावरण संरक्षण तथा जैविक विविधता सम्बन्धित गुनासो र उजुरीको संकलन गर्ने र त्यसको सम्बोधनको लागि एक अधिकारी तोक्न सक्नेछ ।

६२. **<u>परामर्श लिन सक्ने</u>ः नगर**सभा/नगर कार्यपालिका वा वातावरण तथा सरसफाई शाखा ले ऐन तथा नियामाबलीको कार्यान्वनयको लागि सम्बन्धित विषयका विज्ञसँग सल्लाह र परामर्श लिनसक्नेछ।

६३. **<u>अधिकार प्रत्यायोजन गर्न सक्नेः अधिकार प्रत्यायोजन</u>**ः(१) नगरले यस नियमावली बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार आफू मातहतका शाखा वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजित गर्न सक्नेछ ।

(२) नगरले यस नियमावली बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार आफू मातहतको निकाय वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

६४. **<u>प्रचलित कानून बमोजिम हुने</u>**ः यस नियामाबलीमा लेखिएजति कुरामा यसै नियामावली बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ।

६५. **<u>नियम बनाउन सक्ने</u>**ः यस नियामाबली कार्यान्वयनको लागि नगर कार्यपालिकाले आवश्यक नियम बनाउने तथा अनुसूचिमा हेरफेर गर्न सक्नेछ र त्यस्तो नियम तथा अनुसूचि हेरफेर पथरी शनिश्चरे नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन पश्चात लागू हुनेछ ।

६६. **<u>वचाउः</u>**यो नियमावली प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम भए गरेको काम कारवाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची-१

नियम ३ को उपनियम (१) सँग सम्वन्धित

**संक्षिप्त वातावरणीय अध्ययन गर्नु पर्ने प्रस्तावहरु**

**(अ) वन क्षेत्र**

१. १० देखि ५० हेक्टर सम्मको क्षेत्रफलमा एकल प्रजातिका स्वदेशी विरुवा एउटै ब्लकमा वृक्षारोपण गर्ने ।

२. सम्वन्धित ठाउँमा परीक्षण भई वृक्षारोपणको लागि उपयुक्त भएका आयातित प्रजातिका विरुवाहरु १० हेक्टरसम्मको क्षेत्रफलमा एउटै ब्लकमा बृक्षारोपण गर्ने ।

३. २० हेक्टरसम्म क्षेत्रफलमा नयाँ वनस्पति उद्यान, वन विउ बगैंचा र प्राणी उद्यान (चिडियाखाना) निर्माण गर्ने ।

४. विभिन्न प्रजातिका आयातित जङ्गली जनावरहरु प्रतिस्थापन गर्ने ।

५. वन क्षेत्र, मध्यवर्ती क्षेत्र, वन संरक्षण क्षेत्र तथा संरक्षण क्षेत्रभित्र रहेका प्रत्येक नदी, खोलाबाट दैनिक ५० घनमिटरसम्म बालुवा, ढुङ्गा, ग्राभेल र माटो संकलन गर्ने ।

६. १ हेक्टरसम्मको वन क्षेत्र अन्य प्रयोजनको लागि प्रयोग गर्ने ।

७. एक नगरबाट बार्षिक ५ टनसम्म खोटो सङ्कलन गर्ने ।

८. मध्यवर्ती क्षेत्र, वन संरक्षण क्षेत्र, संरक्षण क्षेत्र तथा वातावरण संरक्षण क्षेत्रमा निजी जगगा बाहेक अन्यत्र नगरले उपभोक्ता समूह मार्फत निर्माण तथा संचालन हुने आयोजना निर्माण गर्न ।

९. आनुवंशिक स्रोत माथिको पँहुच, उपयोग र लाभको बाँडफाँडमा सम्वन्धित प्रस्ताव ।

१०. २० हेक्टरसम्म क्षेत्रफलको व्यवसायिक वन कबुलियती वनको रुपमा दिने ।

११. सरकारद्वारा व्यवस्थित वन अनुसन्धानको प्रयोजनार्थ वार्षिक १५ हेक्टर क्षेत्रफलसम्मको राष्ट्रिय तथा प्रादेशक वन सरपट कटान गर्ने ।

१२. ५ कि.मि. देखि १० कि.मि. सम्म लम्बाईको वन पथ र अग्नी रेखा निर्माण गर्ने ।

**(आ) उद्योग क्षेत्र**

१. १० लाख रुपैयाँ देखि ५० लाख रुपैयाँ सम्म मेसिन उपकरणमा लगानी भएको वर्कशप (मर्मत सम्भार गर्ने समेत) स्थापना तथा सञ्चालन गर्ने ।

**(इ) सडक क्षेत्र**

१. १०० मिटर लम्बाई सम्मको पुल निर्माण गर्न ।

२. स्थानीय सडकहरु निर्माण गर्न ।

३. ५ किलोमिटर सम्मको शहरी सडकको स्तरोन्नति गर्न ।

४. कृषियोग्य जमिनमा १० फिट भन्दा बढी चौडाई भएको ५० मिटर भन्दा बढी लम्बाई भएको वाटो निर्माण गर्न ।

**(ई) आवास, भवन तथा बस्ती विकास र शहरी विकास क्षेत्र**

१. ७ देखि १० तल्ला वा १५.५ देखि २५ मिटरसम्मका अग्ला भवनहरु निर्माण गर्ने ।

२. ३००० देखि ५००० वर्गमिटर क्षेत्रफलसम्मको Built Up Area वा Floor Area भएको Residential वा Commercial वा संयुक्त भवन निर्माण गर्ने ।

३. ५०० देखि १००० जनासम्म एकै पटक आगमन तथा निगमन हुने सिनेमा हल, थिएटर, Community Hall, Stadium, Concert Hall, Sport Complex निर्माण गर्ने ।

४. ५ देखि १० हेक्टरसम्मको जग्गा विकास आयोजना सञ्चालन गर्ने ।

५. ५ हेक्टरसम्म Hard Surface Pavement (Dry Port, Bus Park, Parking Lot आदि) निर्माण गर्ने ।

६. ५ हजार लिटर देखि १० हजार लिटर सम्म दैनिक पानीको प्रयोग हुने भवन निर्माण तथा संचालन गर्न ।

७. १०० के.जि. देखि ५०० के.जि. सम्म दैनिक फोहोरमैला उत्पादन हुने भवन निर्माण तथा संचालन गर्न ।

**(उ) ऊर्जा, जलस्रोत तथा सिंचाई क्षेत्र**

१. ६६ के.भि. सम्मको विद्युत प्रसारण लाइन आयोजनाको लागि वन क्षेत्र प्रयोग गर्नु पर्ने भएमा ।

२. १००हेक्टरसम्म लिफ्ट सिंचाई आयोजना निर्माण गर्न ।

जल तथा मौसम मापन केन्द्र र मौसमी राडार स्थापना कार्य गर्दा वन क्षेत्र प्रयोग गर्नुपर्ने भएमा ।

**(ओ) स्वास्थ्य क्षेत्र**

२५ शैयासम्मको अस्पताल, नर्सिङ होम, पोली क्लिनिक निर्माण तथा संचालन गर्न ।

वातावरण संरक्षण नियमावली २०८०

## अनुसूची-२

नियम ३ को उपनियम (१) सँग सम्वन्धित

**प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने प्रस्तावहरु**

**(अ) वन क्षेत्र**

१. ५० देखि ५०० हेक्टरसम्मको क्षेत्रफलमा एकल प्रजातिका स्वदेशी विरुवा एउटै ब्लकमा वृक्षारोपण गर्ने ।

२. सम्वन्धित ठाउँमा परीक्षण भई वृक्षारोपणको लागि उपयुक्त भएका आयातित प्रजातीका विरुवाहरु तराईमा १० हेक्टर देखि ५० हेक्टरसम्म र पहाडमा १० हेक्टरदेखि २५ हेक्टरसम्मका क्षेत्रफलमा एउटै ब्लकमा वृक्षारोपण गर्ने ।

३. २० हेक्टरभन्दा बढीको क्षेत्रफलमा नयाँ वनस्पति उद्यान, वन वीउ बगैंचा र प्राणी उद्यान (चिडियाखाना) निर्माण गर्ने ।

४. वन क्षेत्र भएर बहने प्रत्येक नदी, खोलाबाट दैनिक ५० घनमिटरभन्दा बढी वालुवा, ढुङ्गा, ग्राभेल र माटो संकलन गर्ने । यसमा वन क्षेत्र भन्नाले सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, कबुलियती वन, संरक्षित वन, मध्यवर्ती क्षेत्र, सिमसार क्षेत्र, संरक्षण क्षेत्रको वन क्षेत्रहरुलाई जनाउँछ ।

५. १ हेक्टर देखि ५ हेक्टरसम्मको वन क्षेत्र अन्य प्रयोजनको लागि प्रयोग गर्ने । तर यो नियमावली प्रारम्भ हुनु भन्दा अघि वन क्षेत्रमा सडकको ट्र्याक तयार भएको हकमा उक्त सडकको स्तरोन्नती गर्दा थप हुने व क्षेत्रको क्षेत्रफल मात्र गणना गर्नु पर्नेछ ।

६. नगरबाट वार्षिक ५ मे. टन भन्दा बढी खोटो संङ्कलन गर्ने ।

७. नगरमा २० देखि १०० हेक्टरसम्म क्षेत्रफलको व्यवसायिक वन कबुलियती वनको रुपमा दिने ।

८. सरकारद्वारा वन अनुसन्धानको प्रयोजनार्थ वार्षिक १५ देखि ३० हेक्टरसम्म क्षेत्रफलसम्मको राष्ट्रिय तथा प्रादेशिक वन सरपट कटान गर्ने ।

९. १० कि.मि. भन्दा बढी लम्बाईको वन पथ र अग्नी रेखा निर्माण गर्ने ।

१०. राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, मध्यवती क्षेत्र, संरक्षित वन तथा संरक्षण क्षेत्र र वातावरण संरक्षण क्षेत्र स्थापना गर्ने वा विस्तार गर्ने ।

११. राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष, सिमसार क्षेत्र तथा संरक्षित जलाधार क्षेत्रको व्यवस्थापन कार्ययोजना तयार गर्ने ।

नागरिक सरोकार नियमावली २०८०

१२. देहाय अनुसारको वन पैदावार संकलन गर्ने गरी नगर भित्रको पञ्चवर्षीय वन कार्ययोजना, मध्यवर्ति क्षेत्र तथा संरक्षण क्षेत्रको व्यवस्थापन योजना तयार गर्ने तथा संरक्षित वनको कार्ययोजना तयार गर्ने ।

(क) वार्षिक ५ मेट्रिक टनसम्म जरा तथा गानो संकलन गर्ने

(ख) वार्षिक १५मेट्रिक टन सम्म बोक्रा संकलन गर्ने,

(ग) वार्षिक १५ मेट्रिक टनसम्म पात डाँठ संकलन गर्ने, (सालसिड, रिठ्ठा र अमला, तेन्दुपात, भोर्लापात, तेजपात बाहेक)

(घ) बार्षिक १५ मेट्रिक टनसम्म फूल र भुवा संकलन गर्ने,

(ङ) वार्षिक २० मेट्रिक टनसम्म फल र बीज संकलन गर्ने,

(च) वार्षिक १ लाखसम्म बिरुवा संकलन गर्ने,

(छ) वार्षिक २० मेट्रिक टनसम्म गम, रेजिन (सल्लाको खोटो बाहेक) लोहवान संकलन गर्ने,

(ज) वार्षिक १०-१५ हजार घनफीट सम्म काठ उत्पादन तथा संकलन गर्ने,

**स्पष्टिकरणः** माथी खण्ड (क) देखि खण्ड (ज) सम्मको परिमाण भन्नाले नगरभित्रको राष्ट्रिय तथा प्रादेशिक वन अन्तर्गत सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, कबुलियती वन व्यवस्थापन पद्दतिहरु सञ्चालन हुने भएकोले नगरको पञ्चवर्षीय वन व्यवस्थापन योजनामा सबै वन व्यवस्थापन पद्दितहरु उल्लेख गरी सोबाट निकाल्न सकिने उल्लेखित वन पैदावारको कुल परिमाणलाई जनाउनेछ र एक नगरमा सव डिभिजन वन कार्यालयहरु भएकोमा कार्यालय अनुसार पञ्चवर्षीय वन व्यवस्थापन योजना तयार गर्नु पर्नेछ ।

१३. सार्वजनिक बुट्यान क्षेत्रमा जडिबुटी र सुगन्धित वनस्पतिको व्यवसायिक उत्पादनको लागि जडिबुटी केन्द्र स्थापना गर्ने ।

१४. प्रचलित कानून अनुसार प्रशोधन गरी सारतत्व निकाली निकासी गर्न पाइने प्रजातीहरुको हकमा एक नगरबाट प्रति प्रजाती ५ देखि १० टनसम्म वन पैदावार संकलन गर्ने ।

१५. वन क्षेत्र, वन संरक्षण क्षेत्र, राष्ट्रिय निकुञ्ज, आरक्ष तथा संरक्षण क्षेत्रको वन क्षेत्र, मध्यवर्ति क्षेत्रको वन क्षेत्र, सिमासर क्षेत्र र वातावरण संरक्षण क्षेत्रको वन क्षेत्रमा २५ शैयासम्मको रिसोर्ट, होटल र अस्पताल तथा शिक्षण संस्था निमार्ण कार्य गर्ने ।

१६. स्वीकृत वन कार्ययोजना बमोजिम ५ हेक्टरभन्दा बढी क्षेत्रबाट कटान भएका रुखको जरा, ठुटा निकाल्ने ।

नागरिक सरोकार नियमावली २०७७

१७. बाह्य (एक्जोटिक) तथा मिचाहा (इन्भेसिभ) जङ्गली प्राणी तथा वनस्पतिको स्थापना (Introduced) लगायत जि.एम.ओ. ( Genetically Modified Organism) र एल.एम.ओ. (Living Modified Organism) प्रभावित प्रजाति एवं प्रविधिको स्थापना, प्रशारण तथा अनुसन्धान सम्वन्धी कार्य गर्ने ।

१८. वैज्ञानिक वन व्यवस्थापन लागू गरी वैज्ञानिक वन व्यवस्थापनको कार्ययोजना कार्यान्वयन पर्ने ।

१९. वन क्षेत्रमा पर्यापर्यटन संचालन गर्नु पर्ने भएमा ।

**(आ) उद्योग क्षेत्र**

१. दैनिक १०,००० लिटरभन्दा बढी क्षमताको दूग्ध प्रशोधन (दूधको परिकार समेत) उद्योग स्थापना गर्ने ।

२. ब्लेन्डिङ प्रक्रियाबाट मदिरा उत्पादन गर्ने तथा दैनिक ५ लाख लिटरसम्म क्षमता भएको उमाल्ने र फर्मेन्टेशन सुविधायुक्त डिस्टिलरी, ब्रुअरी तथा वाइनरी उद्योग स्थापना गर्ने ।

३. कार्बोनेटेड वा ननकार्बोनेटेड ब्रेभरेज, जुस आदि उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

४. वनस्पति घ्यू, खाने तेल उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

५. दैनिक १ मेट्रिक टनभन्दा बढी चिया, कफी, जडिबुटी आदि प्रशोधन गर्ने उद्योग स्थापना गर्ने ।

६. दैनिक ३००० मेट्रिक टनसम्म खाँडसारी वा चिनी उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

७. दैनिक १० मेट्रिक टन भन्दा बढी खाद्य पदार्थ उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

८. दैनिक ५ मेट्रिक टन भन्दा बढी माछा, मासु प्रशोधन गर्ने उद्योग स्थापना गर्ने ।

९. दैनिक २५ मेट्रिक टनसम्म हाड, सिंग र खुर प्रशोधन गर्ने उद्योग स्थापना गर्ने ।

१०. दैनिक १०,००० वर्ग फिटसम्म छाला प्रशोधन गर्ने उद्योग स्थापना गर्ने ।

११. पाइपलाइन बाहेक व्यापारिक प्रयोजनको लागि प्रति सेकेन्ड १० लिटरभन्दा बढीको दरले पानी प्रशोधन गर्ने उद्योग स्थापना गर्ने ।

१२. कुकिङ्ग (एल.पि.जि.) ग्याँस, बायोग्याँस, नेचुरल ग्याँसको उत्पादन, भण्डारण, फिलिङ्ग, रिफिलिङ्ग गर्ने उद्योग स्थापना गर्ने ।

१३. कार्वन डाइअक्साइड, अक्सिजन, नाईट्रोजन, ऐसिटिलिन (Acetylene) आदि उत्पादन तथा रिफिलिङ्ग गर्ने उद्योग स्थापना गर्ने ।

१४. बार्षिक २ करोड गोटासम्म उत्पादन क्षमता भएको पोलेको इटा, टायल आदि बनाउने उद्योग स्थापना गर्ने ।

वातावरण संरक्षण नियमावली २०७७

१५. दैनिक १०००० भन्दा बढी Compressed Bricks, Hollow Bricks/Blocks उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

१६. दैनिक २५ मेट्रिक टनसम्म क्षमताको क्रसर उद्योग स्थापना गर्ने ।

१७. दैनिक २५ मेट्रिक टनभन्दा बढी बालुवा प्रशोधन गर्ने वा फिरफिरे उद्योग स्थापना गर्ने ।

१८. दैनिक १०० मेट्रिक टनसम्म उत्पादन क्षमता भएको एसिड र अल्काली उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

१९. Zink Oxide उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

२०. श्रृङ्गार सामान बाहेकका रङ्ग रोगन उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

२१. Chemical (Plasticizer, Chlorine, Sodium Hypo-Chlorite आदि), Glue, Adhesivesआदिबनाउने उद्योग स्थापना गर्ने ।

२२. ब्लेन्डिङ, रिप्रोसेसिङ वा रिक्लामेशन प्रक्रियाबाट लुब्रिकेन्टस् उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

२३. ब्लेण्डिङ प्रक्रियाबाट विटुमिन तथा विटुमिन इमल्सनको उत्पादन तथा रिफिलिङ्ग गर्ने उद्योग स्थापना गर्ने ।

२४. ब्लेन्डिङ प्रक्रियाबाट रासायनिक मल उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

२५. दैनिक २ देखि १० मेट्रिक टनसम्म जैविक मल उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

२६. ब्लेन्डिङ प्रक्रियाबाट कीटनाशक पदार्थ (विषादी) उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

२७. Mosquito Repellent (झोल, क्वाईल, ट्याबलेट, लोसन आदि) धुप आदि उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

२८. दैनिक ५ मेट्रिक टनभन्दा बढी डिटरजेन्ट स्याम्पु, लिक्विड क्लिनर, क्लिनिङ्ग पाउडर, स्यानिटाइजर, फ्रेसनर आदि उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

२९. साबुन उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

३०. ब्याट्री (ड्राई वा वेट वा लिथियम आयोन) उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

३१. दैनिक ५० मेट्रिक टनसम्म (ड्राई वा वेट) ब्याट्री रिसाइक्लिङ्ग गर्ने उद्योग स्थापना गर्ने ।

३२. Metal, non-metal, प्लाष्टिक तथा अन्य किसिमका पदार्थहरुको रिसाइक्लिङ्गगर्ने उद्योग स्थापना गर्ने ।

वातावरण संरक्षण नियमावली २०७७

३३. दैनिक ५ मेट्रिक टनसम्म फोम उत्पादन उद्योग (फोमको प्रयोग गरी २ मेट्रिक टन भन्दा बढी वस्तु उत्पादन गर्ने उद्योग समेत) स्थापना गर्ने ।

३४. परम्परागत घरेलु उद्योग बाहेकका दैनिक १०० मे. टनसम्म उत्पादन क्षमता भएको पल्प वा कागज उद्योग स्थापना गर्ने ।

३५. दैनिक १ मेट्रिक टन भन्दा बढी स्टेशनरी सामान (पेन, डटपेन, सिसाकलम, कापी, रजिस्टर आदि) उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

३६. दैनिक ५ मेट्रिक टनभन्दा बढी प्याकेजिङ्ग (कोरुगेटेड बक्स, कार्डबोर्ड आदि) उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

३७. परम्परागत घरेलु उद्योग बाहेकका धागो तथा कपडा रङ्गाई वा धुलाई वा छपाई गर्ने उद्योग (गलैचा, पस्मिना समेत) स्थापना गर्ने ।

३८. दैनिक ५ मेट्रिक टनभन्दा बढी धागो प्रयोग गरी कपडा उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

३९. स्पिनिङ्ग मिल स्थापना गर्ने ।

४०. जुट उद्योग स्थापना गर्ने ।

४१. Coir Rope वा Coir Mattress उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

४२. चुनढुंगा वा क्लिंकरमा आधारित दैनिक ३००० मेट्रिक टनसम्म उत्पादन क्षमता भएको क्लिंकर वा सिमेन्ट उद्योग स्थापना गर्ने ।

४३. दैनिक १००० मेट्रिक टनसम्म चुन उत्पादन गर्नेउद्योग स्थापना गर्ने ।

४४. दैनिक १० मेट्रिक टनभन्दा बढी उत्पादन क्षमता भएको वा २० देखि ५० करोडसम्म मेसिन उपकरणमा लगानी हुने खनिजजन्य पदार्थ प्रशोधन गर्ने उद्योग स्थापना गर्ने ।

४५. औषधी उद्योग स्थापना गर्ने र दैनिक ५० मेट्रिक टनसम्म औषधीको लागि प्रारम्भिक कम्पाउण्ड (Bulk Drugs) संष्लेषण (Formulation) गर्ने उद्योग स्थापना गर्ने ।

४६. दैनिक ५०० किलोग्राम भन्दा बढी आयुर्वेदिक औषधी उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

४७. दैनिक ५ मेट्रिक टन भन्दा बढी प्लाष्टिकका सामान (पाइप, फिटिङ्ग, यार्न, Wrapper, आदि उत्पादन गर्ने सहित) उत्पादन गर्ने उद्योग (खेर गएको प्लाष्टिकको कच्चा पदार्थ वा Virgin Granules, Resin, Compound मा आधारित) स्थापना गर्ने ।

४८. टायर, टयुब्स र रबर प्रशोधन तथा उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

४९. पुनारो टायर तथा प्लाष्टिक प्रशोधन गरी इन्धन (तेल) निकाल्ने उद्योग स्थापना गर्ने ।

५०. एनोडाइजिङ्ग, इलेक्ट्रोप्लेटिङ्ग तथा ग्याल्भनाइजिङ्ग गर्ने उद्योग (सुन चाँदीमा Plating गर्ने घरेलु उद्योग बाहेक) स्थापना गर्ने ।

५१. रोलिङ्ग मिल उद्योग स्थापना गर्ने ।

५२. दैनिक १० मेट्रिक टनभन्दा बढी कट्टुलेन्थ गर्ने तथा भाँडा बनाउने उद्योग स्थापना गर्ने ।

५३. दैनिक १० मेट्रिक टनभन्दा बढी उत्पादन क्षमता भएको फाउण्ड्री उद्योग स्थापना गर्ने ।

५४. दैनिक ५० मेट्रिक टनसम्म प्रारम्भिक स्मेल्टिङ्ग गरी फेरस तथा नन् फेरस वस्तु उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

५५. दैनिक २०० मेट्रिक टन सम्म धातु रिमेल्टिङ्ग वा रिरोलिङ्ग वा ऐलोयिङ्ग (Alloying) गर्ने उद्योग स्थापना गर्ने ।

५६. १० मेट्रिक टनभन्दा बढी मेटल तथा नन् मेटलबाट फ्याब्रिकेशन (स्टक्चर समेत) गर्ने उद्योग स्थापना गर्ने ।

५७. गाडी, मोटर साइकल, अटोरिक्सा आदि तथा दैनिक १०० थान भन्दा बढी साइकल रिक्सा (इन्धन वा विद्युत प्रयोग नगरी) एसेम्बलिङ्ग गर्ने उद्योग स्थापना गर्ने ।

५८. १ करोड रुपैयाँ भन्दा बढीको मेसिन उपकरण प्रयोग गरी इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स सामानहरु एसेमब्लिङ्ग गर्ने उद्योग स्थापना गर्ने ।

५९. दैनिक १ मेट्रिक टन भन्दा बढी बिजुलीको तार (वायरिङ्ग तथा प्रसारणको लागि) उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

६०. ५० लाख देखी ५ करोड रुपैयाँ सम्म मेसिन उपकरणमा लगानी भएको वर्कशप (मर्मत सम्भार गर्ने समेत) स्थापना गर्ने ।

६१. सबै प्रकारका ग्याँस सिलिण्डर उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

६२. उद्योगले आफ्नो प्रयोगको लागि ५ मेगावाट देखि २० मेगावाटसम्म नवीकरणीय ऊर्जा प्रविधि (सौर्य, वायु, जैविक आदि) Cogeneration, DG Set बाट विद्युतीय ऊर्जा उत्पादन गर्ने कार्य ।

६३. उद्योगले आफ्नो तापीय ऊर्जा प्रयोजनको लागि बायोमास, कोइलाबाट सञ्चालन हुने ग्याँसिफायर जडान गरी सञ्चालन गर्ने ।

६४. वार्षिक १० हजारदेखि १ लाख क्यूविक फिटसम्म काठ प्रयोग गर्ने सःमिल स्थापना गर्ने ।



वातावरण संरक्षण नियमावली २०७७

६५. दैनिक ५०० क्यूविक फिटभन्दा बढी काठ प्रयोग गरी झ्याल ढोका लगायतका फर्निचर सामान उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

६६. रोजिन, टर्पेन्टाइन तथा कत्था उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

६७. बार्षिक १ लाख क्यूविक फिटसम्म काठ वा काठजन्य पदार्थ प्रयोग गरी भेनियर, प्लाइउड, प्लाइबोर्ड आदि वनाउने उद्योग स्थापना गर्ने ।

६८. दैनिक ५ मेट्रिक टनभन्दा बढी बाँस तथा बेतका सामानहरु उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

६९. सूर्तिजन्य पानमसलाहरु उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

७०. चुरोट तथा बिडी उत्पादन (सूर्ति ड्राई गर्ने समेत) गर्ने उद्योग स्थापना गर्ने ।

७१. Extraction, Distillation आदि प्रविधिबाट सुगन्धित तेल उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

७२. दैनिक १० किलो लिटरभन्दा बढी बायोडिजेल उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

७३. Solvent Extraction प्रक्रियाबाट खाने तेल बाहेक अन्य तेल उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

७४. सलाईउत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

७५. अर्ध प्रशोधित तेल, फोसिल फ्यूल प्रयोग गरी दैनिक २०० मेट्रिक टनसम्म पेट्रोलियम पदार्थ उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

७६. दैनिक ५ लिटर भन्दा बढी Chemical तथा Reagent प्रयोग हुने Diagnosis Lab स्थापना गर्ने ।

७७. काँच प्रशोधन गर्ने उद्योग स्थापना गर्ने ।

७८. दैनिक १ मेट्रिक टन भन्दा बढी पशु पन्छीको दाना उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

७९. दैनिक २०० जोरभन्दा बढी जुत्ता तथा चप्पल उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

८०. १००० मेट्रिक टन भन्दा बढी भण्डारण क्षमता भएको कोल्ड स्टोरेज स्थापना गर्ने ।

८१. दैनिक १ लाखभन्दा बढी पृष्ठ छपाई गर्ने प्रिन्टिङ्ग प्रेस सञ्चालन गर्ने।

८२. दैनिक १०० मेट्रिक टन भन्दा बढी Cargo Handling गर्ने उद्योग स्थापना गर्ने ।

८३. अस्फाल्ट ब्याचिङ्ग प्लान्ट स्थापना एवं सञ्चालन गर्ने ।

८४. माथी उल्लेखित प्रस्तावहरु एवं कम्प्यूटर, सफ्टवेयर, विद्युतीय उपकरणहरु प्रयोग गरी सफ्टवेयर तयारी, अनलाइन सेवा, इन्टरनेट, रेडियो, केबुल नेटवर्क जस्ता

वातावरण संरक्षण नियमावली २०७७

प्रकृतिका सेवा दिने कार्य तथा तालिम, परामर्श जस्ता कार्यहरु बाहेक रु. २५ करोड देखि १ अर्बसम्म मेसिन उपकरणमा लगानी हुने उद्योग।

**(इ) सडक क्षेत्र**

१. १०० मिटरभन्दा बढी लम्बाईका पुलहरु निर्माण गर्ने ।
२. २५ कि.मि. भन्दा कम लम्बाई हुने कुनै पनि नयाँ सडकहरु निर्माण गर्ने ।
३. ५ देखि ५० कि.मि. सम्मको रज्जुमार्ग निर्माण गर्ने ।
४. १ देखि ५ कि.मि. सम्मको केबुल कार निर्माण गर्ने ।
५. राष्ट्रिय राजमार्ग तथा सहायक सडकहरुको स्तरवृद्धि, पुनस्थापना तथा पुनः निर्माण गर्ने ।
६. ५ कि.मि. सम्मका सडक प्रयोजनको लागि सुरुङहरु बनाउने ।
७. ५ कि.मि. सम्मका नयाँ शहरी सडक निर्माण गर्ने ।
८. ५ किलोमिटर भन्दा वढीको शहरी सडकको स्तरोन्नति गर्न ।

**(ई) आवास, भवन तथा बस्ती विकास र शहरी विकास क्षेत्र**

१. १० तल्ला वा २५ मिटरभन्दा माथी १६ तल्ला वा ५० मिटरसम्मका भवनहरु निर्माण गर्ने ।
२. ५००० भन्दा माथि १०००० वर्गमिटर क्षेत्रफलसम्मको Built Up Area वा Floor Area भएकोResidential वा Commercial वा संयुक्त भवन निर्माण गर्ने ।
३. १००० देखि २००० जनासम्म एकैपटक आगमन तथा निगमन हुने सिनेमा हल, थिएटर, Community Hall, Stadium, Concert Hall, Sport Complex निर्माण गर्ने ।
४. १० हेक्टरदेखि १०० हेक्टर सम्मको क्षेत्रमा आवास विकास गर्ने ।
५. १० हेक्टरदेखि १०० हेक्टरसम्मको जग्गा विकास आयोजना सञ्चालन गर्ने ।
६. ५ हेक्टरभन्दा माथी Hard Surface Pavement (Dry Port, Bus Park, Parking Lot आदि) निर्माण गर्ने ।
७. २०००० क्यू. मिटरभन्दा माथी माटो पुर्ने तथा माटो काटी Site Develop गर्ने ।
८. १० हजार लिटर देखि २० हजार लिटर सम्म दैनिक पानीको प्रयोग हुने भवन निर्माण तथा सञ्चालन गर्न ।
९. ५०० के.जि. देखि १ हजार के.जि. सम्म दैनिक फोहोर मैला उत्पादन हुने भवन निर्माण तथा सञ्चालन गर्न ।

**(उ) ऊर्जा, जलस्रोत तथा सिंचाई क्षेत्र**

**१. विद्युत लाईन निर्माण अन्तर्गतः**

(क)१३२ के.भी. वा सोभन्दा बढी क्षमताको विद्युत प्रसारण लाइन निर्माण गर्ने ।

वातावरण संरक्षण नियमावली २०७७

(ख)विद्यमान २२० के.भि. वा सोभन्दा बढी क्षमताको विद्युत प्रसारण लाइनबाट ट्याप गरी नयाँ इनडोर सवस्टेशन निर्माण गर्ने ।

२. यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विद्युत प्रसारण लाइन निर्माण गर्दा जतिसुकै वन क्षेत्र, वन संरक्षण क्षेत्र, संरक्षण क्षेत्र, वातावरण संरक्षण क्षेत्र तथा मध्यवर्ती क्षेत्र उपयोग गर्नु पर्ने भए तापनि प्रारम्भिक वातावरणीय परीक्षण मात्र पर्याप्त हुनेछ ।

**३. विद्युत उत्पादन अन्तर्गतः**

(क)१ मेगावाट देखि ५० मेगावाट क्षमतासम्मको जलविद्युत उत्पादन आयोजना निर्माण गर्ने ।

(ख)१ मेगावाट देखि ५ मेगावाट क्षमता सम्मको खनिज तेल वा ग्याँसबाट विद्युत उत्पादन गर्ने आयोजना सञ्चालन गर्ने ।

(ग)यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि १० मेगावाट सम्मको जलविद्युत आयोजना निर्माण गर्दा वन संरक्षण क्षेत्र, संरक्षण क्षेत्र, वातावरण संरक्षण क्षेत्र तथा मध्यवर्ती क्षेत्र उपयोग गर्नु पर्ने भए प्रारम्भिक वातावरणीय परीक्षण मात्र पर्याप्त हुनेछ ।

(घ)१५०० क्यूबिक मिटर भन्दा बढी क्षमताको बायो ग्याँस प्लान्ट निर्माण गर्न ।

**४. सिँचाईको नयाँ प्रणाली अन्तर्गतः**

(क) तराई र भित्री मधेशमा २०० हेक्टरदेखि २००० हेक्टरसम्मको क्षेत्र सिँचाई गर्ने ।

(ख) १०० हेक्टर भन्दा माथिको लिफ्ट सिंचाई आयोजना निर्माण गर्न ।

**५. सिँचाईको पुनरुत्थान प्रणालीः**

(क) विद्यमान प्रणाली अन्तर्गतका सिँचाई आयोजनाहरुमा नयाँ हेडवर्क्स निर्माण वा मूल नहर परिवर्तन हुने कुनै पनि पुनरुत्थान आयोजना सञ्चालन गर्ने।

६. २५ जना देखि १०० जनासम्म स्थायी वसोवास भएका जनसंख्या विस्थापित गर्ने कुनै पनि जलस्रोत विकास कार्य ।

७. १० कि.मि. भन्दा बढी लम्बाईको नदी नियन्त्रणको कार्य गर्ने ।

**८. नवीकरणीय ऊर्जा क्षेत्रः**

(क)१ मेगावाट देखि १० मेगावाट क्षमता सम्मको सौर्यऊर्जाबाट विद्युत उत्पादन आयोजना सञ्चालन गर्ने ।

(ख)१ मेगावाट देखि १० मेगावाट क्षमतासम्मको वायू ऊर्जाबाट विद्युत उत्पादन आयोजना सञ्चालन गर्ने ।



वातावरण संरक्षण नियमावली २०७७

(ग) ०.५ मेगावाट देखि २ मेगावाट क्षमतासम्मको जैविक ऊर्जाबाट विद्युत उत्पादन आयोजना सञ्चालन गर्ने ।

(घ) चिनी उद्योग क्षेत्रभित्रको उखु पेलिसकेपछि निस्किने खोस्टा (Bagasse) बाट विद्युत सह उत्पादन (Cogeneration) हुने आयोजना संचालन गर्न ।

**(ऊ) पर्यटन क्षेत्रः**

१. ५० शैयादेखि १०० शैयासम्मको होटल स्थापना र सञ्चालन गर्ने ।

२. विद्यमान विमानस्थलको क्षेत्रफल थप्ने वा स्तरोन्नती गर्ने ।

३. माछा वा अन्य जलचर भएको कुनै नदी वा तालमा इञ्जिन जडित उपकरण र इन्धन ज्वलन गरी र्‍याफ्टिङ्ग वा मोटरबोट कार्य सञ्चालन गर्ने ।

४. ताल वा जलाशयमा स्थापना हुने हाउस बोट (तैरने घर) सञ्चालन गर्ने ।

५. साहसिक पर्यटन पर्यटकीय उपजहरु संचालन गर्न ।

**(ए) खानेपानी क्षेत्र**

१. १०० देखि ५०० हेक्टरसम्मको क्षेत्रमा फैलिएको वर्षातको पानी संकलन गर्ने तथा सोही क्षेत्रफलमा भएका पानीका स्रोतहरुको प्रयोग गर्ने ।

२. सेफ इल्ड १०० लिटर प्रति सेकेण्ड (LPS) भन्दा बढीको पानीको स्रोत र पानीको ५० देखि ७५ प्रतिशतसम्म सुख्खा समयमा आपूर्ति गर्ने ।

३. प्रति सेकेण्ड १०० लिटर भन्दा बढीको दरले पानी प्रशोधन गर्ने ।

४. भूमिगत पानीको स्रोत विकासका लागि कूल एक्यूफरको ५० देखि ७५ प्रतिशतसम्म रिचार्ज गर्ने ।

५. १ देखि ५ कि.मि. सम्मको सुरुङ निर्माण गरी खानेपानी आयोजना सञ्चालन गर्ने ।

६. खानेपानी आयोजना सञ्चालन गर्नको लागि २५ देखि १०० जना सम्म जनसंख्या विस्थापन गर्ने ।

७. पानीको स्रोतको माथिल्लो भागमा ५०० जनसंख्या सम्मको बसोबास गराउने ।

८. पचास हजारदेखि एक लाखसम्मको जनसंख्यालाई खानेपानी आपूर्ति गर्ने ।

९. पचास हजारदेखि दुई लाखसम्म मानिसहरुलाई खानेपानी आपूर्ति गरी नयाँ स्रोत जोड्ने ।

१०. १ कि.मि. भन्दा बढीको डाइभर्सन सम्वन्धी काम गर्ने ।

११. ट्रिटमेन्ट सहितको ढल निकास सिष्टम समावेश भएका खानेपानी आयोजना सञ्चालन गर्ने ।

**(ऐ) फोहोरमैला व्यवस्थापनः**



नगरपालिका सभाबाट स्वीकृत नियमावली २०७७

१. ५०,०००सम्म जनसंख्यालाई टेवा पुर्‍याउने उद्देश्यले सञ्चालन हुने ढल निकास, सरसफाई र फोहरमैला व्यवस्थापन कार्य गर्ने ।

२. घर एवं आवास क्षेत्रहरुबाट निस्कने फोहोरमैलाको सम्वन्धमा देहायको काम गर्ने

(क) वार्षिक १००० देखि ५००० टन सम्म फोहोरमैला व्यवस्थापन गर्ने ।

(ख) ५ देखि १० हेक्टरसम्मको क्षेत्रमा फैलिएको ट्रान्सफर स्टेशन र रिसोर्स रिकोभरी एरिया सम्वन्धी काम ।

(ग)५ देखि १० हेक्टरसम्मको क्षेत्रमा फैलिएको रसायन, यान्त्रिक वा जैविक तरिकाबाट फोहोरमैला छनौट, केलाउने, तह लगाउने र पुनः प्रयोग गर्ने ।

(घ) ५ देखि १० हेक्टरसम्मको क्षेत्रमा फैलिएको कम्पोष्ट प्लान्ट सम्वन्धी काम गर्ने ।

(ङ)५ एम.एल.डी. (MLD) क्षमताभन्दा बढीको ढल व्यवस्थापन आयोजना सञ्चालन गर्ने ।

**(ओ) कृषि क्षेत्रः**

१. नगरमा ५ हेक्टरसम्म वन क्षेत्र फडानी गरी कृषिको लागि प्रयोग गर्ने ।

२. निर्माण सम्वन्धी देहायको काम गर्नेः

(क) ३०००० वटा भन्दा बढी पंक्षी जाती पाल्नको लागि निर्माण कार्य गर्ने ।

(ख) १००० वटा भन्दा बढी ठूला चौपायाहरुको पाल्नको लागि निर्माण कार्य गर्ने ।

(ग) ५००० वटा भन्दा बढी साना चौपायहरु (भेडा, बाख्रा जस्ता) पाल्नको लागि निर्माण कार्य गर्ने ।

(घ) महानगरपालिका र उपमहानगरपालिका क्षेत्र अन्तर्गतका तराईमा १ हेक्टरभन्दा बढी तथा अन्य ठाउँमा ०.५ हेक्टरभन्दा बढी क्षेत्रमा कृषि थोक बजार स्थापना गर्ने ।

(ङ) बधशाला निर्माण गर्ने ।

३. म्याद नाघेका विषादीको (सूचित विषादीहरुको हकमा मात्र) भण्डारण तथा विसर्जन गर्ने ।

४. रासायनिक मल (इन अर्गानिक फर्टिलाइजर) र रासायनिक विषादी (इन अर्गानिक पेस्टिसाइट) उत्पादन, संश्लेषण (फर्मुलेशन), रिप्याकेजिङ्ग, भण्डारण तथा डिस्पोजल गर्ने ।

वातावरण संरक्षण नियमावली २०७७

५. केमिकल फर्टिलाइजर (ब्लेण्डिङ्ग) तथा किटनाशक औषधी (ब्लेण्डिङ्ग) उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

**(औ) स्वास्थ्य क्षेत्र**

१. २५ देखि १०० शैय्या सम्मको अस्पताल वा नर्सिङ्ग होम वा चिकित्सा व्यवसाय (अध्ययन अध्यापन समेत) सञ्चालन गर्ने ।

वातावरण संरक्षण नियामावली २०७७

## अनुसूची-३

नियम ३ को उपनियम (१) सँग सम्वन्धित

**वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने प्रस्तावहरु**

### (अ) वन क्षेत्र

१. नगरमा ५०० हेक्टरभन्दा बढी क्षेत्रफलमा एकल प्रजातिका स्वदेशी विरुवा एउटै ब्लकमा वृक्षारोपण गर्ने ।

२. सम्वन्धित ठाउँमा परीक्षण भई वृक्षारोपणको लागि उपयुक्त भएका आयातित प्रजातीका विरुवाहरु तराईमा ५० हेक्टरभन्दा बढी र पहाडमा २५ हेक्टरभन्दा बढी क्षेत्रफलमा एउटै ब्लकमा वृक्षारोपण गर्ने ।

३. ५ हेक्टरभन्दा बढी वन क्षेत्र अन्य प्रयोजनको लागि प्रयोग गर्ने ।

४. नगरमा १०० हेक्टर भन्दा बढी क्षेत्रफलको व्यवसायिक वन कबुलियती वनको रुपमा दिने ।

५. सरकारद्वारा वन अनुसन्धानको प्रयोजनार्थ वार्षिक ३० हेक्टरभन्दा बढी क्षेत्रफलसम्मको राष्ट्रिय तथा प्रादेशिक वन सरपट कटान गर्ने ।

६. देहाय अनुसारको वन पैदावार संकलन गर्ने गरी जिल्ला भित्रको पञ्चवर्षीय वन कार्ययोजना, मध्यवर्ति क्षेत्र तथा संरक्षण क्षेत्रको व्यवस्थापन योजना तयार गर्ने तथा संरक्षित वनको कार्ययोजना तयार गर्ने ।

(क) वार्षिक ५० मेट्रिक टनभन्दा बढी जरा तथा गानो संकलन गर्ने

(ख) वार्षिक १५० मेट्रिक टनभन्दा बढी बोक्रा संकलन गर्ने,

(ग) वार्षिक १५० मेट्रिक टन भन्दा बढी पात डाँठ संकलन गर्ने, (सालसिड, रिठ्ठा र अमला, तेन्दुपात, भोर्लापात, तेजपात बाहेक)

(घ) बार्षिक १५० मेट्रिक टन भन्दा बढी फूल र भुवा संकलन गर्ने,

(ङ) वार्षिक २०० मेट्रिक टन भन्दा बढी फल र बीज संकलन गर्ने,

(च) वार्षिक १ लाख भन्दा बढी बिरुवा संकलन गर्ने,

(छ) वार्षिक २०० मेट्रिक टन भन्दा बढी गम, रेजिन (सल्लाको खोटो बाहेक) लोहवान संकलन गर्ने,

(ज) वार्षिक २ लाख घनफीट भन्दा वढी काठ उत्पादन तथा संकलन गर्ने,

**स्पष्टिकरणः** माथी खण्ड (क) देखि खण्ड (ज) सम्मको परिमाण भन्नाले नगरभित्रको राष्ट्रिय तथा प्रादेशिक वन अन्तर्गत सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, कबुलियती वन व्यवस्थापन पद्दतिहरु सञ्चालन हुने भएकोले जिल्लाको पञ्चवर्षीय वन व्यवस्थापन योजनामा सबै वन व्यवस्थापन पद्दितहरु उल्लेख गरी सोबाट निकाल्न सकिने उल्लेखित



वातावरण संरक्षण नियमावली २०८०

वन पैदावारको कुल परिमाणलाई जनाउनेछ र एक नगरमा एकभन्दा बढी सब डिभिजन वन कार्यालयहरु भएकोमा कार्यालय अनुसार पञ्चवर्षीय वन व्यवस्थापन योजना तयार गर्नु पर्नेछ ।

७. प्रचलित कानून अनुसार प्रशोधन गरी सारतत्व निकाली निकासी गर्न पाइने प्रजातिहरुकोहकमा एक जिल्लाबाट प्रति प्रजाति १०० टन भन्दा बढी वन पैदावार सङ्कलन गर्ने,

८. वन क्षेत्र, राष्ट्रिय निकुञ्ज, आरक्ष तथा संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्रको वन क्षेत्र, सिमसार क्षेत्र र वातावरण संरक्षण क्षेत्रमा २५ शैया भन्दा बढीका होटल, रिसोर्ट र अस्पताल निर्माण, उद्योग स्थापना गर्ने कार्य गर्ने ।

९. वन क्षेत्रमा फोहोर मैला फाल्न ल्याण्डफिल्ड साइट निर्माण तथा सञ्चालन गर्ने ।

**(आ) उद्योग क्षेत्र**

१. दैनिक ५ लाख लिटर भन्दा बढी क्षमता भएको उमाल्ने र फर्मेन्टेशन सुविधायुक्तडिस्टिलरी, ब्रुअरी तथा वाइनरीउद्योग स्थापना गर्ने ।

२. दैनिक ३००० मेट्रिक टन भन्दा बढी खाँडसारी वा चिनी उत्पादन गर्ने उद्योग स्थापनागर्ने ।

३. दैनिक २५ मेट्रिक टन भन्दा बढी हाड, सिंग र खुर प्रशोधन गर्ने उद्योग स्थापना गर्ने ।

४. दैनिक १०,००० वर्ग फिट भन्दा बढी छाला प्रशोधन गर्ने उद्योग स्थापना गर्ने ।

५. वार्षिक२ करोड गोटाभन्दा बढी उत्पादन क्षमता भएको पोलेको इटा, टायल आदिबनाउने उद्योग स्थापना गर्ने ।

६. दैनिक २५ मेट्रिक टन भन्दा बढी क्षमताको क्रसर उद्योग स्थापना गर्ने ।

७. दैनिक १०० मेट्रिक टन भन्दा बढी उत्पादन क्षमता भएको एसिड र अल्काली उत्पादन गर्नेउद्योग स्थापना गर्ने ।

८. ब्लेण्डिङ्ग प्रक्रिया बाहेकबाट विटुमिन तथा विटुमिन इमल्सनको उत्पादन गर्ने उद्योग स्थापनागर्ने ।

९. ब्लेण्डिङ्ग प्रक्रिया बाहेकबाट रसायनिक मल उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

१०. दैनिक १० मेट्रिक टन भन्दा बढी जैविक मल उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

११. ब्लेण्डिङ्ग प्रक्रिया बाहेकबाट किटनाशक पदार्थ उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

१२. दैनिक ५० मेट्रिक टन (ड्राई वा वेट) भन्दा बढी ब्याट्री रिसाईक्लिङ्ग गर्ने उद्योग स्थापनागर्ने ।

१३. दैनिक ५ मेट्रिक टन भन्दा बढी फोम उत्पादन उद्योग (फोमको प्रयोग गरी बस्तुउत्पादन गर्ने उद्योग समेत) स्थापना गर्ने ।

१४. दैनिक १०० मे. टन भन्दा बढी उत्पादन क्षमता भएको पल्प वा कागज उद्योग स्थापनागर्ने ।

१५. चुनढुंगा वा क्लिंकरमा आधारित दैनिक ३००० मेट्रिक टन भन्दा बढी उत्पादन क्षमताभएको क्लिंकर वा सिमेन्ट उद्योग स्थापना गर्ने ।

१६. दैनिक १००० मेट्रिक टन भन्दा बढी चुन उत्पादन उद्योग स्थापना गर्ने ।

१७. ५० करोड रुपैया भन्दा बढी मेसिन उपकरणमा लगानी हुने खनिजजन्य पदार्थ प्रशोधनगर्ने उद्योग स्थापना गर्ने ।

१८. दैनिक ५० मेट्रिक टन भन्दा बढी औषधीको लागि प्रारम्भिक कम्पाउण्ड (Bulk Drugs)संश्लेषण (Formulation) गर्ने उद्योग स्थापना गर्ने ।

१९. दैनिक ५० मेट्रिक टन भन्दा बढी प्रारम्भिक स्मेल्टिङ्ग गरी फेरस तथा नन् फेरस बस्तुउत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

२०. दैनिक २०० मेट्रिक टन भन्दा बढी धातु रिमेल्टिङ्ग वा रिरोलिङ्ग वा ऐलोयिङ्ग (Alloying) गर्ने उद्योग स्थापना गर्ने ।

२१. ५ करोड रुपैयाभन्दा बढी मेसिन उपकरणमा लगानी भएको वर्कशप (मर्मत सम्भार गर्ने समेत) स्थापना गर्ने ।

२२. उद्योगले आफ्नो प्रयोगको लागि २० मेगावाट भन्दा बढी नवीकरणीयऊर्जा प्रविधि (सौर्य, वायु, जैविक आदि) Cogeneration, DG Set बाट विद्युतीय ऊर्जा उत्पादन गर्ने कार्य गर्ने।

२३. वार्षिक १ लाख क्यूविक फिटभन्दा बढी काठ प्रयोग गर्ने सःमिल स्थापना गर्ने ।

२४. वार्षिक १ लाख क्यूविक फिटभन्दा बढी काठ वा काठजन्य पदार्थ प्रयोग गरी भेनियर, प्लाईउड, प्लाईबोर्ड आदि बनाउने उद्योग स्थापना गर्ने ।

२५. अर्ध प्रशोधित तेल, फोसिल फ्युल प्रयोग गरी दैनिक २०० मेट्रिक टन भन्दा बढी पेट्रोलियम पदार्थ उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

२६. अति घातक पदार्थ जस्तैः आइसोनाइट, मर्करी कम्पाउण्ड उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

२७. रेडियो विकिरण निष्कासन हुने (न्यूक्लियर/एटोमिक प्रशोधन) उद्योग स्थापना गर्ने ।

२८. नेपाली सेना वा नेपाल प्रहरीले स्थापना वा उत्पादन गर्ने बाहेकका गोली, गट्टा, बारुद लगायतका विस्फोटक पदार्थ उत्पादन गर्ने ।

२९. पेट्रोलियम पाईपलाईन निर्माण गर्न ।

३०. माथि उल्लेखित प्रस्तावहरु एवं कम्प्यूटर, सफ्टवेयर, विद्युतिय उपकरणहरु प्रयोग गरी सफ्टवेयर तयारी, अनलाईन सेवा, ईन्टरनेट, रेडियो, केबुल नेटवर्क जस्ता प्रकृतिका सेवा दिने कार्य तथा तालिम, परामर्श जस्ता कार्यहरु बाहेक रु. १ अर्बभन्दा बढी मेसिन उपकरणमा लगानी हुने उद्योग

**(इ) सडक क्षेत्र**

१. २५ कि. मि. भन्दा बढी लम्बाई हुने कुनै पनि नयाँ सडकहरु निर्माण गर्ने ।

२. ५० कि. मि. भन्दा लामो रज्जुमार्ग निर्माण गर्ने ।

३. ५ कि. मि. भन्दा लामो केबुल कार मार्ग निर्माण गर्ने ।

४. ५ कि. मि. भन्दा लामो सडक प्रयोजनको लागि सुरुङहरू बनाउने ।

५. ५ कि. मि. भन्दा बढी लम्बाईको नयाँ शहरी सडक निर्माण गर्ने ।

६. सार्वजनिक यातायातको लागि रेलमार्ग तथा मोनोरेलमार्ग निर्माण तथा सञ्चालन गर्न ।

**(ई) आवास, भवन तथा बस्ती विकास र शहरी विकास क्षेत्र**

१. १६ तल्ला वा ५० मिटर भन्दा माथिका भवनहरु निर्माण गर्ने

२. १०,००० वर्गमिटर क्षेत्रफलभन्दा माथिको Built Up Area वाFloor Area भएकोResidential, Commercial and Their Combination को भवन निर्माण गर्ने ।

३. २,००० वा सो भन्दा बढी जनाभन्दा बढी एकै पटक आगमन तथा निगमन हुने सिनेमा हल, थिएटर,Community Hall, Stadium, Concert Hall, Spot Complex निर्माण गर्ने ।

४. १०० हेक्टरभन्दा माथिको जग्गा विकास आयोजना सञ्चालन गर्ने ।

५. २० हजार लिटर भन्दा बढी दैनिक पानीको प्रयोग हुने भवन निर्माण तथा सञ्चालन गर्न ।

६. १ हजार के. जी. भन्दा बढी दैनिक फोहर मैला उत्पादन हुने भवन निर्माण तथा सञ्चालन गर्न ।

७. ५ हेक्टरभन्दा बढी क्षेत्रमा आवास विकास गर्ने ।

**(उ) जलस्रोत र ऊर्जा क्षेत्र**

१. ५० मेगावाटभन्दा बढी क्षमताको जलविद्युत् उत्पादन आयोजना निर्माण गर्ने ।

२. विद्युत् उत्पादन अन्तर्गतः

(क) १ मेगावाटभन्दा बढीको कोइला वा आणविक विद्युत् उत्पादन आयोजना सञ्चालनगर्ने ।

(ख) ५ मेगावाटभन्दा बढीको खनिज तेल वा ग्याँसबाट विद्युत् उत्पादन आयोजना सञ्चालनगर्ने ।

३. सिंचाइको नयाँ प्रणाली अन्तर्गतः

(क) तराई र भित्री मधेशमा २,००० हेक्टरभन्दा बढीको क्षेत्र सिंचाइ गर्ने ।

४. एकसय जनाभन्दा बढी स्थायी बसोबास भएका जनसंख्या विस्थापित गर्ने कुनै पनिजलस्रोत विकास कार्य गर्ने ।

५. बहुउद्देश्यीय जलाशयको निर्माण गर्ने ।

६. एउटा जलाधार क्षेत्रबाट अर्को जलाधार क्षेत्रमा पानी फर्काई (इन्टर बेसिन वाटरट्रान्सफर) उपयोग गर्ने ।

७. नवीकरणीय ऊर्जा क्षेत्रः

(क) १० मेगा वाट भन्दा बढी क्षमताको सौर्य ऊर्जाबाट विद्युत् उत्पादन आयोजना सञ्चालनगर्ने।

(ख) १० मेगा वाट भन्दा बढी क्षमताको वायु ऊर्जाबाट विद्युत् उत्पादन आयोजना सञ्चालन गर्ने । (ग) २ मेगा वाट भन्दा बढी क्षमताको जैविक ऊर्जाबाट विद्युत् उत्पादन आयोजना सञ्चालन गर्ने ।

**(ऊ) पर्यटन क्षेत्र**

१. १०० शैया भन्दा बढीको होटल निर्माण, स्थापना र सञ्चालन गर्ने ।

२. नयाँ विमानस्थल निर्माण गर्ने ।

**(ए) खानेपानी क्षेत्र**

१. ५०० हेक्टर भन्दा बढी क्षेत्रमा फैलिएको वर्षातको पानी संकलन गर्ने तथा सोही क्षेत्रफलमा भएको पानीका स्रोतहरुको प्रयोग गर्ने ।

२. सेफ इल्ड १०० एल. पि. एस. (LPS)भन्दा बढी सतही पानीको स्रोत र सो पानीको ७५ प्रतिशत भन्दा बढी सुख्खा समयमा आपूर्ति गर्ने ।

३. भूमिगत पानीको स्रोत विकासका लागि कूल एक्यूफरको ७५ प्रतिशत भन्दा बढी रिचार्ज गर्ने ।

४. खानेपानी आयोजना सञ्चालन गर्नको लागि १०० जनाभन्दा बढी जनसंख्या विस्थापित गर्ने ।



वातावरण संरक्षण नियमावली २०७७

५. ५ कि. मि. भन्दा बढीको सुरुङ्ग निर्माण गरी खानेपानी आयोजना सञ्चालन गर्ने ।

६. पानीको स्रोतको माथिल्लो भागमा ५०० जनाभन्दा बढीको जनसंख्या बसोबास गराउने ।

७. दुई लाख भन्दा बढी जनसंख्यालाई खानेपानी आपूर्ति गर्ने ।

८. दुई लाख भन्दा बढी मानिसहरूलाई खानेपानी आपूर्ति गरी नयाँ स्रोत जोड़ने ।

९. जैविक एवं रासायनिक प्रदूषणहरू हुने स्रोतहरू वा तिनबाट प्रभावित हुन सक्ने भूमिगत जलस्रोतको उपयोग गर्ने ।

१०. प्रति सेकेण्ड ५०० लिटरभन्दा बढी पानीको स्रोत उपयोग गर्ने खानेपानी स्रोतसम्बन्धी बहुउद्देश्यीय आयोजना सञ्चालन गर्ने ।

११. सार्वजनिक खानीपानीका आपूर्तिका मुख्य स्रोतहरुमा कार्यान्वियन गरिने कुनै प्रस्ताव ।

**(ऐ) फोहरमैला व्यवस्थापन क्षेत्र**

१. ५०,००० भन्दा बढी जनसंख्यालाई टेवा पुर्याउने उद्देश्यले सञ्चालन हुने ढल निकास, सरसफाई र फोहरमैला व्यवस्थापन कार्य गर्ने ।

२. घर एवं आवास क्षेत्रहरूबाट निस्कने फोहरमैलाको सम्बन्धमा देहायको काम गर्नेः

(क) वार्षिक ५,००० टन भन्दा बढी फोहरमैला व्यवस्थापन गर्ने ।

(ख) १० हेक्टरभन्दा बढी क्षेत्रमा फैलिएको ट्रान्सफर स्टेशन र रिसोर्स रिकोभरी एरिया सम्बन्धी काम गर्ने ।

(ग) १० हेक्टर भन्दा बढी क्षेत्रमा फैलिएको रसायन, यान्त्रिक वा जैविक तरिकाबाट फोहरमैला छनौट, केलाउने, तह लाउने र पुनः प्रयोग गर्ने ।

(घ) १० हेक्टर भन्दा बढी क्षेत्रमा फैलिएको कम्पोष्ट प्लान्टसम्बन्धी काम गर्ने ।

(ङ) कम्तीमा १०,००० जनसंख्या भएको शहरी क्षेत्रबाट निस्कने फोहरमैला गाड्ने काम गर्ने ।

३. देहायको प्रकृति र जुनसुकै स्तरका खतरापूर्ण फोहरमैलासम्बन्धी देहायका निर्माण सम्बन्धी काम गर्नेः

(क) फोहरमैला संयन्त्र निर्माण ।

(ख) फोहरमैला रिकोभरी प्लान्ट निर्माण ।

वातावरण संरक्षण नियमावली २०७७

(ग) फोहरमैला भर्ने, थुपार्ने वा गाड्ने ठाउँको निर्माण ।

(घ) फोहरमैला भण्डारण गर्ने ठाउँको निर्माण ।

(ङ) फोहरमैला ट्रिटमेण्ट सुविधाको निर्माण ।

४. घातक फोहर पदार्थ सम्बन्धी देहायका काम गर्नेः

(क) २५ वर्षभन्दा बढी आधा आयु भएको कुनै पनि रेडियोधर्मी वस्तुहरूको निष्कासन र व्यवस्थापन गर्ने ।

(ख) पचास लेथल डोज भएको कुनै पनि रेडियोधर्मी वस्तुहरुको निष्कासन र व्यवस्थापन गर्ने ।

(ग) कम्तीमा २५ शैय्या भएको स्वास्थ्य केन्द्र वा अस्पताल वा नर्सिङ्ग होमबाट निस्कने जैविक जोखिपूर्ण पदार्थहरूको अन्तिम निष्कासन व्यवस्थापन गर्ने ।

(घ) कुनै पनि हानिकारण पदार्थलाई भष्म वा पुनःप्रयोग गर्नको लागि १ हेक्टर वा सोभन्दा बढी क्षेत्रफल जमिन र ऊर्जा सम्बन्धी कुनै काम गर्ने ।

**(ओ) कृषि क्षेत्र**

१. पहाडमा १ हेक्टरभन्दा बढी र तराईमा ५ हेक्टरभन्दा बढी वन क्षेत्र फडानी गरी कृषिको लागि प्रयोग गर्ने ।

२. कृषियोग्य भूमिमा शहरीकरण गर्ने ।

३. जीवनाशक विषादी (सूचित विषादीहरुको हकमा मात्र) प्लाण्ट स्थापना गर्ने ।

**(औ) स्वास्थ्य क्षेत्र**

१. १०० शैय्याभन्दा बढीको अस्पताल वा नर्सिङ्ग होम वा चिकित्सा व्यवसाय (अध्ययन/अध्यापन समेत) संचालन गर्ने ।

**(अं) देहायको क्षेत्रमा कुनै प्रस्ताव कार्यान्वयन गर्ने भएमाः**

१. ऐतिहासिक, साँस्कृतिक तथा पुरातात्विक क्षेत्र ।

२. राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष, वन संरक्षण क्षेत्र, संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र, वातावरण संरक्षण क्षेत्र तथा रामसारमा सूचिकृत सीमसार क्षेत्र ।

(तर यी क्षेत्रबाट भएर बग्ने नदीनालाको सहतबाट व्यवसायिक प्रयोजन बाहेक आयोजना सञ्चालक आफैंले सञ्चालन गर्ने विकास निर्माणका लागि आवश्यक पर्ने रोडा, ढुंगा, गिट्टी, वालुवा, गिर्खा, माटो निकाल्ने प्रस्तावको हकमा भने अनुसूचि-१ र अनुसूची-२ मा भएको व्यवस्था लागु हुने ।)

वातावरण संरक्षण नियमावली २०७७

## अनुसूची-४

नियम ३ को उपनियम (५) सँग सम्वन्धित

**सार्वजनिक सुनुवाईको प्रतिवेदनको ढाँचा**

श्री ..................................

..................................

१. पृष्ठभूमि (संचालित योजना तथा कार्यक्रमको विवरण सहित)

२. प्रस्तावकको नामः

३. सार्वजनिक सुनुवाई गर्ने संघसंस्था तथा व्यक्तिको नामः

४. सार्वजनिक सुनुवाई गर्नुको मूख्य उद्देश्यः

५. सार्वजनिक सुनुवाईको अवधिः

६. सार्वजनिक सुनुवाईमा प्रयोग भएका विधि तथा प्रक्रियाः

७. सुनुवाईको सिमाः

८. सम्पन्न गरिएका मुख्य मुख्य क्रियाकलापहरुः

९. सार्वजनिक सुनुवाईवाट प्राप्त उपलब्धी तथा नतिजाहरु (प्रयोग भएका प्रत्येक विधि तथा प्रक्रियाबाट प्राप्त नतिजालाई एक आपसमा भिडाएर मुख्य मुख्य नतिजाहरु उल्लेख गर्ने)

- सवल पक्षहरुः
- सुधार गर्नुपर्ने पक्षहरुः
- उदाहरणीय कार्यहरुः

१०. वृहत छलफल कार्यक्रमको विवरणः

(क) मिति (ख) स्थानः (ग) समयः

११. उपस्थित निकाय, विषयगत कार्यालय, गैरसरकारी संस्था आदिको विवरणः

१२. आमभेलामा उठेका जिज्ञासाहरु सहित सम्बोधन गर्नुपर्ने मुख्य मुख्य विषयहरूः

१३. सार्वजनिक सुनुवाईमा उठेका मुद्दाका बारेमा कार्यक्रम संचालकको प्रतिक्रिया र प्रतिवद्धताः

सार्वजनिक सुनुवाईमा उठेका मुद्दालाई सम्बोधन गर्न चाल्नुपर्ने कदमहरु र सुझावहरुः

प्रस्तावकको:

नामः दस्तखतः मितिः

**द्रष्टब्यः** प्रतिवेदन पेश गर्दा सार्वजनिक सुनुवाईलाई पुष्टि गर्ने कागजात, श्रव्यदृष्य सामग्रीहरु समेत प्रतिवेदनसाथ पेश गर्नुपर्नेछ ।

## अनुसूची-५

नियम ४ को उपनियम (१) सँग सम्वन्धित

**क्षेत्र निर्धारण सम्वन्धी सार्वजनिक सूचनाको ढाँचा**

........आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारीको लागि क्षेत्र निर्धारणसम्बन्धी

**सार्वजनिक सूचना**

(प्रकाशित मिति .......)

....... प्रदेश........ जिल्ला...........नगरपालिकामा ...........(प्रस्तावकको नाम उल्लेख गर्ने) द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | ..............(नाम), .............(ठेगाना), .......(ई-मेल).............(फोन नं.) |
| प्रस्तावको व्यहोरा | .......आयोजनाको मुख्य विशेषता उल्लेख गर्ने |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा/गा.पा. | ........... जिल्ला ......... न.पा/गा.पा. . . . . . . वडाहरु |

माथिउल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन(EIA) अध्ययन सम्बन्धी क्षेत्र निर्धारण (Scoping) गर्ने क्रममा सो क्षेत्रहरुको भौतिक तथा रसायनिक प्रणाली, जैविक प्रणाली, सामाजिक-आर्थिक प्रणाली र सांस्कृतिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न. पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले १० (दश) दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

राय सुझावको लागि पत्राचार गर्ने ठेगानाहरुः

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | .............(नाम), ............(ठेगाना), ............(ई-मेल)................. (फोन नं.) |
| परामर्शदाताको नाम र ठेगाना | .............(नाम), ............(ठेगाना), ............(ई-मेल)................. (फोन नं.) |

**अनुसूची-६**

नियम ४ को उपनियम (३) (४) सँग सम्वन्धित

**वातावरणीय प्रभाव मूल्याङ्कनको क्षेत्र निर्धारण प्रतिवेदन ढाँचा**

**(आवरण पृष्ठको ढाँचा)**

प्रस्तावको शिर्षक, प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना (प्रतिवेदनको शुरुमा नै उक्त प्रतिवेदन पेश गरिने निकायको नाम र ठेगाना (टेलिफोन, फ्याक्स र इमेल आदि सहित) उल्लेख गरीप्रतिवेदनको शुरु पृष्ठमा निम्न ढाँचामा प्रस्तुत गर्न सकिने छ)

.......... (प्रस्तावको नाम) ............... को

वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको क्षेत्र निर्धारण प्रतिवेदन .........................................

प्रतिवेदन पेश गरिने निकायको नाम र ठेगानाः

प्रतिवेदन पेश गर्ने निकायको नाम र ठेगानाः

प्रस्तावक

.......... (प्रस्तावकको नाम र ठेगाना)...........

............ (महिना, वर्ष)..............

**प्रस्तावको प्रकृति र त्यससँग सम्बन्धित क्षेत्र हेरी देहायका कुरा स्पष्ट खुलाउनु पर्ने**

**संक्षिप्त रुप (Acronyms/Abbreviations)**

**परिच्छेद-१ : प्रतिवेदन तयार गर्नेको नाम र ठेगाना**

१.१ प्रस्तावकको नाम, ठेगाना, इमेल र फोन नं.

१.२ परामर्शदाताको नाम, ठेगाना, इमेल र फोन नं.

**परिच्छेद-२ : परिचय**

२.१ भूमिका

२.२ प्रस्तावको सामान्य जानकारी



वातावरण संरक्षण नियमावली २०७७

२.३ क्षेत्र निर्धारणको उद्देश्य

२.४ प्रस्तावको सान्दर्भिकता

२.५ कानूनी औचित्यता

**परिच्छेद-३:आयोजनाको बारेमा जानकारी**

३.१ आयोजनाको परिचय

३.२ अवस्थिति र पहुँच

३.३ प्रकृति/किसिम

३.४ प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको सामान्य आर्थिक सामाजिक विवरण

३.५ संरचनाहरुको जानकारी र अवयवहरुः (Salient Features) (प्रष्ट रुपमा स्थलगत अवस्थाको नक्सासँग मेल खाने हिसाबले प्रस्तुत गर्नुपर्ने)

३.६ प्रस्ताव/आयोजना सम्बन्धी क्रियाकलापहरुः (निर्माण पूर्व, निर्माणको चरणमा र सञ्चालन तथा मर्मत सम्भारको चरणमा)

३.७ निर्माण तथा संचालन योजना

३.७.१ जग्गाको क्षेत्रफल, जग्गाको प्रकार र स्वामित्व (तालिकाको रुपमा)

३.७.२ आवश्यक जनशक्ति, निर्माण सामग्री (परिमाण र स्रोत), निर्माण तालिका, प्रयोग हुने ऊर्जाको किसिम (स्रोत, खपत हुने परिमाण), प्रयोग हुने प्रविधि,Associated/Ancillary facilities, प्रस्ताव कार्यान्वयन तालिका

३.७.३ आयोजना कार्यान्वयन तालिका

३.८ अन्य थप विवरण

**परिच्छेद-४ : क्षेत्र निर्धारण प्रतिवेदन तयार गर्दा अवलम्बन गर्नुपर्ने विधि**

४.१ सन्दर्भ सामग्रीको पुनरावलोकन(Literature Review)

४.२ प्रभावित क्षेत्र निर्धारण (Impact Area Delineation)

४.३ सूचना प्रकाशनः क्षेत्र निर्धारण सम्बन्धी सूचना यसैसाथ संलग्न अनुसूची-५ को ढाँचा अनुरुप हुनुपर्दछ ।

४.४ स्थलगत अध्ययन, सरोकारवाला (Stakeholder) हरुसँगछलफल तथा परामर्श

४.४.१ भौतिक तथा रासायनिक वातावरण तथ्याङ्क संकलन र विश्लेषण विधिःwalkthrough /direct observation, water, air noise, soil sampling and analysis , public consultations and relevant methods, sediment simulation models

वातावरण संरक्षण नियमावली, २०७७

४.४.२ जैविक वातावरण तथ्याङ्क संकलन र विश्लेषण विधिःReconnaissance survey, walkthrough/direct observation, transect survey, sampling method/census, focus group discussion, Key informant interview or other relevant

४.४.३ सामाजिक-आर्थिक वातावरण सम्वन्धी तथ्याङ्क संकलन र विश्लेषण विधिः walk through/direct observation, survey i.e sample/census by using questionnaire , rapid rural appraisal /participatory rural appraisal by using checklist, interview (group interview/open interview/key informant interview) by using interview guide/checklist

४.४.४ परामर्श/सहभागिताःGeneral consultancy/Focus Group Discussions

४.४.५ श्रब्यदृष्य विधि

४.४.६ Case Study

**परिच्छेद-५ : प्रतिवेदन तयार गर्दा विचार गर्नु पर्ने नीति, ऐन, नियम, रणनीति, निर्देशिका, मापदण्ड, सन्धि सम्झौता**

(प्रस्तावको प्रकृति र त्यससँग सम्बन्धित क्षेत्र हेरी पुनरावलोकन गर्नु पर्ने)

| | **प्रतिवेदन तयार गर्दा पुनरावलोकन गरिने दफा/नियम/खण्ड आदि र सम्बन्धित बुँदा** | |
|---|---|---|
| | **बुँदा** | **सम्बन्धित विवरण** |
| संविधान | | |
| नीति | | |
| ऐन | | |
| नियमावली | | |
| निर्देशिका | | |
| मापदण्ड | | |
| सन्धि सम्झौताहरु | | |

**परिच्छेद-६: विद्यमान वातावरणीय अवस्थाः**

प्रस्तावले प्रभाव पार्न सक्ने भौतिक तथारासायनिक, जैविक, सामाजिक-आर्थिकरसांस्कृतिक वस्तुस्थितिको बारेमा आधारभूत जानकारी (न्यूनतम चेकलिष्टमा भएमा तथ्याङ्क आवश्यक पर्ने)



वातावरण संरक्षण नियमावली २०७७

## तालिका

## विभिन्न क्षेत्रहरु र आवश्यक आधारभूत तथ्याङ्क वा विवरणका किसिम

| अवयव (Components) | सूचक (Parameter) | आवश्यक विवरण |
|---|---|---|
| भौतिक तथा रासायनिक वातावरण | | |
| जलवायु/मौसम | वर्षा | |
| | तापक्रम | |
| | सापेक्षिकआद्रता | |
| | वायुकोगति र दिशा | |
| | वायूमण्डलीय चाप | |
| जल तथा जलाधार क्षेत्र | नदी | |
| | ताल | |
| | अन्य जलस्रोत | |
| | जलाधार क्षेत्र | |
| | पानीको वहाव तथा डीस्चार्ज | |
| | बाढी | |
| | हिमतालविष्फोटको अवस्था | |
| | भूमिगत पानीको बहावको अवस्था | |
| भू-गर्भ | चट्टान र माटोको किसिम | |
| | भूगर्भिय बनौट/संरचना | |
| | पहिरो,भू-क्षय | |
| | भुकम्पीय जोखिम | |
| वायुको गुणस्तर र ध्वनिको स्तर | वायुको गुणस्तर | |
| | ध्वनिको अवस्था | |
| पानीको गुणस्तर | सतही पानीको गुणस्तर | |
| | जमिन मुनिको पानीको गुणस्तर | |
| जैविक वातावरण | | |

| अवयव (Components) | सूचक (Parameter) | आवश्यक विवरण |
|---|---|---|
| वनस्पति | जंगलको किसिम<br>जलवायुको आधारमा<br>वनस्पतिको आधारमा | |
| | संरक्षणको अवस्था<br>-वनव्यवस्थापनको अवस्था<br>-वनस्पतिका प्रमुख प्रजातिहरु<br>-Ethnobotany का दृष्टिले महत्वपूर्ण प्रजातिहरु<br>-जलीय वनस्पतिहरु | |
| प्राणी(जनावर) | वन्यजन्तु | |
| | चराहरु | |
| | सरीसृप | |
| | जलचरहरु(प्रजातिहरु, विचरणको अवस्था, वासस्थानको अवस्था) | |
| | वन्यजन्तुको वासस्थानको अवस्था | |
| माछा जलचर | | |
| वनस्पति र प्राणीको प्रजातिको अवस्था | | |
| सामाजिक, आर्थिक तथा सास्कृंतिक | | |
| जनसांख्यिक विवरण | जनसंख्या | |
| | जन्म, मृत्यूको अवस्था | |
| | लैंगिक विवरण | |
| | उमेर समूह | |

वातावरण संरक्षण नियमावली २०७७

| अवयव (Components) | सूचक (Parameter) | आवश्यक विवरण |
|---|---|---|
| | जात | |
| | धर्म | |
| | पेशा | |
| | घरधुरी | |
| | बसाई सराई | |
| शिक्षा | शैक्षिक संस्थाको संख्या र किसिम | |
| | साक्षरता दर | |
| | शैक्षिक स्तर | |
| स्वास्थ्य र सरसफाई | स्वास्थ्य स्थिति | |
| | रोगका प्रकार | |
| | स्वास्थ्य संस्थाहरुको अवस्था | |
| | खानेपानीको अवस्था | |
| | शौचालयको अवस्था | |
| | फोहरमैला व्यवस्थापनको अवस्था | |
| भौतिक/सामुदायिक पूर्वाधार | यातायात पूर्वाधार | |
| | ऊर्जा आपूर्ति | |
| | सञ्चार(टेलिफोन, हुलाक, टेलिभिजन, इन्टरनेट सेवा) | |
| | खानेपानी | |
| | बजार | |
| | सिंचाई प्रणाली | |
| | उद्योग/कलकारखाना | |
| आर्थिक | रोजगारी/पेशा/व्यवसाय | |
| | जग्गाको स्वामित्व | |
| | कृषि उत्पादन | |
| | पशुपालन | |
| | आय आर्जन र खर्च | |
| | अन्य उत्पादन | |

वातावरण संरक्षण नियमावली २०७७

| अवयव (Components) | सूचक (Parameter) | आवश्यक विवरण |
|---|---|---|
| जलउपयोग | कृषि प्रयोजनको लागि जल उपयोग | |
| | उपल्लो र तल्लोतटीय जल उपयोगको अवस्था | |
| संस्कृति | ऐतिहासिक र साँस्कृतिक धरोहरहरु | |
| | साँस्कृतिक महत्वका खुलास्थलहरु | |
| | धार्मिक स्थलहरु | |
| | सांस्कृतिक मान्यता, चालचलन र परम्परा | |
| भाषा | स्थानीय भाषाहरु र बोल्ने समुदाय | |
| | मातृ भाषा बोल्ने समुदाय | |
| चाडवाड र अन्य प्रथाहरु | प्रमुख चाडवाड र समारोहहरु | |
| | अन्तिम संस्कार गर्ने स्थल र प्रचलन | |

**६. क्षेत्र निर्धारणको लागि अध्ययनमा संलग्न विज्ञले पहिचान गरेको र सम्बन्धित सरोकारवालाहरुले तथा ती सवालहरुको औचित्यताको आधारमा प्राथमिकता निर्धारणः**

अध्ययनमा संलग्न विज्ञहरुले पहिचान गरेका तथा सरोकारवालाहरुले उठाएका भौतिक, जैविक, सामाजिक, आर्थिक सांस्कृतिक वातावरणीय सवालहरुको छुट्टा छुट्टैसूची तयार गर्नु पर्नेछ र यसरी छुटयाईएका सूचीबाट औचित्यता र सान्दर्भिकता खुलाई वातावरणीय सवालहरुको प्राथमिकता निर्धारण गरी अन्तिम सूची तयार गर्नु पर्नेछ । यसरी अन्तिम सूची तयार गर्दा सरोकारवालाहरुले उल्लेख गरेका सवालमध्ये कुनै सवाल समावेश नभएमा सो समावेश नहुनुका कारण उल्लेख गर्नु पर्नेछ।

**७. सवालहरुको पहिचानः**

सवालहरुको पहिचान देहाय बमोजिम गर्नपर्नेछ

- सरोकारवालाहरुले पहिचान गरेका सवालहरु
- अध्ययन टोलीले पहिचान गरेका सवालहरु
- प्राथमिकीकरण गरिएका सवालहरु
- प्राथमिकीकरण गरिएका सवालहरुदेहायको तालिका बमोजिम उल्लेख गर्नपर्नेछ

वातावरण संरक्षण नियमावली २०७७

| | सकारात्मक सवालहरु | नकारात्मक सवालहरु |
|---|---|---|
| **निर्माण चरण** | | |
| भौतिक | | |
| रासायनिक | | |
| जैविक | | |
| सामाजिक, आर्थिक | | |
| **संचालनको चरण** | | |
| भौतिक | | |
| रासायनिक | | |
| जैविक | | |
| सामाजिक, आर्थिक | | |
| सांस्कृतिक | | |

वातावरण संरक्षण नियामावली २०७७

**अनुसूची-७**

नियम ५ को उपनियम (१) सँग सम्वन्धित

**संक्षिप्त वातावरणीय अध्ययनको कार्यसूची**

**(आवरण पृष्ठको ढाँचा)**

को ............................ (प्रस्तावको नाम) .................

संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदनको कार्यसूची

प्रतिवेदन पेश गरिने निकायको नाम र ठेगानाः

प्रस्तावक

........... (प्रस्तावकको नाम र ठेगाना) ...................

महिना) ...................., वर्ष ..............(

**१. प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगानाः**

**२. प्रस्तावकोः**

(क) सामान्य परिचय

(ख) प्रस्तावको सान्दर्भिकता

**३. प्रतिवेदन तयार गर्दा विचार गर्नुपर्ने नीति, ऐन, नियम तथा निर्देशिकाहरु**

**४. प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने खास प्रभावः**

(क) सामाजिक आर्थिक

(ख) साँस्कृतिक भौतिक

(ग) रसायनिक

(घ) जैविक

**५. प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभावको रोकथामका कुराहरु**

**६. प्रस्ताव कार्यान्वयन गर्दा अनुगमन गर्नु पर्ने कुराहरु**

**७. अन्यआवश्यक कुराहरु ।**

वातावरण संरक्षण नियमावली २०७७

**अनुसूची-८**

नियम ६ को उपनियम (१) सँग सम्वन्धित

**<u>प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूची</u>**

**(आवरण पृष्ठको ढाँचा)**

को ............................ (प्रस्तावको नाम) .................

प्रारम्भिक वातावरीय प्रतिवेदनको कार्यसूची

..............................

प्रतिवेदन पेश गरिने निकायको नाम र ठेगानाः (यहाँ वन तथा वातावरण मन्त्रालय र प्रस्तावसँग सम्वन्धित विभाग वा निकायको नाम र ठेगाना)

प्रस्तावक

(प्रस्तावकको नाम ............................ र ठेगाना ...............

महिना ......................., वर्ष

**१. प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगानाः**

**२. प्रस्तावको**

(क) सामान्य परिचय

(ख) प्रस्तावको सान्दर्भिकता

**३. प्रतिवेदन तयार गर्दा अपनाउनु पर्ने विधि**

**४. प्रतिवेदन तयार गर्दा विचार गर्नु पर्ने नीति, ऐन, नियम तथा निर्देशिकाहरु**

**५. प्रतिवेदन तयार गर्दा लाग्नेः**

(क) समय

(ख) अनुमानित बजेट

**६. प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने खास प्रभावः**

(क) सामाजिक आर्थिक

(ख) साँस्कृतिक भौतिक

(ग) रसायनिक

(घ) जैविक

**७. प्रस्ताव कार्यान्वयनका विकल्पहरुः**

(क) डिजाइन

(ख) आयोजना स्थल

(ग) प्रविधि र सञ्चालन विधि, समय तालिका, प्रयोग हुने कच्चा पदार्थ

(घ) अन्य कुराहरु



वातावरण संरक्षण नियमावली २०७७

८. प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभावको रोकथामका कुराहरु
९. प्रस्ताव कार्यान्वयन गर्दा अनुगमन गर्नु पर्ने कुराहरु
१०. अन्य आवश्यक कुराहरु ।

वातावरण संरक्षण नियामाबली २०७७

## अनुसूची-९

नियम ६को उपनियम (२) सँग सम्वन्धित

**वातावरणीय प्रभाव मूल्याङ्कनको कार्यसूची**

**(आवरण पृष्ठको ढाँचा)**

को ............................ (प्रस्तावको नाम) ..................

वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको कार्यसूची

..........................................

प्रतिवेदन पेश गरिने निकायको नाम र ठेगानाः

प्रस्तावक

............... (प्रस्तावकको नाम र ठेगाना) ....................

महिना ................, वर्ष .................

### अध्याय १

प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगानाः

भूमिकाः

प्रस्तावकको नामः

पत्राचार गर्ने पूर्ण ठेगानाः

टेलिफोनः फ्याक्सः

इमेलः

परामर्शदाता संस्था वा व्यक्तिः

संस्था वा व्यक्तिको नामः

पत्राचार गर्ने पूर्ण ठेगानाः

टेलिफोनः फ्याक्सः

इमेलः

ToR को उद्देश्यः

EIA को उद्देश्यः

EIA को औचित्यताः

### अध्याय २

### प्रस्तावको बारेमा जानकारी

२.१ प्रस्तावको सामान्य परिचयः

२.२ प्रस्तावको सान्दर्भिकताः (यसमा प्रस्तावको उद्देश्य, आवश्यकता र औचित्यता खुलाउनु पर्नेछ।)



वातावरण संरक्षण नियामाबली २०७७

२.३ स्थान/अवस्थिति र पहुँच

२.४ प्रकृति/किसिम

२.५ संरचनाहरुको जानकारी र अवयवहरु (Components/Salient Features) प्रष्ट रुपमा स्थलगत अवस्थाको नक्साङ्कनसँग मेल खाने हिसाबले प्रस्तुत गर्नुपर्ने।)

२.६ प्रस्ताव/आयोजना सम्वन्धी क्रियाकलापहरूः (निर्माण पूर्व, निर्माणको चरणमा र सञ्चालन तथा मर्मत सम्भारको चरणमा)

२.७ निर्माण योजना

२.७.१ आवश्यक जग्गाको क्षेत्रफलः

२.७.२ जग्गाको प्रकाः निजी/सरकारी/वन क्षेत्र आदि

२.८ प्रस्ताव/आयोजनाको लागि आवश्यकताः

२.८.१ आवश्यक जनशक्ति

२.८.२ निर्माण सामग्री, परिमाण र स्रोत

२.८.३ निर्माण तालिका,

२.८.४ प्रयोग हुने ऊर्जा किसिम, स्रोत, खपत हुने परिमाण,

२.८.५ प्रयोग हुने प्रविधि Associated/ancillary facility, प्रस्ताव कार्यान्वयन तालिका,

२.८.६ अन्य थप विवरण

## अध्याय ३

३.१ प्रतिवेदन तयार गर्दा आवश्यक पर्ने तथ्याङ्कः

३.१.१ भौतिक तथा रासायनिक वातावरणः

३.१.२ जैविक वातावरण

३.१.३ सामाजिक, आर्थिक तथा साँस्कृतिक वातावरण

३.२ तथ्याङ्क संकलन गर्न अपनाइने विधिः

३.२.१ सन्दर्भ सामग्रीहरुको पुनरावलोकनः

३.२.१.१ भू वनोट, भौगोलिक स्थिति, भू उपयोग, भू क्षमता र अध्ययनसँग सम्वन्धित नक्शाहरु,

३.२.१.२ सम्भव भएसम्म प्रस्ताव कार्यान्वयन स्थल तथा त्यस वरिपिरका क्षेत्रहरुको हवाई फोटोहरु,

३.२.१.३ प्रस्ताव कार्यान्वयन स्थलका वनस्पति तथा जीवजन्तुको तथ्याङ्क,

३.२.१.४ भौगर्भिक तथा जोखिम मूल्याङ्कन तथ्याङ्क (प्राप्त गर्न सकिने भएमा),

३.२.१.५ उपलब्ध हुन सक्ने भएमा आयोजना सञ्चालन गर्नु अघि र पछिका हावा र पानीको गुणस्तर तथा ध्वनीको स्तर सम्वन्धी जानकारी,

वातावरण संरक्षण नियमावली २०७७

३.२.१.६ वातावरण प्रभाव मूल्याङ्कनसँग सान्दर्भिक म्याट्रिक्स वा क्रमबद्ध रेखा चित्र,

३.२.१.७ अध्ययन प्रतिवेदन तयार गर्दा प्रयोग गरिएका लिखित सामग्रीहरुको सन्दर्भ सूची ।

३.२.२ स्थलगत अध्ययनः (यस अन्तर्गत भौतिक वातावरण, जैविक वातावरण र सामाजिक, आर्थिक, साँस्कृतिक, वातावरणीय अध्ययनका लागि प्रयोग गरिने विधिहरु स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।)

३.२.२.१ भौतिक वातावरणमा अपनाउनु पर्ने वधिः

३.२.२.१.१ Walkthrough/Direct Observation

३.२.२.१.२ हावा, पानी र माटोको नमूना संकलन

३.२.२.१.३ ध्वनीको तह मापन

३.२.२.२ जैविक वातावरणमा अपनाउनुपर्ने विधिः

३.२.२.२.१ Walkthrough/Direct Observation, Indirect Sign Survey, Camera Trap

३.२.२.२.२ Sampling

३.२.२.२.३ Transect Walk, Point Count

३.२.२.२.४ Key Informant Interview

३.२.२.३ सामाजिक, आर्थिक, साँस्कृतिक वातावरणमा अपनाउनु पर्ने विधिः

३.२.२.३.१ Walkthrough/Direct Observation

३.२.२.३.२ सरोकारवालासँग छलफल

३.२.२.३.३ Focus Group Discussion

३.२.२.३.४ Key Informant Interview

३.२.२.३.५ Group Discussion

## अध्याय ४

## प्रतिवेदन तयार गर्दा अध्ययन गरिने नीति, ऐन, नियम तथा निर्देशिका

४.१ प्रतिवेदन तयार गर्दा पुनरावलोकन गर्नुपर्ने नीति, ऐन, नियम र निर्देशिकाहरुः

४.१.१ नेपालको संविधान

४.१.२ प्रस्तावसँग सम्वन्धित नीति, रणनीतिहरु

४.१.३ प्रस्तावसँग सम्वन्धित आवधिक योजनाहरु

४.१.४ प्रस्तावसँग सम्वन्धित ऐनहरु

४.१.५ प्रस्तावसँग सम्वन्धित नियमावलीहरु

४.१.६ प्रस्तावसँग सम्वन्धित निर्देशिकाहरु

४.१.७ प्रस्तावसँग सम्वन्धित वातावरणीय तथा अन्य मापदण्डहरु

नागरिक संरक्षण नियमावली २०७७

४.१.८ प्रस्तावसँग सम्वन्धित अन्तर्राष्ट्रिय सन्धी, सम्झौताहरु

## अध्याय ५

५.१ प्रतिवेदन तयार गर्दा लाग्नेः

५.१.१ समय

५.१.२ अनुमानित बजेट

५.१.३ विज्ञ जनशक्तिः अध्ययन दलका सम्पूर्ण सदस्यहरुको नाम, ठेगाना, सम्पर्क नं. तथा दस्तखत ।

## अध्याय ६

६.१ क्षेत्र निर्धारण प्रतिवेदनमा पहिचान गरी प्राथमिकीकरण गरिएका सवालहरुको सूची राख्नुपर्नेः

६.१.१ सरोकारवालाहरुले उठाएका सवालहरु

६.१.२ अध्ययन दलले देखेका सवालहरु

६.१.३ वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार पार्न प्राथमिकीकरण गरिएका सवालहरु

६.१.४ सरोकारवालाहरुले उठाएका तर प्राथमिकीकरणमा नपरेका सवालहरु हटाउनुको औचित्य

## अध्याय ७

७.१ अध्याय ६ मा उल्लेखित सवालहरुको आधारमा प्रभाव पहिचान, आँकलन, तह निर्धारण र उल्लेखनीयताको मूल्याङ्कन गर्ने विधि तथा औजारहरुको ब्याख्या गर्नु पर्नेछ ।

७.२ प्रभाव पहिचान, आँकलन, तह निर्धारण र उल्लेखनीयताको मूल्याङ्कन गर्ने क्रममा देहायको तालिका बमोजिम गर्नु पर्नेछः

| सकारात्मक प्रभावहरु | |
|---|---|
| निर्माणपूर्वको चरण | |
| भौतिक | |
| रासायनिक | |
| जैविक | |

| | |
|---|---|
| सामाजिक, आर्थिक | |
| साँस्कृतिक | |
| निर्माण चरण | |
| भौतिक | |
| रासायनिक | |
| जैविक | |
| आर्थिक, सामाजिक | |
| साँस्कृतिक | |
| संचालन चरण | |
| भौतिक | |
| रासायनिक | |
| जैविक | |
| आर्थिक, सामाजिक | |
| साँस्कृतिक | |
| नकारात्मक प्रभावहरु | |
| भौतिक | |
| रासायनिक | |
| जैविक | |
| आर्थिक, सामाजिक | |

वातावरण संरक्षण नियमावली २०७७

| | |
|---|---|
| साँस्कृतिक | |
| निर्माण चरण | |
| भौतिक | |
| रासायनिक | |
| जैविक | |
| आर्थिक, सामाजिक | |
| साँस्कृतिक | |
| संचालन चरण | |
| भौतिक | |
| रासायनिक | |
| जैविक | |
| आर्थिक, सामाजिक | |
| साँस्कृतिक | |

वातावरण संरक्षण नियामावली २०७७

**अध्याय ८**

८.१ प्रस्ताव कार्यान्वय विकल्पहरुः आयोजना नवन्दाको स्थिति, आयोजनाको प्रकार, वनक्षेत्रको प्रयोग, आयोजनाको डिजाइन, स्थल, प्रविधि र संचालन विधि, समय तालिका, प्रयोग गरिने कच्चा पदार्थ, प्रस्ताव कार्यान्वयन गर्दा उत्पन्न हुने जोखिम स्वीकार गर्न सकिने वा नसकिने लगायतका पक्षहरुलाई मनन गरी प्रस्तावको विकल्प विश्लेषण गर्नु पर्नेछ ।

**अध्याय ९**

९.१ प्रस्ताव कार्यान्वयनबाट वातावरणमा पर्ने सकारात्मक प्रभाव बढाउने, नकारात्मक प्रभाव हटाउने उपायहरुः नकारात्मक प्रभाव हटाउने उपायहरु अवलम्बन गर्दा देहायका तरिकाहरु अपनाउनु पर्नेछ भनी उल्लेख गर्नु पर्नेछः

९.१.१ नरोधात्मक (Preventive)

९.१.२ सुधारात्मक (Corrective)

९.१.३ क्षतिपूर्ति (Compensatory)

## अध्याय १०

१०.१ वातावरणीय व्यवस्थापन योजना

## अध्याय ११

११.१ वातावरणीय अनुगमनको योजनाः

## अध्याय १२

१२ वातावरणीय परीक्षणः यस अन्तर्गत वातावरणीय परीक्षण कहिले र कुन निकायले गर्ने भन्ने व्यहोरा उल्लेख गर्नु पर्नेछ ।

## अध्याय १३

१३. अनुसुचीहरुः कार्यसूचीको अनुसुचीमा विषयवस्तुहरु देहाय बमोजिम हुनु पर्नेछः

- नक्साहरु
- चित्रहरु
- प्रयोग गरिने चेकलिष्टहरु
- प्रश्नावलीहरु
- सूचना
- सूचना टाँस गरेको प्रमाण, मुचुल्काहरु

## अध्याय १४

१४.१ वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको रुपरेखा/विषयसूचीः अनुसूची १२ को ढाँचा अनुसारको विषय सूचीहरु समावेश गर्नु पर्नेछ ।

वातावरण संरक्षण नियमावली २०७७

## अनुसूची-१०

नियम ७ को उपनियम (१) सँग सम्वन्धित

**<u>संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार पार्ने विज्ञहरू</u>**

१. व्यस्थापन, वन विज्ञान, जीव विज्ञान, वनस्पति विज्ञान, रसायन विज्ञान, दिगो विकास व्यवस्थापन वा प्रस्तावसंग सम्बन्धित प्रमुख विषयमा न्यूनतम स्नातकोत्तर उपाधि हासिल गरी कम्तिमा ३ वटा वातावरणीय अध्ययन प्रतिवेदन तयारीमा संलग्न भएको वा यी विषयमा स्नातकोत्तर उपाधि प्राप्त गर्दा वातावरणीय अध्ययनमा शोधपत्र तयार गरेको वा ऐच्छिक विषयमा वातावरणीय प्रभाव अध्ययन विषय उत्तीर्ण भएको व्यक्ति अध्ययन दलको सदस्य ।

२. सिभिल, आर्किटेक्ट, मेकानिकल, केमिकल इञ्जिनियरिङ्ग, हाइड्रोलोजी, भू-गर्भ शास्त्र, भू-विज्ञान, भौतिक शास्त्र, रसायन शास्त्र विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको व्यक्ति- अध्ययन दलको सदस्य ।

३. प्राणी शास्त्र, वनस्पति शास्त्रमा स्नातकोत्तर उपाधि हासिल गरेको व्यक्ति- अध्ययन दलको सदस्य ।

४. समाज शास्त्र/मानव शास्त्र/अर्थशास्त्रमा स्नातकोत्तर उपाधि हासिल गरेको व्यक्ति - अध्ययन दलको सदस्य

५. वन जैविक विविधता क्षेत्र प्रभावित हुने गरी कार्यान्वन गर्ने प्रस्तावको हकमा वन विज्ञान वा प्राकृतिक स्रोत व्यवस्थापनमा स्नातकोत्तर उपाधि हासिल गरेको व्यक्ति अनिवार्य रुपमा अध्ययन दलको सदस्य रहनुपर्ने । ।

६. वातावरण कानूनमा स्नातकोत्तर उपाधि हासिल गरेको व्यक्ति- अध्ययन दलको सदस्य

७. प्रयोगशालामा वैज्ञानिक परीक्षण गरी तथ्यांक विश्लेषण गरी प्रतिवेदन तयारी गर्नु पर्ने प्रस्तावको हकमा यस्तो परीक्षण गर्ने स्नातक उपाधि प्राप्त गरी कम्तीमा ३ (तीनवर्ष) को कार्य अनुभव भएको व्यक्ति- अध्ययन दलको सदस्य

८. खण्ड (ख) देखि खण्ड (च) सम्मको उल्लेखित शैक्षिक उपाधि नभएको तर स्नातक उपाधि हासिल गरी वातावरणीय अध्ययन प्रतिवेदन तयारी कार्यमा कम्तिमा ५ (पाँच) वर्षको कार्य अनुभव भएको व्यक्ति- अध्ययन दलको सदस्य

९. भाषा विज्ञ- अध्ययन दलको परामर्श दाताको रूपमा रहनु पर्ने ।

स्पष्टिकरणः- माथि उल्लेखित विज्ञहरु मध्येबाट संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदनको हकमा सम्बन्धित विषयविज्ञ समेत रहेको कम्तिमा २ सदस्यीय र प्रारम्भिक वातावरणीय

परीक्षणको हकमा भौतिक वातावरणविद, जैविक वातावरणविद तथा सामाजिक/आर्थिक वातावरणविद रहेको कम्तिमा ३ सदस्यीय परामर्शदाताहरु प्रतिवेदन तयार गर्न संलग्न हुनु पर्नेछ । त्यस्तै प्रस्तावको विशिष्टितताको आधारमा सोही विषयमा कम्तीमा स्नातकोत्तर प्राप्त गरी कम्तीमा ३ (तीन) वर्षको कार्य अनुभव भएको विज्ञलाई समेत अध्ययन दलमा समावेश गर्न सकिनेछ ।

वातावरण संरक्षण नियामावली २०७७

# अनुसूची-११

नियम ८ को उपनियम (१) सँग सम्वन्धित

**संक्षिप्त वातावरणीय परीक्षणसम्बन्धी प्रतिवेदन तयार गर्दा खुलाउनु पर्ने कुराहरू**

१. प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगानाः

२. प्रस्तावको सारांशः

३. प्रतिवेदनमा रहनु पर्ने विषयहरूः

(क) प्रस्तावको उद्देश्य,

(ख) प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको विस्तृत विवरणः

(ग) प्रस्ताव तयारीमा तथ्यांक संकलन र विश्लेषणको विधि

(घ) प्रस्ताव कार्यान्वयनबाट वातावरणमा पर्ने अनुकूल प्रभाव,

(ङ) प्रस्ताव कार्यान्वयनबाट वातावरणमा पर्ने प्रतिकूल प्रभाव,

(च) अन्य आवश्यक कुराहरू ।

(ज) वातावरणीय व्यवस्थापन योजनाको खाकाः यस्तो योजना खाका देहाय वमोजिम रहनेछः

| विषयगत क्षेत्र | सकारात्मक प्रभावको बढोत्तरीका कृयाकलापहरु | के के गर्ने | कसरी गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित जनशक्ति, बजेट, समय | अनुगमन तथा मूल्याङ्कन |
|---|---|---|---|---|---|---|---|
| भौतिक क्षेत्र | | | | | | | |
| जैविक क्षेत्र | | | | | | | |
| सामाजिक क्षेत्र | | | | | | | |
| साँस्कृतिक क्षेत्र | | | | | | | |



वातावरण संरक्षण नियमावली २०७७

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| अन्य | | | | | | | |
| विषयगत क्षेत्र | नकारात्मक प्रभावको न्यूनीकरणका कृयाकलापहरु | के के गर्ने | कसरी गर्ने | कहिले गर्ने | कस्ले गर्ने | अनुमानित जनशक्ति, बजेट, समय | अनुमगन तथा मूल्याङ्कन |
| भौतिक क्षेत्र | | | | | | | |
| जैविक क्षेत्र | | | | | | | |
| सामाजिक क्षेत्र | | | | | | | |
| साँस्कृतिक क्षेत्र | | | | | | | |
| अन्य | | | | | | | |

यस्तो वातावरणीय व्यवस्थापन योजनाको प्रस्ताव आयोजनाको निर्माण तथा सञ्चालन चरणका लागि अलग अलग रुपमा उल्लेख गर्नु पर्नेछ ।

(झ) सन्दर्भ सामाग्रीहरु

द्रष्टव्यः- प्रतिवेदन तयार गर्दा आवश्यकतानुसार तथ्यांक, नक्सा, चित्र, तालीका, चार्ट, ग्राफ आदि संलग्न गर्नु पर्ने छ ।

वातावरण संरक्षण नियमावली २०७७

# अनुसूची-१२

नियम ८ को उपनियम (१) सँग सम्वन्धित

**प्रारम्भिक वातावरणीय परीक्षणसम्बन्धी प्रतिवेदन तयार गर्दा खुलाउनु पर्ने कुराहरू**

१. प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगानाः

२. प्रस्तावको सारांशः (प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभावका सम्बन्धमा देहायका कुराहरू संक्षेपमा उल्लेख गर्ने)

(क) प्रस्तावको उद्देश्य,

(ख) भू-उपयोगमा पर्ने असर,

(ग) वातावरणमा पर्ने प्रतिकूल प्रभाव, मानव जीवनमा पर्ने असर, जनसंख्याको चाप,

(घ) स्थानीय चीज वस्तुमा हुने क्षति,

(ङ) अन्य आवश्यक कुराहरू ।

३. प्रस्तावको सम्बन्धमा देहायका कुरा स्पष्ट खुलाउनु पर्नेः

(क) प्रस्तावको किसिम

(१) प्रशोधन गर्ने

(२) उत्पादन गर्ने

(३) जडान गर्ने

(४) सर्भिस डेलिभरी

(५) अन्य

(ख) डेलिभरी गर्ने भए के कस्तो वस्तु डेलिभरी गर्ने

(ग) प्रस्तावकोः

(१) जडान क्षमता

(२) प्रतिदिन वा वर्ष कति घण्टा सञ्चालन हुने

(घ) प्रयोग गरिने सामाग्री (परिमाण र वर्ष उल्लेख गर्ने)

(ङ) प्रस्ताव कार्यान्वयन हुँदा निष्कासन हुने (कति समय सञ्चालन हुँदा कति परिमाणमानिष्कासन हुने हो) खुलाउनु पर्ने ।

(१) ठोस

(२) तरल

(३) हावा

(४) ग्यास

(५) ध्वनि

(६) धूलो

वातावरण संरक्षण नियमावली २०७७

(७) अन्य

(च) प्रयोग हुने ऊर्जाको

(१) किसिम

(२) स्रोत

(३) खपत हुने परिमाण (प्रतिघण्टा, दिन र वर्षमा)

(छ) जनशक्तिको आवश्यकता कति पर्ने

(ज) प्रस्ताव कार्यान्वयन गर्न आवश्यक पर्ने

(१) कुल पूँजी

(२) चालु पूँजी

(३) जमिनको क्षेत्रफल

(४) भवन र तिनका किसिम

(५) मेसिनरी औजार

(६) अन्य

(झ) प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको विस्तृत विवरणः

(१) नक्सा

(२) सो क्षेत्र र वरिपरिको जनसंख्या र बसोबासको स्थिति

(३) प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको आसपासमा कुनै संवेदनशील चिज वा वस्तु रहेको भएत्यस्ता चिजवस्तुको विवरण

(४) हालको स्थिति

(५) पानीको स्रोत

(६) फोहरमैला फ्याँक्ने वा प्रशोधन गर्ने व्यवस्था

(७) प्रस्ताव कार्यान्वयन हुने ठाउँमा आवात जावत गर्ने बाटो

(ञ) उत्पादन प्रक्रिया

(ट) प्रविधिको विवरण

(ठ) अन्य आवश्यक कुराहरू

४. प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभावहरूः

(क) सामाजिक, आर्थिक र साँस्कृतिक क्षेत्रमा पर्ने प्रभाव

(१) मानव स्वास्थ्यमा पर्ने प्रभाव

(२) खेती योग्य जमिनको क्षय

(३) वन जंगलको क्षय

(४) सामाजिक, साँस्कृतिक र धार्मिक मूल्य मान्यतामा हुने परिवर्तन

वातावरण संरक्षण नियमावली २०७७

(५) अन्य

(ख) जैविक प्रभावहरू

(१) जनसंख्या

(२) वनस्पति तथा जीवजन्तु

(३) प्राकृतिक वासस्थान र समुदाय

(ग) भौतिक प्रभावहरू

(१) जमिन

(२) वायुमण्डल

(३) पानी

(४) ध्वनि

(५) मानव निर्मित वस्तुहरू

(६) अन्य

५. प्रभाव कार्यान्वयनका विकल्पहरूः

(१) डिजाइन

(२) आयोजना स्थल

(३) प्रक्रिया, समय-तालिका

(४) प्रयोग हुने कच्चा पदार्थ

(५) अन्य कुराहरू

६. वातावरणीय व्यवस्थापन योजनाको खाकाः यस्तो योजना खाका देहाय वमोजिम रहनेछः

| विषयगत क्षेत्र | सकारात्मक प्रभावको बढोत्तरीका कृयाकलापहरु | के के गर्ने | कसरी गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित जनशक्ति, बजेट, समय | अनुगमन तथा मूल्याङ्कन |
|---|---|---|---|---|---|---|---|
| भौतिक क्षेत्र | | | | | | | |
| जैविक क्षेत्र | | | | | | | |
| सामाजिक | | | | | | | |



वातावरण संरक्षण नियामाबली २०७७

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्षेत्र | | | | | | | |
| साँस्कृतिक क्षेत्र | | | | | | | |
| अन्य | | | | | | | |
| विषयगत क्षेत्र | नकारात्मक प्रभावको न्यूनीकरणका कृयाकलापहरु | के के गर्ने | कसरी गर्ने | कहिले गर्ने | कस्ले गर्ने | अनुमानित जनशक्ति, बजेट, समय | अनुमगन तथा मूल्याङ्कन |
| भौतिक क्षेत्र | | | | | | | |
| जैविक क्षेत्र | | | | | | | |
| सामाजिक क्षेत्र | | | | | | | |
| साँस्कृतिक क्षेत्र | | | | | | | |
| अन्य | | | | | | | |

यस्तो वातावरणीय व्यवस्थापन योजनाको प्रस्ताव आयोजनाको निर्माण तथा सञ्चालन चरणका लागि अलग अलग रुपमा उल्लेख गर्नु पर्नेछ ।

७. अन्य आवश्यक कुराहरू

द्रष्टव्यः- प्रतिवेदन तयार गर्दा आवश्यकतानुसार तथ्यांक, नक्सा, चित्र, तालिका, चार्ट, ग्राफ आदि संलग्न गर्नु पर्ने छ ।

वातावरण संरक्षण नियामावली २०७७

## अनुसूची-१३

नियम ८ को उपनियम (१) सँग सम्वन्धित

